# परिच्छेद एक
## शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'दोलखा जिल्लाको कविताको अध्ययन' रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत त्रि.वि.वि. केन्द्रीय क्याम्पस कीर्तिपुर, नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौंपत्रको परिपूर्ति गर्नु रहेको छ ।

### १.३ विषय परिचय

दोलखा जिल्ला उत्तरमा चीन, पूर्वमा सोलुखुम्बु र रामेछाप, पश्चिममा सिन्धुपाल्चोक तथा काभ्रेपलाञ्चोक र दक्षिणमा रामेछाप जिल्लाले घेरिएको पाइन्छ । यो जनकपुर अञ्चलको ६ जिल्लामध्ये एउटा पहाडी जिल्ला हो । यसको क्षेत्रफल २,१९१ वर्ग किलोमिटर छ । दोलखा जिल्ला २७°२८ देखि २८° उत्तरी अक्षांश र ८५°५० देखि ८६°३२ पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्री सतहबाट ७६२ देखि ७१८४ मिटरसम्मको उचाइमा रहेको छ । यो जिल्ला राजधानी काठमाडौंदेखि १०६ किलोमिटर दूरीदेखि सुरु हुन्छ । सो स्थानबाट सदरमुकाम चरिकोट २७ कि.मी. पूर्वमा अवस्थित छ । नेपालको समय निर्धारण गरिने मापदण्डको आधारमा गौरीशङ्कर हिमाल (७१४६ मिटर) यस जिल्लाको प्रमुख हिमाल हो । यस जिल्लाको प्रमुख नदी तामाकोशी हो भने च्छोरोल्पा ताल पनि चर्चित ताल हो । यस जिल्लामा ५१ वटा गाविस र एक मात्र भीमेश्वर नगरपालिका रहेको छ ।

विक्रमको २००० तिरबाट सुरु भएको दोलखाको साहित्यिक इतिहासले आधा शताब्दीको यात्रा पूरा गरिसकेको छ । यस अवधिमा दोलखाको साहित्यमा सम्पादन/अनुवाद समेत गरी ६ दर्जनभन्दा बढी साहित्यिक कृतिहरू प्रकाशित भइसकेका देखिन्छन् भने १ दर्जनभन्दा बढी पत्र-पत्रिकाहरू प्रकाशित भएको पाइन्छ ।

कविता विधा नेपाली साहित्यिक फाँटका झैं दोलखामा पनि झ्यांगिएको देखिन्छ । वि.सं. २०२६ सालदेखि वि.सं. २०६३ सालसम्ममा कविता काव्यको क्षेत्रमा १५ भन्दा बढी कृतिहरू प्रकाशित भएका देखिन्छन् । सुरु-सुरुमा धार्मिक कविताहरूबाट यात्रा सुरु भई सामाजिक यथार्थताको धरातलमा उभिएर लेखियो । विस्तारै समसामयिक विषयवस्तुमा आधारित भई कविता सङ्ग्रहहरू प्रकाशित भएको पाइन्छ ।

२०४६ सालपछि कविताको क्षेत्रमा धेरै परिवर्तन भएको पाइन्छ । राष्ट्रिय जन-आन्दोलनपछि केही समय समसामयिक धारामा कविताहरू लेखिए पनि २०५१-०६३ सम्म प्रगतिवादी धारा नै सशक्त रूपमा अगाडि बढेको देखिन्छ । यस धारामा विष्णु सुवेदीको 'विधवा भाउजूहरूको देश', मधुकृष्ण माधुर्यको मैले खोजेको आकाश धर्ती जस्ता कविता सङ्ग्रहहरू प्रकाशित भएको पाइन्छ ।

यस दशकमा फुटकर कविताहरू पनि थुप्रै पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । खासगरी युवापङ्क्ति कविता लेखनमा लागेको देखिन्छ । प्रगतिशील लेखक सङ्घद्वारा प्रकाशित भित्ते पत्रिका, 'शैलुङ्गको सूर्य' साप्ताहिक, 'कालिञ्चोक सन्देश' साप्ताहिक, 'जनरञ्जन' साप्ताहिक लगायतका साप्ताहिक पत्रिकाहरूमा फुटकर कविताहरू थुप्रै प्रकाशित भइरहेको पाइन्छ । यसरी दोलखाको कविता विधालाई तुलनात्मक रूपमा अगाडि बढाउने काम युवापुस्ताबाट भइरहेको पाइन्छ ।

यहाँ ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, जिरेल, शेर्पा लगायतका प्रमुख जातिका मानिसहरूको प्रमुख बसोबास रहेको छ । उत्तरी भेगमा तामाङ, शेर्पा र थामी जातिको बाहुल्य रहेको भेटिन्छ । जिरी आसपासका क्षेत्रमा जिरेलहरूको बाहुल्य रहेको छ । चरिकोट क्षेत्रमा नेवारहरूको बस्ती बढी छ । नाम्दु, गैरीमुदी, मिर्गे, काटाकुटी क्षेत्रमा तामाङ जातिहरूको बाहुल्य बढी छ ।

यस जिल्लामा मुख्य रूपले हिन्दू र बौद्ध धर्मावलम्बीहरूको बसोबास भएको पाइन्छ । यस जिल्लाको जनसङ्ख्या २,१७,२१८ (२०५८) रहेको छ । मुख्य रूपमा नेपाली भाषा नै संवादको रूपमा रहेको भए तापनि त्यसपछि क्रमशः तामाङ, भोटे, शेर्पा, नेवार, सुनुवार भाषाहरूको प्रयोग हुन्छ । साथै जिरेल, गुरुङ, मगर, माझी जस्ता मातृभाषा पनि यहाँ प्रचलित रहेका छन् ।

वि.सं. २०२० सालपछि मात्र दोलखाको साहित्यिमा उल्लेख्य साहित्यिक कृति र स्रष्टा पाइन्छन् । टीकाराम शर्मा, जगन्नाथ शर्मा त्रिपाठी, सुधा त्रिपाठी, मनबहादुर मुखिया, विनित वेदना, अमरकुमार प्रधान, रमेश खड्का, विष्णु सुवेदी, पुष्करराज बुढाथोकी, साउँतेली, टीकाराम पोखरेल, मोहन चापागाईं, विष्णुहरि नेपाल, हरिभक्त न्यौपाने, मधुकृष्ण श्रेष्ठ 'माधुर्य', त्रिविक्रम पाण्डे, अमृतबहादुर क्षेत्री 'एबीसी', भोजराज न्यौपाने, जीत कार्की, शङ्करलाल श्रेष्ठ, गीता शिवाकोटी, श्रीबाबु कार्की 'उदास', बिर्ख क्रान्ति, चन्द्रबहादुर खड्का, गीतालक्ष्मी शिवाकोटी, राधाकृष्ण चापागाईं, श्यामप्रसाद भट्टराई, दिनेश के.सी. 'रवि', विश्वास भण्डारी, शेरबहादुर भुजेल आदिले दोलखाली साहित्यलाई अगाडि बढाउँदै आएका छन् ।

## १.४ शोध समस्या

नेपाली साहित्यमा 'दोलखा जिल्लाको कविताको अध्ययन' बारे अध्ययन गरिएका प्रस्तुत शोध पत्रका समस्याहरू निम्नलिखित छन् :

१.४.१ दोलखा जिल्लाको साहित्यिक गतिविधि अन्तर्गत कविता विधाको अवस्था के कस्तो रहेको छ ?

१.४.२ दोलखा जिल्लाका कविता विधामा केकस्ता साहित्यिक गतिविधि भएका छन् ?

१.४.३ दोलखा जिल्लाका कविताहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण कसरी गर्ने ?

१.४.४ दोलखा जिल्लाको साहित्यिक गतिविधि अन्तर्गत कविता विधाले जनजीवनमा के-कस्तो असर पारेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

१.५.१ दोलखा जिल्लाको कविताको अवस्था के-कस्तो छ भनी खोजी गर्नु ।

१.५.२ दोलखा जिल्लामा प्रचलित साहित्यिक गतिविधि अन्तर्गत कविता विधाको सङ्कलन गर्नु ।

१.५.३ सङ्कलित कविताको वर्गीकरण र विश्लेषण गर्नु ।

१.५.४ कविता विधाले दोलखाको जनजीवनमा पारेको प्रभावको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

दोलखा जिल्लाको साहित्यिक योगदानका बारेमा केन्द्रीकृत भएर छुट्टै समीक्षा, समालोचना नभए तापनि दोलखाली साहित्यकारहरूका कृतिका विषयमा विभिन्न विद्वान्हरूबाट केही न केही अध्ययन भएको भेटिन्छ । जेजति अध्ययन र टिप्पणी भएका छन् तिनको छोटो समीक्षा प्रस्तुत गरिएका छन् ।

साहित्यकार सुधा त्रिपाठी र रमेश खड्काद्वारा सम्पादित दोलखा दर्पण (२०५१) पुस्तकमा दोलखा जिल्लाको ऐतिहासिक रूपरेखा उल्लेख गर्दै दोलखामा रहेका प्राकृतिक, साँस्कृतिक सम्पदाका साथै जिल्लाको साहित्यिक, सामाजिक, आर्थिक, धार्मिक स्थितिको जानकारी दिइएको छ । पुस्तकमा दोलखाका व्यक्ति, व्यक्तित्व, पत्रकार, कलाकार, पत्रपत्रिकाका विवरण समेत दिइएको छ ।

वि.सं. २०६० सालमा टीकाराम पोखरेलद्धारा लिखित 'दोलखा साहित्यिक रुपरेखा प्रकाशित भएको पाइन्छ । उक्त पुस्तकमा दोलखाको साहित्यिक इतिहास र साहित्यकारहरुद्धारा प्रकाशित गरिएका ग्रन्थहरुको बारेमा खोज अनुसन्धान गरि लेखिएको छ । यस ग्रन्थलाई समालोचना ग्रन्थको रुपमा लिइएको छ । नेपाल एकीकरण अभियानसँगसँगै नेपाली साहित्यको लेखनकार्य आरम्भ भएतापनि दोलखाको भूमिमा सचेत साहित्य लेखन आरम्भ भएको लगभग चार दशक भएको पाइन्छ । दोलखाको साहित्यिक विकासको महत्वपूर्ण विन्दुको रुपमा वि.सं. २०२६ साललाई लिन सान्दर्भिक देखिन्छ ।

वि.सं. २०२६ सालमा भीम माध्यामिक विद्यालयको प्रकाशनमा स्थानीय कालिञ्चोक युवा क्लब र स्थानीय साहित्यकारहरुले ‘आँखा’ पत्रिकाको प्रकाशन सुरु गरेको पाइन्छ । मेघराज कोइरालाको सम्पादनमा प्रकाशित यो पत्रिका दोलखाको प्रतिनिधि साहित्यिक पत्रिका हो । यहाँबाट दोलखाको भूमिमा सचेत साहित्य लेखन आरम्भ हुन्छ । यद्यपि टीकाराम शर्मा, जगन्नाथ शर्मा त्रिपाठी र मनबहादुर मुखिया जस्ता साहित्यकारहरुका वि.सं. २०२६ साल अगाडि नै दार्जिलिङतिरबाट फुटकर एवम् पुस्तकाकार कृतिहरु प्रकाशित भएका देखिन्छन् ।

दोलखा जिल्ला नाम्दु गाविसका चन्द्रबहादुर खड्काले ‘दोलखाका साहित्यिक इतिहास’ शीर्षकमा शोधपत्र तयार पारेका छन् । उक्त शोधपत्रमा दोलखा जिल्लामा भएका साहित्यिक गतिविधिलाई प्रस्ट रुपमा लेखिएको पाइन्छ ।

दोलखाका साहित्यिक इतिहास खोजी गर्दै जाँदा सुब्बा पूर्णनारायण प्रधानद्वारा लिखित वि.सं. १९९४ सालमा प्रकाशित ‘पैसा वा अविद्या’ नामक पुस्तकसम्म पुग्नु पर्दछ । यसलाई अहिलेसम्मको खोज अनुसन्धानमा दोलखाका पहिलो प्रकाशित पुस्तक मान्नु पर्दछ । दोलखाबाट अर्को साहित्यिक पत्रिका ‘चिमाल’ को प्रकाशन शुरु हुन्छ । यस पत्रिकाले पनि दोलखाका कवितको क्षेत्रलाई अगाडि बढाएको पाइन्छ । वि.सं. २०४६ सालको राष्ट्रिय जनआन्दोलनपछि दोलखाको कविता क्षेत्रमा बाढी आएको पाइन्छ । वि.सं. २०४७ सालमा रमेश खड्काको ‘सृजना’ कविता सङ्ग्रह र वि.सं. २०४७ मै विष्णु सुवेदीको ‘ती फूलहरु खै ?’ कविता सङ्ग्रह प्रकाशित भएको छ । वि.सं.२०४८ मा रमेश खड्काद्वारा ‘मुक्ति’ को प्रकाशन सँगसँगै ‘आकुरा’ र २०४९ सालदेखि दोलखाबाट अरुणिमा प्रकाशित हुन्छ जसको कारणले दोलखामा कविता विद्यालाई थप टेवा मिलेको पाइन्छ । त्यसपछि पुष्करराज बुढाथोकीको ‘पुनः आव्हान’ कविता सङ्ग्रह प्रकाशित भएको छ । त्यसपछि २०५६ मा मित्रमणी पोखरेलको ‘फुल्दैछन् फूलहरु र विष्णुहरि नेपालको ‘बाह्र वर्षेउमेर’ कविता सङ्ग्रह प्रकाशित भई दोलखाको कविता विधालाई अझ सशक्त बनाउने काम भएको पाइन्छ ।

भोजराज न्यौपानेको ‘आकाश माथिको देवता (२०५९), कर्मचारी मिलन केन्द्रको ‘कविता मिलन’ (२०६२) र विधवा भाउजूहरुको देश’ (२०६२) ले दोलखाको साहित्यिक विधामा कवितालाई सशक्त रुपमा अगाडि बढाउने प्रेरणा मिलेको छ । ‘विधवा भाउजूहरुको देश’ कविता सङ्ग्रहमा साहित्यकार सुधा त्रिपाठीले कवि भूपि झैं विष्णु सुवेदी पनि आफ्नो वर्तमानको देशको पीडाबाट बढी आक्रान्त देखिन्छन्, भूपिलाई झैं यिनलाई पनि नेपालीको जीवनस्थितिसँग असन्तुष्टी छ भनी भूमिका कविताको प्रभावको झझल्को दिएका छन् साथै प्रगतिवादी फाँटमा उभिन थप मद्दत मिलेको पाइन्छ भनी भूमिकामा प्रशंसा गरेको पाइन्छ ।

टीकाराम पोखरेलले ‘दोलखाको साहित्यिक रुपरेखा’ मा वि.सं. २०२५ सालसम्मको दोलखाको साहित्यलेखनलाई पृष्ठभूमिकाल, वि.सं.२०२६ देखि वि.सं. २०४५ सम्मको

समयलाई विकासकाल, वि.सं. २०४६ सम्मको समयलाई विकासकाल र वि.सं. २०४६ देखि हालसम्मको अवधिलाई उत्कर्षकाल भनी विभाजन गरेको पाइन्छ । दोलखाको विगतका साहित्यिक गतिविधिले कविता विधालाई थप टेवा मिलेको छ ।

## १.७. शोध कार्यको औचित्य

दोलखा जिल्लामा भएका साहित्यिक लेखन एवं गतिविधिले राष्ट्रिय चर्चासम्म पाउन नसकिरहेको स्थिति छ । दोलखाली प्रतिभाहरुलाई राष्ट्रियस्तरमा परिचित गराउनका लागि तिनलाई एक स्थानमा समेट्नु र तिनका रचनाको विश्लेषण गर्नु आवश्यक हुन्छ । यसरी शोधकार्यले सोही आवश्यकताको पूर्ति गर्ने भएकाले यसको औचित्य झल्कन्छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रमा निम्न अनुसारको शोधविधि अपनाइएको छ

१.८.१ शोधकार्यसँग सम्बन्धित सामग्री सङ्कलन गर्दा आवश्यक पुस्तकको अध्ययनका लागि पुस्तकालयीय विधि अपनाइएको छ ।

१.८.२ शोधकार्य क्षेत्रीय कार्यसँग सम्बन्धित भएकाले क्षेत्रीय अनुसन्धान विधिवत स्थलगत अनुसन्धान गरिएको छ । यस क्रममा आवश्यकता अनुसार जानिफकार स्रोतव्यक्ति तथा साहित्यिक प्रतिभाहरूसँग मौखिक अन्तवार्ता लिएर पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.९. शोधकर्ताको सीमाङ्कन

यस शोधपत्रमा दोलखा जिल्लाको समग्र कविता क्षेत्रलाई समेट्न कठीन हुने भएकाले भीमेश्वर नगरपालिकाभित्रका कविका कवितालाई मात्र समेटिएको छ । साथै वि.सं. २०४६ सालदेखि २०६३ सालसम्मका कविता विधाका गतिविधि र प्रयासहरूलाई समेट्ने गरी यस शोधकार्यको समयसीमा पनि निर्धारण गरिएको छ ।

## १.१०. शोधपत्रको रुपरेखा

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : दोलखा जिल्लाका कविता विधाका प्रमुख साहित्यिक प्रतिभाहरु

परिच्छेद तीन : कविताको सैद्धान्तिक अध्ययन

परिच्छेद चार : सङ्कलित सामग्रीको वर्गीकरण

परिच्छेद पाँच : कविता सङ्ग्रहहरुको विश्लेषण

परिच्छेद छ : उपसंहार

# परिच्छेद दुई

## दोलखा जिल्लाका कविता विधाका प्रमुख साहित्यिक प्रतिभाहरू

साहित्यका विविध विधाहरूमध्ये कविता प्राचीन विधा भएको मानिन्छ । पूर्वीय वा पाश्चात्य दुबै साहित्यमा लोकगीत तथा गाथाको क्रमिकतामा कविताको स्वरूप विकसित भएको मानिन्छ । नेपाली साहित्यको इतिहासलाई नियाल्दा नेपालको एकीकरणको समयमा गरिएको शासकको स्तुतिगान तथा वीरताको प्रशंसामा सिर्जित रचना नै कविताको सुरुवात मानिन्छ । यसपछि यस विधाले विभिन्न धारा तथा मोडहरू छिचोल्दै आजको अवस्थामा आईपुगेको छ । नेपाली साहित्यको कविता विधामा वि.सं. १९९१ देखि आधुनिकताले प्रवेश पाएपछि विभिन्न मोडहरू पनि आएका छन् । यस कालका प्रमुख मोडहरू स्वच्छन्दतावादी, प्रयोगवादी, प्रगतिवादी र समसामयिक जस्ता धाराहरू देखिन्छन् । यिनै धारहरूभित्र रहेर स्रष्टाहरूले सिर्जना गरेका छन् । वि.सं. १९६१ सालतिर महाभारतको कोत पर्व र जैमिनी भारतलाई नेपाली भाषामा श्लोकवद्ध गरी तयार गर्ने हरिविक्रम थापाले आफ्नो घरबारे एक श्लोकमार्फत परिचय दिएका छन् । "जिल्लै पूर्व त दोलखा भीमनगर उसदेखि दक्षिण अनि............." (दीक्षित २०३४-३५) । आफ्नो परिचयका क्रममा दोलखाको उल्लेख गरे तापनि उनी दोलखा जिल्लाकै साहित्यकार हुन् भन्ने कुनै आधार नपाइएकाले त्यसपछि लामो समयसम्म दोलखा रचना शुन्य देखिन आउँछ ।

दोलखामा कविता लेखनको सुरुवात धेरै पहिलेदेखि भएको हो तर पुस्तकाकार कृतिको रुपमा भने वि.सं. २०२२ सालमा प्रकाशित 'भीम नारायण' लाई नै पहिलो काव्य कृतिको रुपमा लिनुपर्दछ । त्यसो भए तापनि दार्जीलिङबाट जगन्नाथ शर्मा त्रिपाठी, टिकाराम शर्मा, मनबहादुर मुखियाका फुटकर कविताहरु यस अघि नै प्रकाशित भएका देखिन्छन् । त्यस्तै केही पद्यात्मक शैली भएका 'जिष्णु प्रकाश'जस्ता पुस्तकहरु दोलखाबाटै पनि यसअघि प्रकाशित भएको देखिन्छ । यसपछि वि.सं. २०२६ सालमा प्रकाशित बैकुण्ठ काफ्लेको 'सावित्री शोककाव्य' ले दोलखाको काव्य सिर्जनामा अर्को महत्वपूर्ण स्थान राख्दछ । यसपछि क्रमशः वि.सं. २०३७ मा प्रेमप्रसाद सुवेदीको 'प्रेमदर्पण', वि.सं. २०३९ मा हरिबाबु पोखरेलको 'पुराना कथाका संस्मरण, नयाँ कथाका विश्रान्ती', २०४७ मा रमेश खड्काको 'सिर्जना कविता सङ्ग्रह', विष्णु सुवेदीको 'ती फूलहरु खै', वि.सं. २०४८ मा रमेश खड्काको मुक्ति प्रकाशित भएको पाइन्छ । केही समय थकाई मारेपछि वि.सं. २०५४ सालमा महेश्वर शिवाकोटीको 'श्यामभक्ति तरङ्गिणी', वि.सं. २०५९ मा श्रीबाबु कार्की 'उदास' को 'च्यापिएको मुस्कान', वि.सं. २०५७ मा पुष्करराज बुढाथोकीको 'परेलाको पानी', वि.सं. २०५९ मा हरिभक्त नेउपानेको 'मनमोदक कविता', विष्णुहरि नेपालको 'बाह्रवर्षे उमेरैमा' प्रकाशित भएको पाइन्छ ।

त्यसपछि वि.सं. २०६१ सालमा कर्मचारी मिलन केन्द्रद्वारा प्रकाशित 'कविता मिलन' प्रकाशित भई वि.सं. २०६२ आषाढमा विष्णु सुवेदीको 'विधवा भाउजूहरुको देश' चर्चाको शिखरमा पुगेको  पाइन्छ ।

दोलखामा उक्त समयदेखि हालसम्म कविता रचना गर्ने प्रमुख स्रष्टा अमरबहादुर कार्की, प्रेमप्रसाद सुवेदी, हरिभक्त न्यौपाने, बैकुण्ठ काफ्ले, विष्णुहरि नेपाल, हरिबाबु पोखरेल, अमृतबहादुर क्षेत्री 'एबीसी' विष्णु सुवेदी त्रिविक्रम पाण्डे, केसाङ लामा, चिरञ्जीवी मास्के, रमेश खड्का, मित्रमणि पोखरेल, भोजराज न्यौपाने, पुष्करराज बुढाथोकी 'साउँतेली', श्रीवावु कार्की 'उदास', रमेश दाहाल, गीतालक्ष्मी शिवाकोटी, त्रिलोचन प्रधान 'विहीन', शङ्करलाल श्रेष्ठ, जीत कार्की, बिर्ख क्रान्ति, पुष्करनाथ पोखरेल, गीता शिवाकोटी सुवर्ण सेढाई, श्याम भट्टराई, राधाकृष्ण चापागाईं, दिनेश के.सी. 'रवि', विश्वास भण्डारी, शेरबहादुर भुजेल जस्ता स्रष्टाहरूका कृतिहरू प्रकाशित भएका पाइन्छन् । नेपाली साहित्यको आधुनिककालमा दोलखा उल्लेखित स्रष्टाहरूमध्ये पूर्वार्द्धका धेरैजसो समसामयिक धाराको साहित्य चेतलाई पूर्णरूपमा समावेश गर्न सकेको पाइदैन ।

## २.१ बैदार भीमलाल (वि.सं. १९५०)

वि.सं. १९५० सालमा दोलखा जिल्लाको मालुमा जन्मिएका बैदार भीमलालको वास्तविक नाम भीमलाल पोखरेल भए तापनि आफ्नो जीवनको अन्ततिर वर्णाश्रम प्रवेश गरी कुटीमा जीवन विताएकाले द्वारिकादास साधुका नामले समेत प्रसिद्ध थिए । व्यवहारिक जीवनलाई त्यागेर आध्यात्मिक बाटो रोजेका भीमलालको बाल्मीकि रामायणमा वर्णित विभिन्न पात्र र घटनाका बारेमा मौलिक रूपले वर्णन भएको 'भीमनारायण' नामक कृति समेत रचना गरी वि.सं. २०२२ सालमा प्रकाशित भएको देखिन्छ ।

'भीमनारायण' छन्दोबद्ध रूपमा रचिएको आध्यात्मिक दृष्टिकोणबाट प्रेरित काव्य कृति हो । यो कृति मङ्गलाचरणबाट सुरु भएको देखिन्छ । त्यसपछि बालकाण्ड, भाग्योदय, वाल्मीकिलाई सरस्वती खुलेको जस्ता शीर्षक तथा उपशीर्षकहरू रहेका छन् । त्यसैगरी राजा सगरको इतिहास, दशरथको इतिहास, विभिन्न युद्धहरू हुँदै रामको जन्म, सीताको जन्म, रामको वन जानुपर्ने कारण र विभिन्न युद्धहरू जस्ता विभिन्न स्थान तथा घटनाहरूको सूक्ष्म वर्णन पाइन्छ । यसरी रामायणको विभिन्न पक्षहरूको वर्णन गरिएको भीमनारायण कृतिको अन्त्यमा सज्जनमा निवेदन साथ रचयिताको चिनारी दिएर कृतिलाई टुङ्ग्याइएको देखिन्छ । (पोखरेल २०६० : १४) । भीमनारायणको मौलिक विशेषता भनेको नै वाल्मीकि रामायणमा वर्णित विभिन्न घटनाहरूको सूक्ष्म वर्णन तथा भानुभक्तीय रामायणमा समेत वर्णन नगरिएका कतिपय मौलिक घटनाहरू यसमा समावेश हुनु हो । आधुनिकता र वैज्ञानिक आविष्कारले उल्लेख्य स्थान लिइसकेको तत्कालीन अवस्थामा भौगोलिक रूपले विकटपूर्ण स्थान दोलखामा आध्यात्मिक आदर्शको एकोहोरो वर्णन मात्र नभई साहित्यिक कलात्मकताका दृष्टिले समेत यो कृतिलाई दोलखाली काव्य कृतिका फाँटमा महत्वपूर्ण उपलब्धिका रूपमा लिइने गरेको पाइन्छ ।

## २.२ महेश्वर शिवाकोटी (१९५५)

वि.सं. १९५५ सालमा दोलखाको क्षमावतीको बुमा गाउँमा जन्मेका महेश्वर शिवाकोटीले बाल्यकाल जन्मस्थानमै बिताए । हिन्दु आध्यात्मिक धर्मदर्शनमा विश्वास राख्ने शिवाकोटीले काशीमा गई संस्कृत शिक्षाको अध्ययन गरेको पाइन्छ । पछि उनले मुखिया भएर नेपालका कैलाली, कञ्चनपुर र धनकुटामा समेत सेवा गरेको बुझिन्छ । धारा प्रवाह रूपमा कविता लेखनमा खप्पिस शिवाकोटीका दर्जनौं कृतिहरू अप्रकाशित देखिन्छन् । आध्यात्मिक चिन्तनमा लीन रहने उनले 'पेट परिचय' भन्ने काव्यात्मक कृति (वि.सं. १९९५) तिर पनि लेखेको बुझिएता पनि प्रकाशित भएको पाईंदैन तर उनको उक्त चिन्तनको प्रक्षेपण चाहिं २०५४ सालमा प्रकाशित 'श्यामभक्ति तरङ्गिणी' कृतिमा पनि भएको बुझिन्छ । यी कृति श्री सुष्पा क्षमावती कुटी धर्म संरक्षण समिति, दोलखाद्वारा प्रकाशित भएको पाइन्छ ।

'श्यामभक्ति तरङ्गिणी' छन्दोबद्ध रूपमा प्रस्तुत गरिएको साहित्यिक एक कृति हो । शिवाकोटीहरूकै चिन्तनपूर्ण भक्ति र भगवतीको चरित्र-महिमागान गाइएको यस कृतिमा काव्यात्मक राग रहेको पाइन्छ । इष्टदेवी कालीका चरित्रहरूको व्याख्यामा कृतिमा भूमिका लगायत विभिन्न शीर्षक, उपशीर्षकहरू समावेश गरी कालीको भक्तिगान वर्णित रहेको पाइन्छ । कृतिको लेखन र पृष्ठभूमि पुरानो भएकाले भक्ति विषयक भएको र कालीको भक्तिको मात्र विशेष चर्चा गरिएको भएता पनि भक्ति साहित्यको उत्कृष्ट कृतिका रूपमा यसलाई लिन सकिन्छ । (पोखरेल २०६०/२४) उनले वि.सं. २००२ साल जेठ १२ गते काशीमा मृत्युवरण गरेको बुझिन्छ ।

## २.३ अमरबहादुर कार्की (१९६६)

झुले-२, अमरटोलमा जन्मिएका अमरबहादुर कार्की नेपाली साहित्यका केन्द्रीय प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाका समकालीन मानिन्छन् । कार्कीको स्वाध्ययन मात्र भएकोले काठमाडौं घट्टेकुलोमा रहँदा देवकोटासँग बारम्बार सम्पर्क भइरहने भएकाले उनकै प्रेरणाले कविता रचना गर्न सुरु गरेका र गाउँमा पनि कवि मण्डली बनाएर कविता लेख्न प्रेरणा दिने गरेको कुरा बुझिन्छ । कार्कीको एक मात्र कृति 'आर्त-पुकार' (२०१२) प्रकाशित भएको देखिन्छ ।

कार्कीको प्रस्तुत कृतिलाई एकादशी महात्म्य र हरिकीर्तन विषयक निबन्धहरू भनी कृतिको आवरण पृष्ठमा उल्लेख गरिएको छ । उनको यो निबन्धको कृति भनिएता पनि सिङ्गो कृति पद्यात्मक छ भन्न सकिन्छ । वर्षभरिका विभिन्न एकादशीका शीर्षक राखी सोही शीर्षकको अक्षरबाट श्लोकहरू रचना गरिएका छन् । कृतिको संरचना हेर्दा करीब अढाई पृष्ठ लामो भूमिका छ भने २८ पृष्ठमा रचनाहरू समेटिएका छन् । दोलखाको साहित्यको इतिहासमा धार्मिक विषयमा काव्यात्मक मूल्य भएको र प्रकाशनका दृष्टिले पनि वि.सं. २०१२ सालमा प्रकाशित यस कृतिलाई नै पहिलो काव्यका विधाको कृति

मान्नुपर्ने देखिन आउँछ । यस कृतिका स्रष्टा कार्कीको देहान्त २०१६ साल पौष ९ गते भएको बुझिन्छ ।

२.४ प्रेमप्रसाद सुवेदी (१९८३)

प्रेमप्रसाद सुवेदीको जन्म वि.सं. १९८३ साल मार्ग १६ गते पिता नन्दलाल सुवेदी र माता बालकुमारी सुवेदीको सुपुत्रको रूपमा दोलखा जिल्लाको माटी गाविस वडा नं. ५ (हालको भीमेश्वर नगरपालिका - ९) मथानीमा भएको हो । मध्य कौमुदीको स्वाध्ययन गरेका सुवेदी अध्यात्मवादी चिन्तक हुन् । महाकवि कालिदासलाई मन पराउने सुवेदीले ज्ञान, जीवन र दर्शनसम्बन्धी नीति सन्देशमूलक कृति 'प्रेम दर्पण' लेखेका छन् । वि.सं. २०२४ सालदेखि २०२९ सालसम्म झण्डै पाँचवर्षको अवधि लगाएर मेहनतपूर्वक तयार पारेको यो पुस्तक सुवेदीले आफ्नै प्रकाशनमा वि.सं. २०३० सालमा पुस्तकको रूपमा सर्वसाधारण समक्ष प्रस्तुत गरेका हुन् । दोलखाको इतिहासमा प्रस्तुत पुस्तकको ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण स्थान रहेको छ ।

२.५ हरिभक्त न्यौपाने (१९९१)

दोलखा जिल्लाको भीमेश्वर नगरपालिका रामकोटमा वि.सं. १९९१ सालमा पिता पुण्यप्रसाद र माता तारा न्यौपानेका सुपुत्रका रूपमा हरिभक्त न्यौपानेको जन्म भएको बुझिन्छ । भारतमा नै आफ्नो अध्ययन कार्यलाई पूरा गरेका न्यौपानेले विहार विश्वविद्यालयबाट विद्यावारिधि र हालै डी.लिट. उपाधिसमेत प्राप्त गरिसकेका छन् ।

त्रि-चन्द्र क्याम्पसका प्रमुख समेत भइसकेका न्यौपाने हाल प्राध्यापन पेसामा त्रि.वि.बाट अवकाश प्राप्त व्यक्ति हुन् । अवकाशप्राप्त जीवनलाई पनि उनले विभिन्न शैक्षिक संस्था र आध्यात्मिक तथा सामाजिक संस्थामा सम्बद्ध रहेर सक्रिय बनाइरहेका छन् । आधा दर्जनभन्दा बढी समालोचनात्मक कृति तथा उल्लेख्य निबन्धात्मक कृतिहरू समेत प्रकाशित गरिसकेका न्यौपानेका काव्य कृति 'मनोमोदक (२०५०)' कविता तथा गजल सङ्ग्रह रहेको छ ।

'मनोमोदक' नामक कृति कविता तथा गजलहरूको सङ्ग्रह हो । यो पुस्तक कविले आफू युवा छँदा विद्यालयस्तरमा रहँदादेखि अर्थात वि.सं.२०१२ देखि २०४९ सम्मका अवधिमा रचेका रचनाहरूको सङ्कलन भएको बुझिन्छ । उनीले यस कृतिमा वि.सं. २०५८ को राजदरबारमा घटित दुःखद घटनाको समेत चित्रण गर्न सफल देखिन्छन् । कविले आफ्नो जीवनको लामो यात्राका क्रममा देखे भोगेका घटनाहरूलाई कवितामा उतार्ने काम गरेको पाइन्छ । कविता र गजल दुई भागमा विभाजित यस कृतिमा कविता र गजल दुबै विधाको सैद्धान्तिक पक्ष र ऐतिहासिक विकासक्रम पनि समाविष्ट छ । यस सङ्ग्रहमा सङ्ग्रहित रचनामा प्रमुखतः राष्ट्रप्रति र मानवीय कुण्ठाका साथै प्रेमका विभिन्न सन्दर्भहरू समेत प्रस्तुत गएिको पाइन्छ । न्यौपानेका कविताहरूमा राष्ट्रभक्तिको अगाध

आस्था र विश्वास, प्रकृतिको चित्रण, आध्यात्मिक दृष्टिकोण, जीवनका विसङ्गत पक्षको चित्रण जस्ता विषयवस्तुको प्रचूरता रहेको पाइन्छ ।

## २.६ बैकुण्ठ काफ्ले (२००३)

दोलखा जिल्लाको जफे-१ निवासी पिता विष्णुप्रसाद र माता कमला काफ्लेका सुपुत्रका रूपमा बैकुण्ठ काफ्लेको जन्म वि.सं. २००३ सालमा भएको बुझिन्छ । औपचारिक अध्ययनका क्रममा दश कक्षासम्मको अध्ययन पूरा गरेका काफ्लेले पत्नी वियोगका कारण हृदय पग्लेर कविताको लामो श्रृङ्खला लेखेका र नौलो कहानी (२०२६) नामक काव्यकृतिका रूपमा प्रकाशित गरेको बुझिन्छ । यसको दोस्रो संस्करण परिमार्जित भएर 'सावित्री शोककाव्य' का रूपमा वि.सं. २०४६ सालमा पुनः प्रकाशित भएको देखिन्छ ।

'सावित्री' शोककाव्यमा सामाजिक विषयवस्तु भएको यथार्थपरक घटना रहेको छ । दोलखाबाट यसअघि प्रकाशित सबै काव्यात्मक कृतिहरू धार्मिक विषयवस्तुलाई लिएर लेखिँदै आएकोमा प्रथमपटक सामाजिक विषयवस्तुलाई समेटेर प्रकाशित भएको पाइन्छ । अतः दोलखाली साहित्यमा यस काव्यलाई नै प्रथम काव्यको संज्ञा दिइएको पाइन्छ ( पोखरेल २०६०-६) । काफ्लेले चार महिनाको दुधे बालक र आफूलाई छोडेर मृत्युवरण गरेकी पत्नी वियोगको पीडाले उनीप्रतिको अगाध प्रेमलाई काव्यात्मक उच्चता दिएर यो कृति लेखेका छन् । १९ पृष्ठमा सात उपशीर्षक र ४८ श्लोकमा संरचित भएर यो कृति प्रकाशित भएको देखिन्छ ।

करुणरस प्रधान रहेको यस शोक काव्यमा प्रयोग भएको भाषा अति सरल रहेको पाइन्छ । कवि काफ्ले आफ्नो जागिरे जीवन, रोग, शोक, पीडा, विरह र वेदनालाई सामान्यीकरण गरी काव्यात्मक रूप दिएर प्रकाशित गरेका छन् । यो कृतिले दोलखाली साहित्यमा ऐतिहासिक महत्व हासिल गरेको देखिन्छ ।

## २.७ विष्णुहरि नेपाल(२००८)

विष्णुहरि नेपालको जन्म वि.सं. २००८ साल पौष २४ गते दोलखा जिल्लाको पवटीमा भएको हो । सानै उमेरदेखि प्रतिभाशाली नेपालले नेपाल सरकारको विभिन्न महत्वपूर्ण स्थानका साथै कुटनीतिक निकायहरूमा समेत रहेर काम गरे । स्थानीय त्रिभुवन मा.वि. मेलुङमा अध्ययन गर्दादेखि नै साहित्यतर्फ कलम चलाउन थालेका नेपाल बीचको केही समय साहित्य लेखनबाट अलि टाढा रहेको देखिन्छ । यद्यपि उनका थुप्रै पाण्डुलिपिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । खासगरी सरकारी कामकाजको कार्यव्यस्तता र जापानको राजदूतजस्तो महत्वपूर्ण जिम्मेवारी सम्हाल्नु पर्दा उनको

साहित्य यात्रा केही समय टुटेको देखिन्छ । राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका नेपाल विद्यावारिधिसमेत गरिसकेका छन् ।

स्कुले जीवनदेखि नै कविता कोर्न थालेका नेपालले कविता, कथा, निबन्ध, समालोचना आदि साहित्यका थुप्रै विधामा कलम चलाएका छन् । ३० को दशकमा गोरखापत्रलगायत अन्य थुप्रै पत्रपत्रिकाहरूमा उनका कथा, कविता र लेखहरू प्रकाशित भएका छन् । आफ्ना जीवनका लेख, रचनाहरूलाई सङ्कलन गरेर राखेका नेपाल अहिले क्रमशः तिनलाई प्रकाशन गर्ने काममा लागेका छन् । यसै क्रममा उनको पहिलो पुस्तकको रूपमा 'बाह्र बर्षे उमेरैमा' नामक कविता सङ्ग्रह प्रकाशित छ, जुन उनका बाल्यकालका रचनाहरूको सङ्कलन हो ।

वि.सं. २०५९ सालमा प्रकाशित यो सङ्ग्रहमा सङ्कलित कविताहरू कवि नेपालले आफ्नो बाह्र वर्षको उमेरको सेरोफेरोमा लेखेका हुन् र तिनै कविताहरूलाई सङ्कलन गरी पुस्तकाकार रूपमा प्रकाशन गरेका हुन् । यसमा जम्माजम्मी ३५ वटा कविताहरू सङ्कलित छन् । आफ्नो विद्यालयीय जीवनमा बालसुलभ मस्तिष्कमा उब्जेका तरङ्गहरूको सँगालो नै 'बाह्र वर्षे उमेरमा' हो । यसमा नेपालका १२ वर्षदेखि १८ वर्षसम्मका रचनाहरूको सङ्कलन छ ।

बहुमुखी प्रतिभाका धनी नेपालले आफ्नो साहित्य रचनामा दोलखाका भीरपाखा, डाँडाकाँडा, खोलानालालाई बिर्सेका छैनन् । आफ्नो यथार्थलाई लुकाएका छैनन् । भावनाको गहिराइ र कल्पनाको उडानलाई समात्न कवि सफल छन् । बाल्यकालका यी रचनाहरू कविका उत्कृष्ट प्राप्ति हुन् ।

२.८ हरिबाबु पोखरेल(२०१८)

दोलखा जिल्ला मालु-९ मा पिता चन्द्रप्रसाद र माता सावित्रा पोखरेलका सुपत्रका रूपमा हरिबाबु पोखरेलको जन्म वि.सं. २०१८ साल मंसिर १२ गते भएको बुझिन्छ । त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर तथा शिक्षातर्फ स्नातक पूरा गरेका पोखरेल शिक्षा मन्त्रालय अन्तर्गत विभिन्न जिल्लामा कार्यरत रहँदै आएका छन् ।

रामेछाप, लमजुङ, सिन्धुपाल्चोक र काठमाडौंका विभिन्न जिल्लास्तरीय कविता प्रतियोगितामा विभिन्न पुरस्कार तथा क्षेत्रीय स्तर र अन्तर क्याम्पस प्रतियोगिताहरूमा विभिन्न पुरस्कार प्राप्त गरेको बुझिन्छ भने यसै क्रममा शिक्षा दिवस राष्ट्रिय पुरस्कार पनि प्राप्त गरेका छन् । तत्कालीन रत्नराज्य लक्ष्मी क्याम्पसमा अध्ययनरत रहँदा वि.सं. २०३५ देखि साहित्यलेखन आरम्भ गरेका पोखरेलले वि.सं. २०३९ सालमा 'पुराना कथाका संस्मरण नयाँ कथाका विश्रान्ती' (चम्पू) काव्य प्रकाशित गराएका छन् ।

प्रस्तुत काव्यमा पोखरेलले निम्न वर्गका पात्रहरू खडा गरेर तिनका जीवनका अभाव, पीडा, रोदन, क्रन्दन र बाध्यता जस्ता विविध अवस्थाको चित्रण गरेका छन् । ओखलढुङ्गाका निर्मल अधिकारीको चारपृष्ठ लामो भूमिका रहेको प्रस्तुत काव्यको

विषयवस्तु क, ख, ग, देखि झ सम्मको खण्ड विभाजन गरी ४३ पृष्ठमा संरचित देखिन्छ । गद्य-पद्य मिश्रित यस काव्यमा 'धने' नामको प्रमुख पात्र शोषित भई मुग्लान छिर्न बाध्य भएको सन्दर्भमा अभावग्रस्त जनजीवनको चित्रण गरिएको पाइन्छ । यस काव्यमा गाउँले परिवेशमा घटित भइरहेका घटनाहरुको यथार्थ प्रस्तुति पाइन्छ । धने मुग्लानबाट फर्केर सामन्त र अत्याचारीको मुखभरि जवाफ दिन सक्ने स्थितिमा पुगेको छ र उसले आशावादी दृष्टिकोण लिएर बाँकी जीवन परिवारका साथमा बिताएको छ । ग्रामीण जनजीवनको कटु यथार्थलाई यस काव्यको विषयवस्तु बनाएर पोखरेलले समाजमा रहेको सामन्तवादी सोच, शोषण-दमन र अत्याचारबाट मुक्त समाजको कल्पना प्रस्तुत गरेका छन् ।

पोखरेलको एउटा कविता कृतिमात्रै प्रकाशित भए तापनि सोही कृतिमार्फत प्रगतिशील साहित्य रचनाप्रति उनको रुचि भएको महसुस गर्न सकिन्छ । अतः नेपाली साहित्यको प्रगतिवादी साहित्यकारका रूपमा उनलाई प्रस्तुत कृतिले उभ्याउन सक्ने देखिन आउँछ ।

२.९ मधुकृष्ण श्रेष्ठ 'माधुर्य'(२०२०)

दोलखा जिल्लाको अभयपुरमा पिता श्यामकृष्ण श्रेष्ठ र माता चन्द्रदेवी श्रेष्ठका छोरा मधुकृष्ण श्रेष्ठको जन्म वि.सं. २०२० साल साउन महिनाको २३ गते भएको बुझिन्छ । रुस महासङ्घको मस्कोस्थित मस्को स्टेट युनिभर्सिटि अफ सिभिल इन्जिनियरिङमा महाविद्यावारिधिको लागि अनुसन्धानरत श्रेष्ठले सोही स्थानबाट विद्यावारिधि उपाधि प्राप्त गरिसकेका छन् । श्रेष्ठ-मधुमाधुर्य उपनामबाट दोलखाली साहित्यमा बढी परिचित बनेका छन् । विद्यालयस्तरको अध्ययन जिल्लाको भीम उच्च मा.वि., दोलखामा पूरा गरी पुल्चोक इन्जिनियरिङ कलेजमा स्नातक पूरा गरी उच्च अध्ययनका लागि विदेशिएका श्रेष्ठ विद्यालय अध्ययनको क्रममा फुटकर रचना गर्दथे । अतः विविध क्षेत्रमा संलग्न भएर पनि साहित्यलाई समेत फुटकर रूपमा निरन्तर दिंदै आएका श्रेष्ठले एक कविता कृति "मैले खोजेको आकाश धर्ती" (२०६१) नामक काव्य कृति प्रकाशित गराएका छन् ।

प्रस्तुत कविता कृति नेपाली शिक्षा परिषद्ले प्रकाशित गराएको छ भने साहित्यकार डा. तारानाथ शर्मा, प्रा. डा. अभि सुवेदीको लामो भूमिका तथा कृतिको सटिक विश्लेषण समेत समावेश छ । ३३ वटा कविता ७२ पृष्ठमा समेटिएर प्रकाशित यस कृतिमा स्रष्टा स्वयम्ले सबै कवितामा शीर्षक अनुसारका प्रतीकात्मक चित्रहरू कोरेका छन् ।

कवि श्रेष्ठले प्रायः सबै कविताहरू गद्यमा लेखेका छन् भने एउटा कविताचाहिँ नयाँ प्रयोगका रूपमा 'बचेखुचेका सभ्यताहरू' शीर्षकमा विशुद्ध कविता मात्र नभएर कथा कविताको रूपमा रहेको भेटिन्छ । कविले वर्तमान अवस्थामा देखिएको राजनीतिक विकृति, विसङ्गति, स्वार्थअन्धता, भ्रष्टताप्रति तीव्र आक्रोश पोख्दै अहिंसा, शान्ति र सद्भावनाको

कामना गरेका छन् । अतः कवि श्रेष्ठले आफ्नो कवितामार्फत आफूले देखेको र भोगेको समय र अनुभवको अभिव्यञ्जना गरेको देखिन आउँछ ।

साहित्य जीवनको सूक्ष्म प्रतिविम्ब हो । यसलाई यथार्थको धरातलमा टल्काउँदै जीवनउपयोगी बनाउन सक्नु लेखनकला हो र लेखकको दायित्व पनि हो भन्ने साहित्यिक मान्यता राख्ने कवि श्रेष्ठ 'महेन्द्र विद्या भूषण 'क' श्रेणीको पदक २०५९ बाट विभूषित छन् ।

२.१० विष्णु सुवेदी (२०२६)

दोलखा जिल्ला भीमेश्वर नगरपालिका-३, राम्पामा पिता इन्द्रप्रसाद र माता इन्द्रमाया सुवेदीका सुपुत्र विष्णु सुवेदीको जन्म वि.सं. २०२६ साल असार २७ गते भएको बुझिन्छ । दोलखामा जन्मी-हुर्की प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन गरेका छन् । अध्ययनकै क्रममा कविता रचनामा समेत रुचि लिंदै आएका सुवेदीले दोलखाबाट प्रकाशित आँखा पत्रिकाको वि.सं. २०४७ को पूर्णाङ्क १० मा पहिलो कविता प्रकाशित गरेका छन् । स्थानीय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा श्रृङ्खलाबद्ध कथाहरू समेत प्रकाशित भएको बुझिन्छ ।

कवि सुवेदीको दोस्रो कृति 'विधवा भाउजूहरूको देश (२०६२) प्रकाशित भएको छ । समसामयिक विषयवस्तुलाई समेटेर लेखिएको उक्त सङ्ग्रहले नेपाली साहित्यको इतिहासमा एउटा ईंट थप्ने काम गरेको छ ।

कवि सुवेदीको पहिलो कृति 'ती फूलहरू खै ?' (वि.सं. २०४८) नामक कविता सङ्ग्रह २९ पृष्ठ मा १६ वटा कविता समाविष्ट भई प्रकाशित भएको देखिन्छ । यस कृतिलाई स्वयम् कवि केटौले रहर पूर्ति गर्न मात्र प्रकाशित गरेको बताउँदैछन् ।

उक्त सङ्ग्रहका कविताले तत्कालीन समय बोकेको छ । मर्म र पीडाहरूलाई अनुभव गरेको छ अनि विसङ्गतिपूर्ण समाजका घटनाहरूको भण्डाफोर गरेको देखिन्छ । कविताहरूमा आशावादी सोच, सुधारवादी धारणा, सामाजिक विकृति र विसङ्गतिहरूको विरोध उनको काब्यिक विशेषता हो । कवितामा विविधता रुचाउने उनले यस कृतिको कवितामा पनि बिम्ब र प्रतीकको राम्रो संयोजन पनि गरेका छन् ।

कवि विष्णु सुवेदीको अर्को काव्यकृति 'विधवा भाउजूहरूको देश' (वि.सं.२०६२) प्रकाशित भएको छ । यस कृतिमा कवितामा अघिल्लो कविता सङ्ग्रहको भन्दा अझ परिपक्व सोच, साहित्यिक चेत र भाषिक सरलता पाइन्छ । यस कृतिमा २०५० को दशकको उत्तरार्धदेखि वर्तमान सम्मको मुलुकको त्रासदपूर्ण घटनाहरू विषयवस्तुका रूपमा प्रमुखता पाएको पाइन्छ । ग्रामीण समाजको अभावग्रस्त जीवन, पीडा, समाजको सामन्ती संरचना, ढोंगी प्रवृत्तिका साथै महिला तथा दलितको पीडाहरूको यथार्थपूर्ण चित्रण उनका कविताहरूमा भेटिन्छन् । विसङ्गति, विद्रुपता, पीडा, अशान्ति, हिंसा-हत्या, जातिपाति,

छुवाछुत, अन्याय, अत्याचार, राजनीतिक कुसंस्कार जस्ता विषयलाई कवितामा सुवेदीले समेटेका छन् ।

यस कविता सङ्ग्रहमा साहित्यकार सुधा त्रिपाठीको भूमिकाले पनि सङ्ग्रहको उचाइ बढाएको छ । कविले भूमिका लेखिदिन गरेको आग्रहलाई त्रिपाठीले एउटा भाइले दिदीसँग अंशको दावी गरेको सम्झदै ऐतिहासिक दिन मान्नुले पनि सङ्ग्रह उत्कृष्ट भएको अनुभव हुन्छ ।

उपर्युक्त काव्यात्मक मूल्यगत हेर्दा तथ्यहरू कवि सुवेदी प्रगतिवादी फाँटमा कलम चलाउने कविको रूपमा देखापर्दछन् । उनका फुटकर कविताहरू शैलुङ्गको सूर्य, पौरख, दोलखा टुडे, प्राकृतिक सम्पदा, युवा आवाज, आँकुरामा प्रकाशित भएको पाइन्छ ।

### २.११ केसाङ लामा 'अकेला' (२०२७)

दोलखा जिल्लाको नाम्दु गाविस वडा नं. ३ का बासिन्दा पिता छेटुप लामा र माता धनलक्ष्मी लामाका सुपुत्रका रूपमा वि.सं. २०२७ साल फाल्गुन २७ गते केसाङ लामाको जन्म भएको बुझिन्छ । आर्थिक समस्या तथा सामाजिक शोषणका कारण उनका पिताले पैतृक थलो छोडेको पाइन्छ । कविता, उपन्यास र विविध विषयमा रचना गर्दै आएका लामाको 'मुटुको स्पन्दन-स्पन्दनमा' (२०५०) प्रथम कविता कृति प्रकाशित भएको पाइन्छ । कवि लामाको प्रस्तुत कृतिमा लघु-कविताहरूका साथै मुक्तकहरू पनि समावेश गरिएका छन् । प्रस्तुत सङ्ग्रहमा मेरा पानाभित्रका कथा, वस्तीका पानाभित्रका झोडाका कथाहरू, प्रेमी, पानाभित्र प्रेमका चोइटाहरू र केही मुक्तक उपशीर्षक दिएर अति छोटा छोटा कविता तथा गजलहरू सङ्ग्रहित भएको पाइन्छ । यस कृतिमा रहेका लघु-कविताहरूको प्रस्तुति आकर्षक देखिन्छ भने भाव मन छुने खालका छन् । उनका प्रायः कविताहरूमा प्रेम र विछोडका व्यथाहरू प्रस्तुत गरिएको पाइन्छ ।

### २.१२ रमेश खड्का (२०२८)

दोलखा जिल्लाको सुनखानी -३ मलेपुमा पिता स्वः दानबहादुर खड्का र माता शान्ताकुमारी खड्काका सुपुत्रका रूपमा वि.सं. २०२८ साल असोज १७ गते रमेश खड्काको जन्म भएको बुझिन्छ । समाजशास्त्रमा स्नातकोत्तर सम्मको अध्ययन गरेका खड्का पेसाले पत्रकार हुन् । खोज-अनुसन्धानमा विशेष रुचि राख्ने खड्काले नेपालका लगभग ७२ जिल्लाको भ्रमण गरी ती जिल्लाको बारेमा श्रव्य-दृश्यको माध्यमले तथ्यहरू उतार्दै प्रकाशित समेत गर्दै आइरहेका छन् । सुरुमा कविका रूपमा देखा परेका रमेशले विशेषतः ग्रामीण पत्रकारिता तथा खोज-अनुसन्धानमूलक कार्यलाई बढी प्राथमिकता दिँदै आइरहेको बुझिन्छ । कवि खड्काले 'सृजना' कविता सङ्ग्रह (२०४७) र 'मुक्ति' (२०४८) प्रकाशित गरेको देखिन्छ ।

कवि खड्का प्रथम काव्यकृति सृजना कवितासङ्ग्रह हो । ताप्लेजुङको प्रविन भट्टराइको छोटा दुईपृष्ठको भूमिका समेत रहेको यस सङ्ग्रहमा २१ वटा कविता समेटिएका छन् । कविताहरू २०४६ सालको जनआन्दोलनको सेरोफेरोमा रचिएका भएकाले प्रायः सबै कविताले सोही विषयलाई समातेको देखिन्छ । भर्खरै युवाअवस्थामा प्रवेश गरेको ठिटो उमेरका कवि भएकाले उनका कृतिमा पनि राष्ट्रभक्तिका अलावा युवा जोश, उमङ्ग, क्रान्तिकारी भावना प्रशस्त मात्रामा प्रस्तुत भएको पाइन्छ । कवि खड्काले आफू जेल बस्दाको पीडादायी अवस्था र जेल बाहिर रहँदाका क्षणहरूलाई कृति मार्फत सार्वजनिक गरेका छन् । कृतिको आवरण मै जन-आन्दोलनको क्रम तथा सफलतासँग समर्पित भनी उल्लेख गरिएको छ । यस सङ्ग्रहमा राष्ट्रप्रेमका गीत गाउँदै युवावर्गलाई सृजनात्मक मार्ग रोजेर समयलाई सदुपयोग गर्न कविले आग्रह गरेका छन् ।

कवि खड्काको दोस्रो प्रकाशित काव्यकृति “मुक्ति” हो । २०४६ सालको जनआन्दोलनको प्रतिफलस्वरूप प्राप्त प्रजातन्त्रको पक्षमा रचित यो कविता कृतिको सङ्ग्रह नभई लामो कविताको रूपमा रहेको छ । मोदनाथ प्रश्रितको २ पृष्ठे भूमिका र आवरणको अन्तिम पृष्ठमा युगकवि सिद्धिचरण श्रेष्ठको भूमिकाले पनि कृति र कृतिकारलाई चिनाउने महत्वपूर्ण प्रयास गरेको देखिन आउँछ । कवि खड्काले कृतिमा २००७ सालको प्रजातन्त्र प्राप्तिपछि भएका प्रयास र सफलता अनि ३० वर्षे पञ्चायती शासन प्रणालीले घटाएका छिन्ताङ, पिस्कर, सुखानी जस्ता काण्डहरूलाई विषयवस्तु बनाएका छन् । तत्कालीन शासकले जतिसुकै कठोर दमन गरे पनि २०४६ सालको ऐतिहासिक जनआन्दोलन सफल भएर छोड्यो र जनताले मुक्ति पाए भन्ने तथ्यलाई कविले कृतिमार्फत व्यक्त गरेका छन् । कवि खड्का उकाली ग्रामीण पत्रिकाका सम्पादक हुन् ।

### २.१३ चिरञ्जीवी मास्के (२०२८)

दोलखा जिल्लाको भीमेश्वर नगरपालिका चरिकोटमा पिता चित्रलाल मास्के र माता मिठु मास्केका सुपुत्रका रूपमा २०२८ साल माघ १ गते चिरञ्जीवी मास्केको जन्म भएको बुझिन्छ । कानुनमा स्नातक गरेका मास्के पेसाले पत्रकार हुन् । दोलखामा नै विद्यालयस्तरीय अध्ययन पूरा गरेका मास्केले कानुन विषयको अध्ययन पश्चात् केही समय कानुनी पेसामा रहँदा पत्रकारितातर्फ रुचि लिई यसैलाई पेसाका रूपमा अङ्गालेको बुझिन्छ । मास्के हाल जिल्लामा रहेर ‘नेपाल समाचारपत्र’ राष्ट्रिय दैनिकका स्थानीय सम्बाददाता र दोलखा जिल्लाबाट प्रकाशित भइरहेको ‘शैलुङ्गको सूर्य’ साप्ताहिक पत्रिकाको सम्पादक रहेका छन् । दोलखा जिल्ला भित्रका विभिन्न साहित्यिक गतिविधिहरूमा समेत मास्केको सक्रिय सहभागिता हुने गरेको छ ।

‘मान्छे बद्लेको देखें’ (२०६०) नामक गीत/गजल सङ्ग्रह मास्केको पहिलो प्रकाशित कृति हो । प्रस्तुत कृतिको प्रथम खण्डमा १६ वटा गीतहरू समाविष्ट छन् भने

दोस्रो खण्डमा ३४ वटा गजलहरू राखिएका छन् । यस कृतिमा सङ्ग्रहित गीत गजलहरूमा अधिकजसो माया-प्रेम र मिलन विछोडका आन्तरिक भावहरू पोखिएका पाइन्छन् भने केही गीतहरूमा जीवनका आरोह अवरोहलाई व्यक्त गरिएको पाइन्छ । त्यसै गरी गजलहरूमा मायाप्रेमका सुमधुर क्षणहरूका साथै विछोडका पीडा तथा मर्महरूले विशेष स्थान पाएको देखिन्छ । उक्त गजलहरूमध्ये केहीमा 'तखल्लुस' को सही प्रयोगका साथै गजलका नियमहरूको राम्रो प्रयोग पाइन्छ । मास्केले उक्त कृतिमा समेटेका रचनाहरू विभिन्न समयमा आफ्ना मनमा उब्जेका विविध भावनाहरूलाई श्रृङ्खलाविहीन रूपमा प्रस्तुत गरेको देखिन्छ ।

प्रस्तुत कृति ५० वटा गीत र गजलहरूको सङ्ग्रहको रूपमा प्रकाशित भएको छ । संरचनाका हिसाबले ५० पृष्ठमा समेटिएका सबै रचनाहरू शीर्षकविहीन छन् । रचनाको समयक्रममा क्रमशः राख्ने प्रयास गरिएको भएता पनि कताकति यो क्रम भङ्ग भएको देखिन्छ । सिङ्गो कृतिका भित्री पृष्ठहरू नेपाली भाषामा लेखकको र अङ्ग्रेजी भाषामा कमला क्षेत्री (आचार्य) को अनुवाद गरी दुई भाषा समेटिएको पाइन्छ । साहित्य मानिसको भावनात्मक अभिव्यक्ति हो र यसको माध्यमबाट समाजमा हुने खराब कार्यलाई निरुत्साहित गर्न सकिन्छ भन्ने मास्केको साहित्यिक मान्यता रहेको छ । पत्रकारिता पेसामा रमाउने मास्के दैवी प्रकोप पीडित उद्धार पदक (२०५३), मिडिया प्वाइन्ट पत्रकारिता पुरस्कार (०५४), इन्द्रमान राजभण्डारी पुरस्कार (०५५) जस्ता पुरस्कारबाट सम्मानित भएको बुझिन्छ । हाल मास्के चरिकोटमै बसोबास गर्दै आएका छन् ।

## २.१४ मित्रमणि पोखरेल (२०३०)

दोलखा जिल्लाको मालू गाविस - ५ मा पिता प्रेममणि पोखरेल र माता पञ्च शोभा पोखरेलका सुपुत्र मित्रमणि पोखरेलको जन्म २०३० साल पौष १० गते भएको बुझिन्छ । पोखरेल वाणिज्यशास्त्रमा स्नातक अध्ययन पूरा गरी हाल जनप्रशासन क्याम्पस जमलमा स्नातकोत्तर तहमा अध्ययनरत रहेका छन् । पोखरेल पेसाले एक निजी विद्यालयका शिक्षक हुन् । विद्यालयमा अध्ययनरत रहँदै साहित्य रचनातर्फ रुचि भएको र रचना गर्ने गरे तापनि प्रकाशनको उचित व्यवस्थाको अभाव र सचेत साहित्य रचना नभएका कारणले उनले धेरैपछि मात्र प्रकाशन आरम्भ गरेको बुझिन्छ । कवि पोखरेलको कविता सङ्ग्रह 'फुल्दैछन् फूलहरू' (२०५६) नामक कृति प्रकाशित भएको बुझिन्छ ।

कवि पोखरेलको प्रस्तुत कृति संरचनात्मक हिसाबले ३० पृष्ठको रहेको छ र यसमा २० वटा कविता तथा गीतहरू पनि समावेश गरिएको पाइन्छ । कवि पोखरेलले आफ्नो विभिन्न समयका घटनाहरूलाई विषयवस्तु बनाएर भावको सिंचन गरी कविता रचना गरेका छन् । उनले आफ्ना कविताहरूमा प्रकृति र संस्कृतिका साथै विकृतिको समेत चर्चा गरेका छन् । पोखरेलको गद्यशैली, सरल भाषा र गहन भाव भएका कविताहरू प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित छन् ।

कविले प्रस्तुत सङ्ग्रहमा ग्रामीण परिवेशका साथै शहरिया समाजकोसमेत चित्रण गरेका छन् । उनले गोठालो, बाख्रापालन, जोगी, दुर्व्यसनमा लागेका युवा, आफ्नी बहिनी र भरिया जस्ता विविध सामाजिक परिवेशको चर्चा समेटेका छन् । पोखरेलले यस कृतिमा मानवतावादी दृष्टिकोण, नैतिक, शिक्षामूलक भावका कविताहरू समेटेका छन् । शिक्षक पेसामा संलग्न पोखरेल काठमाडौंको शङ्खमूल स्थित प्यासिफिक एकेडेमीमा अध्यापन गर्दै आएका छन् ।

२.१५ भोजराज न्यौपाने (२०३०)

दोलखा जिल्लाको भीमेश्वर नगरपालिका १०, रामकोटमा पिता नीलकण्ठ न्यौपाने र माता दुर्गादेवी न्यौपानेको सुपुत्रका रूपमा वि.सं. २०३० साल चैत्र ५ गते भोजराज न्यौपानेको जन्म भएको बुझिन्छ । नेपाली विषयमा स्नातक अध्ययन पूरा गरेका न्यौपाने पेसाले पत्रकार हुन् । लामोसमयसम्म पोखरामा बसेर उनले पत्रकारिता गर्नुका साथै आफ्नो साहित्यिक गतिविधिलाई लगातार अगाडि बढाउने काम गरे । पोखरा मै रहँदा सरुभक्तको नेतृत्वमा चलेको 'संरक्षण कविता आन्दोलन' मा समेत सक्रिय भूमिका निर्वाह गरेका न्यौपानेका प्रायः कविता यस्तै प्रकृतिका रहेका छन् । कवि न्यौपानेको पुस्तकाकार कृतिको रूपमा 'आकाशमाथिको देवता' (२०५९) प्रथम प्रकाशित कविता सङ्ग्रह हो । उनको आगामी कृति 'स्याललाई सिंहदरवार' नामक व्यङ्ग्य लेखसङ्ग्रह प्रकाशोन्मुख रहेको बुझिन्छ ।

कवि न्यौपानेको प्रस्तुत कृति ७० पृष्ठमा ३६ वटा कविताहरू समावेश भई प्रकाशित भएको देखिन्छ । प्रायः सबै कविताहरू सहज र सरल भावयुक्त गद्यमय रचना रहेका छन् । कविताहरूमा कविको व्यक्तिगत जीवन भोगाइका साथै विश्वजनीन कथा-व्यथाहरू शब्दमार्फत चित्रित भएका छन् ।

कवि ग्रामीण भेगका ढिँडोको समस्या भएका जनताहरूलाई बिर्सेर जन्मदिनका अवसरमा केक काट्ने र मैनबत्ती बाल्ने फजूल खर्चको हिसाब देखाउँदछन् । यसै गरी उनले पेसागत कर्मचारी पनि सेवा भावनाभन्दा स्वार्थ र लालसापूर्ण भावनाले प्रेरित भएको उल्लेख गरेका छन् । कवि मुलुकमा बढ्दो हत्याहिंसा त्यागी सत्मार्गमा लागेर देश निर्माणमा सहभागी हुन आमा पात्र उभ्याएर सशस्त्र क्रान्तिमा होमिएर जंगल गएकाहरूलाई जङ्गलबाट घर फर्कन सन्देश दिन्छन् । न्यौपानेले कविता रचना समयमा मंगलसेन र साँफेबगरमा बगेको रगत र आँसुको खोलाले हृदय पगालेर कविता बनाएका छन् । यस्तै कविले हिंसा, पीडा, आतङ्क जस्ता त्रासद मनोदशालाई कविले सरल भाषाका माध्यमले कवितामा प्रस्तुत गरेको देखिन्छ ।

साहित्यमा सरलता अनिवार्य हो भनी ठान्ने कवि न्यौपानेले आफ्नो सिर्जना आफ्ना नगरिकहरूलाई बुझाउन सकिएन भने हाम्रो साहित्य अन्तर्राष्ट्रिय स्तरमा पुगोस् भनेर कसरी भन्न सक्छौं ? भन्ने साहित्यिक मान्यता राख्दछन् । वि.सं. २०४४ सालदेखि

लेखन र २०४६ सालदेखि प्रकाशन आरम्भ गरेका कवि न्यौपानेको मौलिक विशेषता भनेको ने साहित्यिक सरलता अर्थात् साहित्य सहरमुखी नभई गाउँमुखी हुनु देखिन आउँदछ । करीब डेढदशकदेखि साहित्यको फाँटमा कलम चलाएका कवि तथा पत्रकार न्यौपानेले २०५५ सालमा स्व. इन्द्रमणि पत्रकारिता पुरस्कार पनि प्राप्त गरेका छन् । पेसाले पत्रकार भएतापनि व्यापार व्यवसायमा समेत प्रत्यक्ष संलग्न न्यौपाने हाल अस्थाई रूपमा काठमाडौं जिल्ला -३५ जडिबुटीमा सपरिवार बसोबास गर्दै आइरहेका छन् ।

२.१६ पुष्करराज बुढाथोकी (२०३३)

पुष्करराज बुढाथोकी दोलखाका पछिल्लो समयका प्रखर कवि प्रतिभा हुन् । वि.सं. २०३३ साल पुष २९ गते दोलखाको फस्कु गाविस वडा नं. १ साउँतेमा जन्मेका बुढाथोकी 'साउँतेली' उपनामले परिचित छन् । थुप्रै फुटकर कविता र लेखहरू समेत लेखेका बुढाथोकीको पत्रकारिता र गायन क्षेत्रमा विशेष रुचि देखिन्छ । त्रिभुवन विश्वविद्यालयबाट स्नातक गरेका बुढाथोकी नेपाल साहित्य कला केन्द्रका सचिव हुन् । उनी गद्दीआरोहण रजत महोत्सव गायन पदक (वि.सं. २०५३),लालीगुराँस युवा सम्मान र लैवरी लै ट्रफीद्वारा सम्मानित छन् । वि.सं. २०५२ सालमा 'पुनः आव्हान' नामक कविता प्रकाशित गरेर कविता लेखनमा पाइला चालेका बुढाथोकीको 'परेलीको पानी' (संयुक्त लेखनमा) पहिलो प्रकाशित कृति हो । यसबाहेक उनले 'दिग्दर्शन', 'साहित्य चौतारी' जस्ता पत्रिकाहरूको सम्पादन समेत गरेका छन् ।

'परेलीको पानी' पुष्करराज बुढाथोकी 'साउँतेली' को प्रथम प्रकाशित पुस्तकाकार कृति हो । प्रस्तुत गीतिसङ्ग्रहका तीन लेखकमध्येका एक हिस्सेदार पुष्करराज बुढाथोकी हुन् । जम्मा ५२ वटा फुटकर गीतहरू सङ्गृहीत प्रस्तुत सङ्ग्रहमा पुष्करराज बुढाथोकीका १८ वटा गीतहरू सङ्कलित छन् । सानो सङ्ग्रहभित्र पनि धेरै विचार र भावनाहरू सम्प्रेषण गर्न सफल बनेका देखिन्छन् गीतकार पुष्करराज बुढाथोकी 'परेलीको पानी' लघु गीति सङ्ग्रहमा ।

२.१७ श्रीबाबु कार्की 'उदास' (२०३३)

दोलखा जिल्लाको झुले-२, अमरटोलमा पिता सुदर्शन कार्की र माता हेमकुमारी कार्कीको सुपुत्रका रूपमा वि.सं. २०३३ साल चैत्र २६ गते जन्म भएको बुझिन्छ । विद्यालयस्तरको पढाइ पूरा भएपछि लामो समयसम्म शिक्षक पेसामा संलग्न रहेका कार्की स्नातक तह अध्ययनरत रहेको बुझिन्छ । साहित्य लेखनलाई व्यावसायिक रूपमा अँगालेका कार्की नेपाली साहित्यमा 'उदास' उपनामले पनि परिचित उनले राष्ट्रियस्तरका दैनिकमा व्यङ्ग्यात्मक लेखहरू प्रकाशित गराउँदै आएका छन् । कार्कीको रुचि साहित्यका साथै चित्रकलामा समेत रहेको देखिन्छ । उनको पुस्तककार कृतिको रूपमा पहिलो 'च्यापिएको मुस्कान' (२०५७) कविता-गजल सङ्ग्रह प्रकाशित भएको बुझिन्छ ।

प्रस्तुत कृति कार्कीको पहिलो प्रयास हो । उनको यस कृतिमा १९ वटा कविता, ३ वटा गजल, ३ वटा गीत र २ मुक्तक समेटेर ३९ पृष्ठको पुस्तिकामा कवि कार्कीले आफ्ना जन्मदाता तथा पूर्खाप्रतिको अगाध आस्था देखाउनका साथै समसामयिक द्वन्द्वात्मक अवस्थाको चित्रणमा पनि कवि चुकेका छैनन् । सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक जस्ता विविध विकृति-विसङ्गति विरुद्ध कवि कार्कीले शब्दका माध्यमले यथार्थलाई उतार्न चाहेको देखिन्छ । कविले यस कृतिमा विकृतिको भण्डाफोर गर्दै सकारात्मक कुराको प्रशंसा पनि गरेका छन् । साथै उनले विषयका रूपमा किसान र सिपाही जस्ता मानवीय पात्रका साथै सामाजिक परम्परा तथा सांस्कृतिक पर्वको पनि चर्चा गरेका छन् ।

वि.सं. २०५० को दशकको सुरुदेखि नै लेखन आरम्भ गरेका कार्कीको साहित्यको मान्यता आफ्नै खालको छ । उनी राष्ट्रमा देखिएका सङ्गति-विसङ्गतिलाई उजागर गर्दै समुन्नत समाज स्थापनार्थ साहित्यिक पहल गर्नु पर्ने साहित्यिक मान्यता राख्दछन् । उनले लेखन तथा प्रकाशन आरम्भ गरेको एक दशकभन्दा बढी समयको अन्तरालमा विभिन्न पुरस्कार समेत हात पारेका छन् । प्रलेस दोलखाद्वारा आयोजित जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम, जनहित संरक्षण मञ्चको राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम, द रेयूकाई नेपालद्वारा राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा उत्कृष्ट र उपत्यकाव्यापी कलेज कविता प्रतियोगितामा प्रथम पुरस्कार र सम्मानहरू प्राप्त गरेका छन् । कार्की हाल का.म.न.पा.-३३, मैतीदेवीमा अस्थाइ बसोबास गर्दै आइरहेका छन् ।

### २.१८ त्रिलोचन प्रधान (२०३८)

दोलखा जिल्लाको भीमेश्वर न.पा.-२, दोलखामा पिता बद्रिनारायण प्रधान र माता हसना प्रधानको सुपुत्रका रूपमा त्रिलोचन प्रधानको जन्म वि.सं. २०३८ साल मंसिर ९ गते भएको बुझिन्छ । विद्यालयस्तरको अध्ययन दोलखामा नै पूरा गरेका त्रिलोचन हाल लाजिम्पाट, काठमाडौंमा बसोबास गर्दै वाणिज्य शास्त्रमा स्नातक तहमा अध्ययनरत छन् । साहित्यमा आफूलाई त्रिलोचन 'विहिन' का नामले चिनाउन चाहने प्रधान विं.सं. २०५२ सालदेखि नै कविता लेखनमा लागेको बुझिन्छ । स्वच्छन्द रूपमा हृदयस्फूर्त मनमा जे उब्जन्छ त्यो नै साहित्यका रूपमा लेख्न चाहने प्रधान परिष्कारको आवश्यकता नै ठान्दैनन् । फुटकर रूपमा एउटा पनि रचना प्रकाशित नगरेका प्रधानको हाल एउटा कविता सङ्ग्रह 'नभेटिएको खुशी' (२०६२) प्रकाशित भएको भेटिन्छ भने मानवता (गीति सङ्ग्रह), मध्यमवर्ग (खण्डकाव्य), नक्ति गुलपनुङ मोतोर (नेवारी मध्यमवर्ग खण्डकाव्य) र शान्ति उपन्यास गरी आधा दर्जन प्रकाशोन्मुख रहेको बुझिन्छ ।

कविता त्रिलोचनको प्रथम प्रकाशित कृति 'नभेटिएको खुशी' (२०६२) नामक कृति लिरिक्स डट कमले प्रकाशित गरेको बुझिन्छ । प्रस्तुत कृति स्रष्टा स्वयम्को भनाइ, प्रा.डा. श्याम जोशीको शुभकामनाका दुई शब्द र ७७ वटा कविताहरू समेटिएर प्रकाशित

भएको बुभिन्छ । कवि प्रधान नेपाली साहित्यमा नवप्रतिभाका रूपमा देखिएता पनि सङ्ग्रहमा सङ्कलित कविताहरू हेर्दा परिपक्वता उन्मुख कविका रूपमा देखिन आउँदछ । उनका अधिकांश कविता गद्यमा रचित छन् र नयाँ प्रयोगको चाहना भएका कवि भएकाले समसामयिक विविध विषयवस्तुलाई उठाएका छन् । कवि प्रधानले शैलीमा नविनता र विषयगत विविधता दिन खोजेका छन् । सरलता, सरसता र मिठासपूर्ण कविताहरू सङ्कलित सङ्ग्रहका रूपमा त्रिलोचन प्रधानको 'नभेटिएको खुशी' कविता कृति देखिन्छ ।

## २.१९ गीतालक्ष्मी शिवाकोटी (२०३८)

दोलखा जिल्लाको सुनखानी गा.वि.स.-९, निवारेमा पिता एकराज शिवाकोटी र माता कालिका शिवाकोटीका सुपुत्रीका रूपमा वि.सं. २०३८ साल बैशाख १ गते गीतालक्ष्मी शिवाकोटीको जन्म भएको बुझिन्छ । जन्मेको एक महिनामै टाइफाइट भई नेत्रहीन हुन पुगेकी शिवाकोटी २०४५ सालदेखि रेडियो नेपालबाट प्रसारित विभिन्न कार्यक्रमहरू सुनेर प्रभावित भई साहित्य रचनामा लागेको बुझिन्छ । असहाय, नेत्रहीन, निरक्षर तर प्रतिभाकी धनी भएकीले उनमा गुम्सिएर रहेको प्रतिभालाई उजागर गर्न जिल्ला प्रहरी भलाई कोष परिवार दोलखाले प्रकाशनको अभिभारा लिएर 'आँखाले संसार नदेखे पनि' (२०६१) कृति प्रकाशित गराएको पाइन्छ ।

प्रस्तुत कृति कवयित्रीको प्रथम प्रयास भएर पनि लयात्मक ढङ्गले गीत तथा कविताहरू समेटिएका छन् । मुलुकमा व्याप्त हत्या, हिंसा र द्वन्द्वको विषयलाई कविता समेटेकी छन् । कृतिमा समेटिएका गीत तथा कवितामा राष्ट्र-राष्ट्रियताप्रतिको प्रेममय भावना मानवीय समवेदना प्रहरीको कर्तव्य र वीरता, प्रकृति, संस्कृति शान्तिको चाहना जस्ता विविधता पाइन्छ । ३३ पृष्ठमा ३३ वटै कविता तथा गीतहरू समेटिएको प्रस्तुत कृतिका अधिकजसो रचना राजा-रानी, प्रहरी र समसामयिक विषय नै उनका कविताका प्रमुख कथ्य बनेका छन् ।

# परिच्छेद - तीन

## कविताको सैद्धान्तिक अध्ययन

### ३.१ कविता सम्बन्धी सैद्धान्तिक मान्यता

कविता साहित्यको एक प्राचीन विधा हो । पूर्वीय साहित्यमा 'कविता' लाई 'काव्य' शब्दको समानार्थीका रूपमा लिइन्छ । काव्य शब्द 'कवि' शब्दमा 'य' प्रत्यय लागेर बनेको हो । यो शब्दले 'कविद्वारा सम्पन्न कार्य' अथवा 'कविले गरेको कार्य' भन्ने अर्थबोध गर्दछ ।

कवितालाई अंग्रेजीमा एयभतचथ, ल्याटिनमा एयभतष्अगक, ग्रीकमा एयष्भतष्पयक भनिन्छ । एयभतचथ शब्दको व्युत्पत्ति एयभत शब्दबाट भएको मानिन्छ । एयभत लाई लयटिनमा एयभतब र ग्रीकमा एयभतभक भनिन्छ ।

साहित्यका चार प्रमुख विधा कविता, नाटक र निबन्धमध्ये कवितालाई प्रमुख विधाको रूपमा लिइन्छ । कविता साहित्यको एउटा महत्वपूर्ण विधाको रूपमा स्थापित छ । कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द या लयमा उनिएको साहित्यिक कृति वा रचना, काव्य, कविको भाव वा कविकर्मका रूपमा नेपाली बृहत् शब्दकोषले कवितालाई शाब्दिक रूपमा परिभाषित गरेको छ । त्यस्तै पूर्वीय एवम् पाश्चात्य साहित्यको विद्वान्हरूले आ-आफ्नै किसिमले कविताको परिभाषा गरेका छन् ।

### ३.२ कविता सम्बन्धी पूर्वीय मत

संस्कृत साहित्यमा कवितालाई 'काव्य' शब्दले परिभाषित गरेको पाइन्छ । आचार्य भरतमुनिले 'कोमल तथा मनोहर पदयुक्त, गूढ शब्दार्थरहित, सुबोध, युक्तिसङ्गत, नृत्यमा उपयोग गर्न सकिने विविध रस, मार्ग तथा सन्धियुक्त कृति सबैका योग्य हुन्छ' भनी नाटकको सन्दर्भमा काव्यसम्बन्धी धारणा अभिव्यक्त गरेका छन् । त्यस्तै भामहले शब्द र अर्थको सहभावलाई काव्यको सामान्य स्वरूप मानेका छन् । त्यसैगरी दण्डीले इष्ट अर्थले युक्त पदावलीलाई काव्यको शरीर मानेका छन् भने वेदब्यासले अभीष्ट अर्थलाई सङ्क्षेपमा प्रकट गर्ने दोषरहित तथा गुण र अलङ्कारसहित पदावलीयुक्त वाक्यलाई काव्य मानेका छन् । ईश्वीको तेह्रौं शताब्दीतिरका जयदेवले दोषरहित, लक्षण, रीति, गुण, अलङ्कार र रसले युक्त अनेक वृत्ति भएको वाणीलाई काव्य मानेका छन् भने इश्वीको सत्रौ शताब्दीको प्रारम्भतिरका जगन्नाथले रमणीय अर्थ प्रतिपादन गर्ने शब्दका रूपमा काव्यको परीभाषा दिएका छन् ।

संस्कृत साहित्यका विभिन्न विद्वान्हरूले दिएको काव्यको परिभाषा हेर्दा ती परिभाषाहरू कविताको विशिष्टतातर्फ उन्मुख नभई सामान्य परिभाषाका रूपमा मात्र रहेको देखिन्छ ।

## ३.३ कवितासम्बन्धी पाश्चात्य मत

संस्कृत साहित्यका विद्वान्हरूले समग्र साहित्यका सन्दर्भमा कविताको परिभाषा गरे पनि पाश्चात्य साहित्यमा भने कवितामै केन्द्रित भएर कवितालाई परिभाषित गर्ने कार्य भएको देखिन्छ । पाश्चात्य साहित्यका विद्वान्हरूले पनि प्राचीन कालदेखि कवितासम्बन्धी आफ्नो मत राख्न थालेको देखिन्छ ।

पाश्चात्य साहित्यका विद्वान्हरूको परिभाषालाई केलाउँदा फिलिप सिड्नीको नाम पनि अग्रपङ्क्तिमा आउँछ । उनले कवितालाई अनुकरणको कला मानेका छन् । त्यस्तै सेमुअल जोन्सनले तर्काश्रित कल्पनाद्वारा आनन्दलाई सत्यसित एकीकृत गर्ने कलालाई कविता भनेका छन् । शान्त क्षणमा सञ्चित अनुभवहरूबाट उत्पन्न प्रबल मनोभावनाको स्वतः स्फूर्त प्रवाहलाई विलियम वर्डस्वर्थले कविता मानेका छन् भने सेमुअल टेलर कलरिजका अनुसार विज्ञानजस्तो सत्यको नभएर आनन्दको अनुभूति गराउने तत्कालीन उद्देश्य भएको रचना कविता हो ।

त्यसैगरी कवितालाई कल्पना र संवेगको भाषाको रूपमा विलियम ह्याज्लिटले परिभाषित गरेका छन् भने पर्सी बिस शैलीका अनुसार कविता कल्पनाको अभिव्यक्ति हो ।

यसरी पाश्चात्य साहित्यका विभिन्न विद्वान्हरूले कवितालाई सामान्य नभएर विशिष्ट परिभाषाका रूपमा चित्रण गरेको भेटिन्छ । सबैको मतमा एकरूपता नभेटिनुका कारण ती प्रत्येक परिभाषाहरूलाई पूर्णताको संज्ञा दिन सकिदैन । सबैले फरकफरक पक्षमाथि जोड दिएर परिभाषा दिएकाले त्यस्तो भएको हुनसक्छ । त्यसर्थ पाश्चात्य विद्वान्हरूको परिभाषालाई समग्रमा हेर्ने हो भने तिनीहरूले आ-आफ्नो समयको प्रतिनिधित्व भने राम्रोसँग गरेको भेट्न सकिन्छ ।

## ३.४ कवितासम्बन्धी नेपाली मत

नेपाली साहित्यमा पनि कविताका सम्बन्धमा विभिन्न परिभाषाहरू भएका छन् । ‘नेपाली शाकुन्तल महाकाव्य’ मा लक्ष्मीप्रसाद देवकोटाले ‘कविता कोमलवनिता, रसयति रसिकं रेन सम्मिलिता’ भनी आफ्नो धारणा राखेका छन् । ‘पुराना कवि र कविता’ मा बाबुराम आचार्यले ‘प्रकृतिका अद्भुत रचनादेखि छक्क परेर तन्मय भई कविहरू जो बोल्छन् त्यो कविता कहिन्छ’ भनेका छन् । त्यस्तै यदुनाथ खनालले ‘समालोचनाको सिद्धान्त’ मा ‘कविता उत्तेजित मनोभावनाको बौद्धिक कोमलता हो’ भनेका छन् । पारसमणि प्रधानले ‘कवि र कविता’ मा कवि कविता होस्, कविता कवि होस्, कविता तब पो हुन्छ । शब्द थुपारीकन के हुन्छ ? भाव भए पो हुन्छ’ भनेका छन् । सोमनाथ सिग्द्यालले ‘साहित्य-प्रदीप’ मा ‘काव्य भनेको कुनै विषय वा कथानक लिएर मनोहर शैलीको सूत्रमा गुथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो’ भनेका छन् भने हृदयचन्द्रसिंह प्रधानले ‘नेपाली काव्य र उसका प्रतिनिधि कवि’ मा ‘हृदय छुने सौन्दर्य वा कलात्मक उपादेयताले परिपूर्ण रचना काव्यका आफ्ना-आफ्ना शैलीमा कविता हुन् ।

त्यसैगरी केदारमान व्यथितले 'स्रष्टा र साहित्य' मा 'तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो' भनेका छन् भने मोहनराज शर्माले 'समकालीन समालोचना सिद्धान्त र प्रयोग' मा 'विचार, भाव वा घटनाको लयात्मक संरचनालाई कविता' भनेका छन् ।

कविता अनुभूतिको अन्तरङ्गको स्वतःस्फूर्त भावलहरी हो, जो उन्मेष वा आह्लादको क्षणमा प्रस्फुटन हुन्छ । कविता भावनाको कोमलतम अभिव्यक्ति भएकाले जीवनगत भोगाइका अनुभूतिलाई भाषाका माध्यमबाट सुन्दर ढङ्गले प्रस्तुत गरिने कलात्मक अभिव्यक्ति भएको हुँदा कवितामा सहृदयी पाठक रसानुभूतिको अनुभव गरी आह्लादित हुन्छन्' भनी कृष्णविलास पौड्यालको काव्य-सिद्धान्तमा उल्लेख गरिएको छ ।

यसरी विभिन्न विद्वान्हरूको परिभाषा हेर्दा तिनीहरू कविताका विशिष्ट परिभाषाका रूपमा त रहेका देखिन्छन् तर ती प्रायः कुनै एक पक्षमा मात्र केन्द्रित देखिन्छन् । यस अर्थमा नेपाली साहित्यका विद्वान्हरूले दिएको परिभाषाले कविताका समग्र स्वरूपलाई समेट्न नसकेपनि त्यस दिशामा अभीमुख भएको भने देखिन्छ ।

## ३.५. कविताको संरचना

साहित्यको एक महत्वपूर्ण र प्रमुख विधा भएकोले कविताको आफ्नै संरचना र स्वरूप रहेको छ । कविताको त्यही संरचनात्मक ढाँचा र शैलीलाई कविताको संरचना भनिन्छ । भाषिक संरचनाले शैलीमार्फत साहित्यिक संरचनालाई रूपान्तरण गर्दछ ।

कविताको संरचनालाई आन्तरिक र बाह्य गरी दुई तरिकाले पहिल्याउन सकिन्छ । बाह्य संरचना भन्नाले कविताका हरफ-हरफ, पाउ-पाउ वा सर्ग-सर्ग लगायत लयविधान आदिलाई बुझ्न सकिन्छ । भाषिक संरचना कविताको बाह्य संरचना हो ।

कवितामा अंगालिएको कथनपद्धतिबाट थालिएर भावविधानसँग सम्बन्धित कुरा कविताको आन्तरिक संरचनाअन्तर्गत पर्दछ । यस अर्थमा कथ्य भाव वा विचारको उठन, विकास र रागात्मक परिणति नै कविताको आन्तरिक संरचना हो भन्न सकिन्छ । आन्तरिक संरचनाले भाषाशैली र भावका साथै अन्तरलय तथा रूपतत्वलाई गतिमय बनाउने कार्य गर्दछ ।

कवितामा संरचनालाई एक अनिवार्य तत्वका रूपमा लिइन्छ । तर त्यो नितान्त वैयक्तिक रूपमा प्रकट भएको हुन्छ । संरचना कविको निजी विशेषताको रूपमा कवितामा देखा परेको हुन्छ । त्यस अर्थमा हरेक कविअनुसार कविताको संरचना पनि फरक फरक हुन्छ ।

## ३.६ कविताका तत्व

साहित्यका अन्य तीन विधा आख्यान, नाटक र निबन्धसरह कविताका पनि आफ्नै संरचक तत्व वा उपकरणहरू हुन्छन् । तिनीहरूलाई पूर्वीय साहित्यमा 'तत्व' र पाश्चात्य साहित्यमा ुभिफभलतकु भनिन्छ । यिनै तत्व वा भिफभलतक बाट कविताको निर्माण भएको हुन्छ । पूर्वीय विद्वान्हरूले कविताका तत्वहरूलाई रस, शब्दार्थ, सौन्दर्य, रीति, ध्वनि आदि विभिन्न नाम दिएका छन् ।

कविताको उपकरण अर्थात् तत्व मुख्यतः 'वस्तु' र 'शैली' दुई मुख्य तत्वबाट बन्दछ । विषय, भाव, विचार र उद्देश्य वस्तुगत पक्षहरू हुन् भने कथनपद्धति, दृष्टिविन्दु, आयाम, कल्पना, शिल्पप्रविधि र लयात्मक भाषाजस्तो तत्वहरू शैलीपक्ष हुन् । यिनै दुई पक्षहरू मिलेर कविता बनेको हुन्छ ।

कल्पना वा सङ्कल्प, भावना वा रागात्मक अनुभूति, विवेक वा बुद्धिलाई कविताको अन्तरङ्ग तत्व तथा रीति, गुण, औचित्य वा शब्दालङ्कारलाई काव्यको बाहिरी तत्व मानिएको छ । कविको भाव, हास, परिहास, चमत्कार आदिलाई कविताको आन्तरिक तत्व मानिएको छ । कविताको मूल तत्व रागात्मक या भावतत्व भए पनि पश्चिमी साहित्यमा कल्पना, बुद्धि साथै शैलीलाई पनि काव्यको तत्व मान्ने गरिएको छ ।

पश्चिमी साहित्यमा कविताको तत्वलाई 'वर्णनात्मक र 'सङ्गीतात्मक' गरी दुई स्वरूप दिइएको छ । जसका अनुसार वर्णनात्मक तत्वले कविताको कार्यमा जोड दिन्छ भने सङ्गीतात्मक तत्व भएको कविता गाइन्छ । ध्वनि : बोली र लय ९ख्यष्अभ स्कउभबपभच बलम तयलभ० शब्दको ढाँचा ९म्ष्अतष्यल० बिम्बात्मक/भावनात्मक ९क्ष्बनभचथ०, वाक्यात्मक आकृति ९ँष्नगचभक या कउभभअज०, प्रतीक र दृष्टान्त ९क्थ्दयष्कि बलम बीभिनयचथ०, वाक्य ९क्थलतबह०, लयात्मक ध्वनि ९क्यगलम, च्जथकअ ।।।।।०  लय र छन्द ९च्जथतज्ञ बलम ञ्बतभच०, संरचना : बन्धिम रूप र अबन्धिम रूप ९क्तचगअतगचभ ह ऋयिकभम ाचफ बलम यउभल ायचक० र विषयवस्तु वा राग ९त्जभ्फभ० लाई नै कविताको तत्वका रूपमा पाश्चात्य साहित्यमा चर्चा गरिएको पाइन्छ ।

## ३.७ वस्तुगत तत्व

कविताको संरचना त्यत्तिकै हुँदैन । रचना गर्नुपूर्व लेखक विविध किसिमका प्राकृतिक र सामाजिक प्रभावबाट गुज्रिएको हुन्छ । अनुभव/अनुभूति वा भोगाइ आदिबाट प्रभाव ग्रहण गरी कविले कविताको विषय चयन गर्छ । यसरी विषय, विचार वा भाव उद्देश्यजस्ता ठोस पक्षहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरी कविताको संरचना तयार बन्छ । यिनै तत्वहरूलाई कविताको वस्तुगत तत्व मानिन्छ ।

## ३.८ विषय

कविता लेखनका लागि कविले तयार गर्ने पहिलो सामग्रीका रूपमा विषयलाई लिन सकिन्छ । विषयविना कविताको सिर्जना असम्भव छ । विषयको गहनतासँगै कविताको गहनता पनि जोडिएर आउने हुँदा कविताको विषय यस्तै हुनुपर्छ भन्ने हुँदैन । अति सूक्ष्मदेखि लिएर बृहत विषय पनि कवितामा आएको हुनसक्छ । विषयको सहाराबाट कविले आफ्नो विचार, भाव र उद्देश्य आदिलाई कवितात्मक स्वरूप दिएको हुन्छ ।

## ३.९ विचार वा भाव

विषयको चयन जस्तै विचार वा भाव पनि कविताको प्रमुख तत्व हो । कुनै विषयको छनौटपश्चात् त्यसमा प्रेम, घृणा, आँसु, हाँसो, भक्तिभाव प्रकट गरी कविले कवितालाई पठनीय बनाउने गर्दछ । विचार वा भावलाई मुख्यतः दुई प्रकारको मान्न सकिन्छ - अध्यात्मवादी र भौतिकवादी । कुनै अलौकिक ईश्वरीय शक्तिमा विश्वास गरिने भावलाई अध्यात्मवादी विचार वा भाव भनिन्छ भने जीवन र जगतका यथार्थपरक अभिव्यक्ति भौतिकवादी विचार वा भावअन्तर्गत पर्दछन् । साहित्यको सन्दर्भमा पर्यायवाची शब्दको रूपमा लिने गरिए पनि विचार र भावबीचमा पनि सूक्ष्म अन्तर रहेको हुन्छ । विचार तार्किक र यथार्थसँग नजिक हुन्छ भने भावमा कल्पनापक्ष प्रचुर रहेको हुन्छ । त्यस्तै विचार बुद्धिपरक हुन्छ भने भावलाई संवेदनापरक मानिन्छ । उदाहरणका रूपमा लिनुपर्दा 'राष्ट्रवाद' लाई विचारका रूपमा लिनुपर्ने हुन्छ र 'देशभक्ति'लाई भावका रूपमा लिइन्छ । यथार्थमा यी दुबै शब्दले दिने अर्थको औचित्य भने समान नै हुन्छ ।

## ३.१० उद्देश्य

उद्देश्यलाई विचार र भावको निकटको तत्व मान्न सकिन्छ । कविता सिर्जनाको कुनै न कुनै उद्देश्य हुन्छ । विना उद्देश्य कुनै पनि कविताले सार्थक रूप लिन सक्दैन । कविता कुन उद्देश्य लिएर सिर्जना गर्ने भन्ने कुरा कविमा नै निहित हुन्छ । कविले आफ्ना विचार वा भावनाअनुरूप कविताको उद्देश्य निर्धारण गर्दछ । कविताका उद्देश्यका रूपमा कसैले धर्म, अर्थ, काम र मोक्षलाई लिएको पाइन्छ भने कसैले लोककल्याणको भावनालाई कविताको उद्देश्य मानेका छन् । समग्रमा कविताको उद्देश्य एक स्वतन्त्र कुरा हो, जसलाई कविले कविता सिर्जना गर्ने क्रममा निर्धारण गर्न सक्छ । भावनात्मक रूपमा स्वच्छ मनोरञ्जन प्रदान गर्नु, सचेत गराउनु, स्थानविशेषलाई प्रकाशनमा ल्याउनुदेखि लिएर कविताको माध्यमबाट सामाजिक चेतनाका विविध उद्देश्यहरू पूर्ति गर्ने कार्य भइरहेको हुन्छ ।

### ३.११ शैलीगत तत्व

शैलीलाई प्रस्तुतिपरक तत्वका रूपमा लिइन्छ । विषयवस्तुको निरसतालाई शैलीले माधुर्यता थप्ने कार्य गर्दछ । शैलीविनाका कविता सरस हुन सक्दैनन् । कवितालाई कवितात्मक रूप दिने कार्यमा शैलीको प्रमुख भूमिका रहन्छ । शैलीविनाको कविता राजनीतिक नाराजस्तो ठाडो र निरस हुन्छ । भाषाशैलीको मद्दतबाट कविता सौन्दर्यमूलक, रसिक र सम्प्रेषणयुक्त बन्दछ । प्रत्येक सर्जकले कवितामा फरक फरक शैलीको प्रयोग गरी आफ्नोपन दिने गर्दछन् । लयात्मक भाषा, दृष्टिविन्दु, कल्पना, आयाम र शिल्पप्रविधिलाई कविताको शैलीगत तत्वका रूपमा लिइन्छ ।

### ३.१२ लयात्मक भाषा

साहित्यिक सिर्जनाको प्रमुख माध्यम भाषा नै हो । भाषाविना कुनै पनि साहित्यिक सिर्जनाले मूर्तता पाउन सक्दैन । मनभित्रका विविध भाव वा विचारहरूको श्रृङ्खला भाषाकै माध्यमबाट अभिव्यक्त गरिन्छन् । नेपाली साहित्यमा प्रचलित छन्द वा मुक्त लयलाई कविताको लयात्मक भाषाका रूपमा लिन सकिन्छ । छन्द कवितामा लयविधान निश्चय गरिएको हुन्छ भने गद्य कवितामा कवि स्वयम्ले लयात्मकता दिनुपर्ने हुन्छ ।

### ३.१३ कथनपद्धति वा दृष्टिविन्दु

कविता प्रस्तुत गर्ने काइदाका रूपमा कथनपद्धति वा दृष्टिविन्दुलाई लिन सकिन्छ । प्रायः कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ । कथानक काव्यहरूमा भने कवि स्वयम् उपस्थित नभई आख्यानात्मक वा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग पनि गरिएको हुन्छ ।

### ३.१४ कल्पना

कविता कल्पनाशक्तिकै उपज हो । कविले आफूले भोगेका भोगाइलाई कल्पनाको माध्यमबाट कवितामा उतार्दछ । कल्पनाको जादूले नै कविता आस्वादन गर्न लायक हुन्छ । कवितालाई उच्च कलात्मकता प्रदान गर्नको लागि कल्पनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस अर्थमा हेर्दा कल्पनालाई कविताको अभिन्न अङ्गका रूपमा लिनुपर्ने हुन्छ ।

### ३.१५ आयाम

कविताको विषय वा विचारले जीवनजगतको आयामलाई समेटेको हुन्छ । फुटकर कविताको आयाम, खण्डकाव्यको आयाम र महाकाव्यको आयाम कविको अभिव्यक्तिअनुसार फरक-फरक हुन्छ । आयामले कविताको बाह्यसंरचनाको स्वरूप निर्धारण गरेको हुन्छ । यस अर्थमा आयाम तत्व कविताको एक प्रमुख तत्वका रूपमा देखा पर्दछ ।

३.१६ शिल्पविधि

कुनै पनि रचनामा बिम्बको प्रयोग गरिएको हुन्छ । बिम्बले कथन गरिएको अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुति वा सहवर्ती अर्थ बोल्दछ । यिनै बिम्ब, प्रतीक आदि अलङ्कार योजना, लक्षण, व्यञ्जनाजस्ता कलागत पक्ष आदि शिल्पप्रविधिअन्तर्गत पर्दछन् । कविताको शीर्षक, आदि मध्य र अन्त्य भागमा पाइने संरचनागत संयोजनलाई पनि शिल्पप्रविधि मानिन्छ ।

३.१७ नेपाली कविताको सङ्क्षिप्त इतिहास

विश्वसाहित्यको समकक्षमा राखेर हेर्ने हो भने नेपाली साहित्यको इतिहास त्यत्ति लामो छैन । त्यसमा पनि नेपाली कविताको आरम्भका बारेमा विभिन्न विद्वान्हरूको मतैक्यताका कारण अझै स्पष्ट र निर्विवाद रूपमा नेपाली साहित्यको इतिहास लेखिन सकेको छैन । डा. ईश्वर बरालले १८३३ देखि १९४४ प्राथमिक काल, १९४१ देखि १९८५ माध्यमिककाल, १९८६ देखि २००० आधुनिककाल, २००७ देखि २०१७ प्रजातन्त्रकाल र २०१८ देखि २०४६ सम्मलाई प्रजातन्त्रोत्तर काल मान्नुभएको छ भने कृष्णचन्द्र सिंह प्रधान र रत्नध्वज जोशीले प्रथम उत्थान (अभिलेखकाल, वीरस्तुतिकाल र धार्मिककाल), द्वितीय उत्थान (श्रृङ्गारकाल र गद्य साहित्यको उत्थान र विभिन्न विधाको प्रयोग), तृतीय उत्थान (आधुनिककाल) भनी कालविभाजन गर्नुभएको छ । त्यस्तै बालकृष्ण पोखरेलले पहिलो अभिलेखदेखि भानुदत्तको हितोपदेश मित्रलाभको अनुवाद १८३३ सम्म प्राचीनकाल, १८३३ को भानुदत्तको अनुवाददेखि मोतीरामपूर्वको समय १९४० सम्म माध्यमिककाल र मोतीराम भट्टदेखि आजसम्मको काललाई आधुनिककाल मान्नुभएको छ । यसरी नै नेपाली कविता/काव्यको कालविभाजन गर्ने क्रममा तारानाथ शर्माको पनि नाम आउँछ । उहाँले भानुभक्तपूर्व युग, भानुभक्त युग, मोतिराम युग, क्रान्तिपूर्व युग र क्रान्तिउत्तर युग गरी ५ युगमा नेपाली कवितालाई विभाजन गर्नुभएको छ । त्यस्तै डा. बासुदेव त्रिपाठीले वि.सं. १८२६ तिरदेखि वि.सं. १९४० सम्म प्राथमिककाल, १९४१ देखि १९७४ सम्म माध्यमिककाल र १९७५ देखि हालसम्मलाई आधुनिककाल भनेर कविताको मात्र होइन पुरै नेपाली साहित्यकै कालविभाजन मान्न सकिने तर्क राख्नुभएको कुरा घटराज भट्टराईले 'नेपाली कविताको रूपरेखा' मा उल्लेख गर्नुभएको छ । (घटराज भट्टराई, नेपाली साहित्यको रूपरेखा, काठमाडौं : सृष्टि प्रकाशन, २०५५)

विभिन्न विद्वान्हरूको मतमतान्तर र तर्कहरूलाई मध्यनजर राख्दै निम्नानुसार नेपाली कविताको कालविभाजन गर्ने हो भने नेपाली कवितासाहित्यको इतिहासको निकट हुनसक्छ । जसअनुसार पृथ्वीनारायण शाहको समयपूर्व पूर्वप्राथमिककाल, पृथ्वीनारायण शाहको समयदेखि मोतीरामको उदय (१९४०) नभएसम्म प्राथमिककाल, मोतिरामको उदयपछि १९७४ को सुक्तिसिन्धुको प्रकाशनसम्म माध्यमिककाल र १९७५ देखि अहिलेसम्मको अवधिलाई आधुनिककाल निर्धारण गर्न सकिन्छ । आजको अवस्थासम्म

आइपुग्दा नेपाली कविताको आधुनिककालले पनि विभिन्न चरण र मोडहरूलाई पार गरिरहेको छ । जसलाई १९७५ देखि १९९० को अवधिलाई परिस्कारवादी धारा, १९९१ देखि २०१६ सम्मको अवधिलाई स्वच्छन्दतावादी प्रगतिवादी धारा, २०१७ देखि २०३५ सम्मको अवधिलाई प्रयोगवादी धारा र २०३६ देखि हालसम्मको अवधिलाई समसामयिक धाराको रूपमा निर्धारण गर्न सकिन्छ ।

### ३.१८ नेपाली कविताको प्राथमिक काल

नेपाली कविताको प्राथमिक काल पृथ्वीनारयण शाहको नेपाल एकीकरण अभियानसँगै सुरु भएर मोतीराम भट्टको अभ्युदयपूर्व अर्थात् १९४० सम्मको अवधिलाई मानिन्छ ।

कवितालेखनको यो परम्परा नेपाली जनमानसमा पृथ्वीनारयण शाहको एकीकरण अवधिभन्दा धेरै अघिदेखि लोकगीत, लोकगाथा आदिको माध्यमबाट मौखिक रूपमा नेपाली समाजमा भित्रिसकेको थियो । हालसम्म उपलब्ध तथ्याङ्कका आधारमा पृथ्वीनारयण शाहको नेपाल एकीकरण अभियानको हाराहारीदेखिलाई नेपाली कविताको प्राथमिककाल निर्धारण गरिएको पाइन्छ । पृथ्वीनारयण शाहको पालादेखि नै नेपाली कविता कथ्यबाट लेख्य रूपतर्फ उन्मुख भएको पाइन्छ । प्राथमिककालको पूर्वार्द्ध चरणमा १८७१ सम्म वीरधारा प्रचलनमा थियो भने १८७२ देखि १९४० सम्मको अवधिको उत्तरार्द्ध चरणमा भक्तिधाराले प्रश्रय पायो । पूर्वार्द्ध चरणमा वीरधारामा कवितासृजना गर्ने कविहरूमा सुवानन्द दासलाई सो धाराको मात्र नभएर सिङ्गो नेपाली कविताकै प्रथम कवि मानिन्छ । यिनले १८३०-३१ तिरै 'पृथ्वीनारायण शाह' शीर्षकको कविता वीरधारामा रचेका थिए । सोही धाराका अर्का कविका रूपमा शक्तिबल्लभ अर्ज्याललाई लिन सकिन्छ । यिनका 'महाभारत विराट पर्व (१८२७), 'जयरत्नाकर नाटक', 'हास्यकदम्ब नाटक' (१८५५), 'ललितमाधव', 'सुधातरङ्गिणी', 'दानप्रकाश' आदि कृतिको रचना गरेका थिए । त्यस्तै सोही धाराका अन्य कविका रूपमा उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, राधाबल्लभ अर्ज्याल, रामभद्र पाध्या रेग्मी, गुमानी पन्त, यदुनाथ पोखरेल आदिलाई लिन सकिन्छ ।

मूलतः प्रतीकात्मक संरचनायुक्त वीरभावका राष्ट्रवादी कविताको सिर्जना यस कालमा भएको पाइन्छ ।

नेपाली कविताको प्राथमिककालको उत्तरार्द्ध चरण भक्तिधाराले ओतप्रोत रह्यो । १८७२ देखि मोतिराम भट्टको आगमन (१४४०) पूर्वको अवधिलाई यस कालका रूपमा चित्रण गर्न सकिन्छ । त्यस अवधिमा कविहरू वीरताको अभिव्यक्ति छाडी भक्तिमार्गतर्फ उन्मुख हुन पुग्दछन् । युद्धको पराजय, आफन्तहरूको बिछोड तथा पुनः युद्ध हुने भय र सन्त्रासजस्ता कारणबाट नेपाली कविहरूको मानसिकतामा ईश्वरीय भक्तिले बास गर्न पुगको देखिन्छ । यस अवधिमा कृष्णभक्तिले बास गर्न पुगेको देखिन्छ । यस अवधिमा कृष्णभक्ति धाराअन्तर्गत इन्दिरस, वसन्त शर्मा लुइँटेल, विद्यारण्यकेशरी अर्ज्याल, वीरशाली

पन्त, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल आदि सक्रिय रहेका देखिन्छन् । त्यस्तै रामभक्ति धारा अन्तर्गत रघुनाथ पोखरेल, भानुभक्त आचार्य आदि कविहरू सक्रिय रहेका देखिन्छन् । त्यस्तै निर्गुण भक्ति धारा अर्थात् सन्तधाराअन्तर्गत शशिधर, अगमदिल दास, अखण्डदिल दास, ज्ञानदिल दास आदि कविहरूले कविता सिर्जना गरेको पाइन्छ ।

## ३.१९ नेपाली कविताको माध्यमिक काल

१९४१ बाट मोतिराम भट्टको प्रवेशदेखि १९९१ मा स्वच्छन्दतावादको प्रारम्भ हुँदासम्मको अवधिलाई नेपाली कविताको माध्यमिककाल मानिन्छ । १८७२ देखि मौलाइको भक्ति धारालाई विस्थापित गर्दै मोतिराम भट्ट नवीन प्रवृत्ति श्रृङगारिकता लिएर नेपाली साहित्यमा देखा परे । मोतिरामको आगमनसँगै नेपाली कविताको मुद्रण र प्रकाशनको युग पनि थालनी भयो । नेपाली साहित्यको माध्यमिककालको पूर्वार्द्धमा श्रृङ्गारिकता धारा मौलाएको र उत्तरार्द्धमा शास्त्रीयवादी धाराले प्रश्रय पाएको देखिन्छ ।

## ३.२० पूर्वार्द्ध चरण

नेपाली कविताको माध्यमिक कालको पूर्वार्द्ध चरण अर्थात् श्रृङ्गारिक धाराअन्तर्गत मोतीराम भट्ट, गोपीनाथ लोहनी, राजीवलोचन जोशी, ईश्वरीराज पन्त, रामप्रसाद सत्याल, शिखरनाथ सुवेदी, पहलमानसिंह स्वाँर, कृष्णप्रसाद रेग्मी, शम्भुप्रसाद ढुङ्ग्याल, लक्ष्मीदत्त पन्त, केदारनाथ खतिवडा, तीर्थप्रसाद आचार्य, लेखनाथ पौड्याल, कुञ्जविलास गौतम, दधिराम मरासिनी, होमनाथ खतिवडा, तीर्थराज पाण्डे, बैजनाथ सेढाईं, नरेन्द्रनाथ रिमाल, तारानाथ शर्मा नेपाल, काशीनाथ आचार्य दीक्षित आदि पर्दछन् ।

निष्कर्षमा भन्नुपर्दा मूलतः श्रृङगारिकता र गौणतः देशभक्ति, ईश्वरभक्ति, नीतिशिक्षा, औपदेशिकता, समाजसुधार, शासकस्तुति, शोक आदिको अभिव्यञ्जना नेपाली कविताको पूर्वार्द्ध चरणका स्रष्टाहरूको सिर्जना पाइन्छ ।

## ३.२१ उत्तरार्द्ध चरण

नेपाली कविताको माध्यमिक कालको उत्तरार्द्ध चरण १९७५ देखि १९९१ सम्मको अवधिलाई मानिन्छ । त्यस समयमा शास्त्रीयतावादी धाराले प्रश्रय पाएको देखिन्छ । शास्त्रीयतावादलाई परिष्कारवाद, आभिजात्यवाद, कुलीनवाद, क्लासिकलवाद आदि पनि नामाकरण गरिएको पाइन्छ । शास्त्रीयतावादले सुरुसुरुमा मुख्यतः प्राचीन ग्रिसेली र रोमनेली उच्च कोटीका लेखकद्वारा सिर्जित उच्चस्तरीय साहित्यिक कृति, सार्वभौम रूपमा उत्कृष्ट ठानिएका उच्च कोटिका लेखकहरुद्वारा सिर्जिएका उच्चस्तरीय साहित्यिक कृति तथा जुनसुकै युग र क्षेत्रविशेषका उच्च कोटिका लेखकद्वारा सिर्जित उच्चस्तरीय कुलीन एवम् अभिजात वर्गका लागि लेखिने साहित्यिक कृति भन्ने तीनवटा अर्थबोध गराएको

पाइन्छ । माध्यमिक कालको मध्यतिर आएर शास्त्रीयतावादले कक्षामा पढाइने जुनसुकै कृतिहरू भन्ने अर्थ बुझाउन थालेको पाइन्छ ।

यस धाराका अग्रणी कविहरूमा लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, कुलचन्द्र गौतम, धरणीधर शर्मा कोइराला, महानन्द सापकोटा, रुद्रप्रसाद शर्मा ढकाल, भवानीप्रसाद खतिवडा आदि पर्दछन् ।

शास्त्रीयतावादी/परिस्कारवादी धाराको मूल समयावधिभन्दा पछिल्ला समयमा पनि बालकृष्ण सम, पूर्णप्रसाद ब्राह्मण, माधवप्रसाद देवकोटा, चक्रपाणि चालिसे, भरतराज पन्त, भरतराज शर्मा 'मन्थलीय', मुकुन्दशरण उपाध्याय आदि कविहरूले सोही धारामा कविता-रचना गरेको पाइन्छ ।

३.२२ नेपाली कविताको आधुनिककाल

नेपाली साहित्यको आधुनिककालको प्रारम्भका सम्बन्धमा मतमतान्तर रहेको भए तापनि १९९१ देखि यतालाई नै हालसम्मको सबभन्दा आधिकारिक र सर्वसम्मत मानिएको छ । नेपाली साहित्यमा सामान्यतः पश्चिमीकरणलाई आधुनिकताको नाम दिइएको पाइन्छ । पाश्चात्य साहित्यको अन्धानुकरण होइन, देशकाल, परिवेशअनुसार सापेक्ष ढङ्गले हेर्ने कार्य आधुनिकतामा हुन्छ । नेपाली कविताको आधुनिक कालको सुरुवात लेखनाथ पौड्यालले गरेको हुन् कि होइनन् भन्ने विषयमा अझै विवाद नै छ । रत्नध्वज जोशीका अनुसार परम्पराको अन्धसमर्थन, विज्ञानको विरोध, पौराणिकता र प्राचीनताप्रति श्रद्धाभाव, संस्कृत साहित्यको नीतिवादी चेतनाको अवलम्बन तथा नवीन शैलीको अभावजस्ता प्रवृत्तिका कारण लेखनाथ आधुनिक कवि होइनन् र उनीबाट आधुनिक कालको थालनी भएको होइन वासुदेव त्रिपाठीले आधुनिक कालको प्रबर्द्धक कवि विज्ञान-गायक र प्राचीन-पौराणिक सभ्यताप्रति आविश्वासी र त्यसको निन्दाकारी नै हुनुपर्छ भन्ने केही छैन भन्दै लेखनाथले देवकोटा-सिद्धिचरणभन्दा धेरै ठूलो कुरा नेपाली कवितालाई दिएका छन् भनी लेखनाथ पौड्याललाई आधुनिक कविका रूपमा स्थापित गर्न खोजेका छन् ।

नेपाली कविताको आधुनिककालीन समयलाई प्रवृत्तिगत आधारमा तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

३.२३ स्वच्छन्दतावादी धारा

१९९१ देखि २०१६ सालसम्मको अवधिलाई नेपाली साहित्यको आधुनिक कालको स्वच्छन्दतावादी र नवशास्त्रीयतावादका विरुद्धमा देखापरेको साहित्यिक आन्दोलनको रूपमा हेर्नुपर्ने हुन्छ । स्वछन्दतावादले काम्य, रोचक, भावपूर्ण, कल्पना प्रचुर रचनाका सन्दर्भमा प्रयोग हुँदै प्रेम, साहस, भावुकता, कल्पना, सवेदना आदलिाई आत्मसात गरेको पाइन्छ । यस धाराका प्रमुख स्रष्टाहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद

मिश्र, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, गोमा, कुलचन्द्र कोइराला, प्रेमराज शर्मा, केदारमान व्यथित, वासुदेव शर्मा लुइँटेल, उमानाथ शास्त्री 'सिन्धुलीय', वीरेन्द्र सुब्बा, नीरविक्रम प्यासी, पोषण पाण्डे, केवलपुरे किसान, म.वी.वी. शाह, प्रेमविनोद नन्दन, भूपी शेरचन, गोकुलप्रसाद जोशी, कञ्चन पुडासैनी, पुष्पनाथ शर्मा, आनन्ददेव भट्ट, अगमसिंह गिरी, वासुशशि, विजय मल्ललगायतका कविहरू यस धाराका प्रखर कविका रूपमा देखा पर्दछन् ।

१९९१ देखि २०१६ सम्मको अवधि यस धाराले लिएको भए तापनि उल्लिखित कविहरूबाहेक २०१६ पछि पनि फाट्टफुट्ट रूपमा केही कविहरू स्वच्छन्दतावादी धारामा सक्रिय रहेका देखिन्छन् । तिनीहरूमध्ये भीमदर्शन रोक्का, कालीप्रसाद रिजाल, कृष्णप्रसाद पराजुली, जगमोहन शाक्य, भानुभक्त पोखरेल, मोदनाथ प्रश्रित, कुमुद देवकोटा, टी.आर. विश्वकर्मा, मोहनविक्रम सिंह, हरिभक्त कटुवाल, वेञ्जु शर्मा, ऋषिराम न्यौपाने, रामचन्द्र भट्टराई, दैवज्ञराज न्यौपाने, गोविन्दराज विनोदी, मञ्जुल, भवानी घिमिरे, हरिहर शास्त्री, क्षेत्रप्रताप अधिकारी, रमेश खकुरेल, काजी रोशन, प्रेम छोटा, शरदकुमार भट्टराईलगायतका स्रष्टाहरू प्रमुख रूपमा यस धाराका हिमायतीका रूपमा देखा पर्दछन् ।

## ३.२४ प्रगतिबादी धारा

वर्गहीन समाजवादी समाजको स्थापनाका लागि प्रेरित गर्ने जाति, धर्म, सम्प्रदाय वर्ग, वर्णका आधारमा अडेको, दीनदु:खी र गरीबहरूको पक्ष अंगाल्ने सामन्तवादी-पूँजीवादी व्यवस्थाका असङ्गतिहरूको भण्डाफोर गर्ने, समानता, बन्धुत्व तथा मानवतावादी भावनालाई जगाउने, जमीनदार, पूँजीपतिप्रभृत्ति, शोषक वर्गका विरुद्ध जनमत तयार पार्ने, ईश्वर, धर्म, अवैज्ञानिक धारणाको विरोधी तथा विज्ञानका समर्थक, शैलीलाई भन्दा विषयवस्तुलाई बढी महत्व दिने साहित्य नै प्रगतिवादी साहित्य हो ।

प्रगतिबादी धारा विगतदेखि नै सशक्त रूपमा देखा परेको पाइन्छ । प्रगतिवादलाई दुई वर्गमा विभाजित गरेर एक थरीलाई 'रोमान्टिक प्रगतिवाद' र अर्कोथरीलाई 'विशुद्ध प्रगतिवाद' भन्ने चलन आजभोलि चलेको पाइन्छ । नेपाली साहित्यमा खास गरेर 'युगवाणी' कालीन महाकवि देवकोटा, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, गोपाल प्रसाद रिमाललाई रोमान्टिक प्रगतिवादी भनिन्छ भने विशुद्ध प्रगतिवादी कविहरूमा भूपि शेरचन, कृष्णचन्द्रसिंह प्रधान, आनन्ददेव भट्ट, गोविन्द भट्ट, मोदनाथ प्रश्रित, श्यामप्रसाद शर्मा, डिपी अधिकारी, रामचन्द्र भट्टराई लगायतका व्यक्तित्वहरू सक्रिय रूपमा देखिन्छ ।

## ३.२५ प्रयोगवादी धारा

परम्परित मूल्य र मान्यतालाई परिक्षिप्त रूपमा अनावश्यक ठानिएका सन्दर्भमा तर्कपूर्ण खण्डन गरी त्यसका सट्टामा प्रयोगात्मक नवीनताको स्थापनालाई प्रयोगवाद भनिन्छ । प्रयोगवादी कविहरू प्रतीकवाद, विम्वबाद, विसङ्गतिवाद तथा अतियथार्थवादका

प्रवृत्तिका अनुयायी हुन्छन् । नेपाली साहित्यको आधुनिक कालको प्रयोगवादी धाराकै समयावधिभित्र आयामेली आन्दोलन, राल्फाली आन्दोलन, अस्वीकृत जमात, अमलेख, यङ्ग राइटर्स फ्रन्ट, बुटपोलिस आन्दोलन जस्ता अभियान एवम् आन्दोलनहरू भएका पाइन्छन् । यस धाराका कविहरूले प्रयोगधर्मी किसिमका कविताहरूको सिर्जनामा अभिरुचि लिएका देखिन्छन् । प्रयोगवादी धाराका प्रमुख कविहरूमा जगदीशशमशेर राणा, मोहन कोइराला, द्वारिका श्रेष्ठ, मोहनहिमांशु थापा, ईश्वरबल्लभ, पारिजात, बैरागी काइँला, उपेन्द्र श्रेष्ठ, कुमार नेपाल, कृष्णभक्त श्रेष्ठ, तुलसी दिवस, तोाया गुरुङ, शैलेन्द्र साकार, मदन रेग्मी, बानिरा गिरी, मञ्जु काँचुली, अविनाश श्रेष्ठ, गोपाल पराजुलीलगायतका व्यक्तित्वहरू सक्रिय रहेका देखिन्छन् ।

## ३.२६ समसामयिक धारा

वि.सं. २०३६ सालको जनमतसङ्ग्रहको लहरसँगै नेपाली कविताको आधुनिक कालमा समसामयिक धाराको सुरुवात भएको मानिन्छ ।

नेपाली कविताको प्रयोगवादी जटिलताका विरुद्धमा यो धारा देखापरेको हो । यस अवधिका कविहरूले कल्पना, अतिशय, भावुकता र अमूर्ततालाई त्यागेर वर्तमान मान्छेले भोगिरहेको जीवनलाई वस्तुपरक ढङ्गले यथार्थ चित्रण गरेको पाइन्छ । यस धाराको समयावधिमा नेपाली साहित्यमा सडक कविता क्रान्ति, आरोहण मञ्च, सडक नाटक अभियान, तरलवाद, जनआन्दोलन कविता, छन्द बचाउँ अभियान, संरक्षण कविता आन्दोलन, छन्द जागरण अभियानजस्ता साहित्यिक आन्दोलन एवम् अभियानहरू पनि सञ्चालन भएका देखिन्छन् ।

नेपाली कविताको आधुनिक कालको समसामयिक धारामा नेत्रलाल पौडेल ‘अभागी’, विमल निभा, पूर्ण विराम, विश्वमोहन श्रेष्ठ, नरेन्द्रराज पौडेल, रविमान लम्जेल, उत्तमकृष्ण मजगैयाँ, चाँदनी शाह, प्रह्लाद पोखरेल, रमेश तुफान, नवराज कार्की, विनय रावल, इन्दिरा प्रसाईं, कृष्ण सेन ‘इच्छुक’, दिनेश अधिकारी, मीनबहादुर विष्ट, वियोगी बुढाथोकी, हेमन्त श्रेष्ठ, कृष्णभूषण बल, विक्रम सुब्बा, सरुभक्त, खुमनारायण पौडेल, नकुल सिलवाल, तीर्थ श्रेष्ठ, फणीन्द्र नेपाल, राजव, विमल कोइराला, विप्लव ढकाल, मोहन दुवाल, सुकुम शर्मा, गोविन्द गिरी प्रेरणा, भूपाल राई, श्रवण मुकारुङ, प्रोल्लास सिन्धुली लगायतका असङ्ख्य कविहरू सक्रिय रहिआएका छन् ।

# परिच्छेद - चार

## सङ्कलित सामग्रीको वर्गीकरण

४.१ स्वच्छन्दतावादी धाराका कवि र कविताहरू

४.१.१ त्रिलोचन प्रधानको 'नभेटिएको खुशी'

त्रिलोचन प्रधानको 'नभेटिएको खुशी' कविता सङ्ग्रह स्वच्छन्दतावादमा आधारित छ । प्रधान परिष्कार गर्नु आवश्यक देख्दैनन् । गद्य शैलीमा कविता लेख्ने कवि प्रधानको "नभेटिएको खुशी" स्वच्छन्दतावादमा आधारित नविन प्रयोगका साथ लेखिएको सङ्ग्रहमा सरसता, सरलता साथै मिठासपूर्ण शैलीमा मनका भावनाहरूलाई पोखिएकोल पाइन्छ ।

४.१.२ चिरञ्जीवी मास्केको 'मान्छे बदलेको देखें'

चिरञ्जीवी मास्केको 'मान्छे बदलेको देखें' गीत गजल सङ्ग्रहमा स्वच्छन्द रूपले माया प्रेमका सुमधुर क्षणहरूका साथै विछोडको पीडा व्यक्त भएको पाइन्छ । जीवनका आरोह-अवरोहहरूलाई व्यक्त गरिएको गजल सङ्ग्रहमा आत्मापरक शैलीमा लेखिएको पाइन्छ । मास्के आफू प्रगतिवादी फाँटमा रमाउने भए तापनि उक्त सङ्ग्रहमा स्वचछन्दतावादलाई अङ्गागालेर माया प्रेमको कहानीको रूपमा प्रस्तुत गरेको पाइन्छ ।

४.१.३ भोजराज न्यौपानेको 'आकाश माथिको देवता'

भोजराज न्यौपानेको 'आकाश माथिको देवता' मा स्वच्छन्दतावाद हावी भएको देखिन्छ । कविले मानवीय संवेदनालाई व्यक्त गर्ने कवि भोजराजको 'बोइलर कुखुरा जस्तो' शीर्षक कवितामा जिन्दगीलाई बोइलर कुखुरासँग दाँजिएको पाइन्छ । उनका अधिकांश कविताहरू भावनामा बहेर लेखिएको हुनाले स्वच्छन्दतावादी कविताको दर्जामा राख्न सकिन्छ ।

४.१.४ गीतालक्ष्मी शिवाकोटीको 'आँखाले संसार नदेखेपनि'

गीतालक्ष्मी शिवाकोटी नेत्रहीन भएपनि उनका कृतिमा समेटिएका गीत तथा कवितामा राष्ट्र-राष्ट्रियताप्रतिको प्रेममय भावना मानवीय संवेदना, प्रहरीको कर्तव्य र वीरता, प्रकृति र संस्कृति, शान्तिको चाहना राख्दै आफ्ना मनका अनगिन्ती भावनाहरूलाई स्वच्छन्दतावादी शैलीमा प्रस्तुत भएकी छिन् ।

४.१.५ मित्रमणि पोखरेलको 'फुल्दैछन् फूलहरू'

मित्रमणि पोखरेलको 'फुल्दैछन् फूलहरू' (२०५६) विभिन्न समयकालका विषयवस्तुलाई समेटेर भावनात्मक रूपमा प्रस्तुत भएका छन् । कविले गोठालो, बाख्रापालन, जोगी, दुर्व्यसनमा लागेका युवा, आफ्नी बहिनी र भरिया जस्ता विविध सामाजिक विषयवस्तुलाई अङ्गिकार गरेका छन् । पोखरेलको यस कृतिमा मानवतावादी दृष्टिकोण, नैतिक, शिक्षामूलक भावका कविताहरू स्वच्छन्द रूपले व्यक्त गरिएको पाइन्छ ।

४.१.६ केसाङ लामा 'अकेला' को 'मुटुको स्पन्दन'

केसाङ लामा 'अकेला' को मुटुको स्पन्दन (२०५०) मा मेरा पानाभित्रका कथा, वस्तीका पानाभित्रका झोडाका कथाहरू, प्रेमी पानाभित्र प्रेमका चोइटाहरू जस्ता कविताहरू पाइन्छन् । उनका कविता प्रायः प्रेम र विछोडका व्यथाहरूसँग सम्बन्धित छन् । यसैले यस सङ्ग्रहमा कवि स्वच्छन्दतावादी भएर प्रस्तुत भएका छन् ।

४.१.७ श्रीबाबु कार्की 'उदास' को 'च्यापिएको मुस्कान' (२०५७)

कविता गजल सङ्ग्रहको रूपमा प्रकाशित भएको पाइन्छ । समसामयिक द्वन्द्वात्मक अवस्थाको चित्रण गर्दै सामाजिक, आर्थिक, राजनीतिक तथा साँस्कृतिक साथै विविध विकृति, विसङ्गतिविरुद्ध कविले आत्मपरक शैलीमा कविता लेखेका छन् । त्यसैले कवि कार्कीलाई उक्त 'च्यापिएको मुस्कान' (२०५७) कविता सङग्रहको रूपरेखा हेर्दा स्वच्छन्दतावादी धारामा उभ्याउन  सकिन्छ ।

४.२ प्रगतिशील धाराका कवि र कविताहरू

४.२.१ हरिबाबु पाखरेल : 'पुराना कथाका संस्मरण, नयाँ कथाका विश्रान्ति'

हरिबाबु पोखरेलको प्रस्तुत एक कवितामात्रै प्रकाशित भए तापनि सोही कृति मार्फत प्रगतिशील साहित्य रचनाप्रति रुचि भएको महसुस गर्न सकिन्छ । पुराना कथाका संस्मरण, नयाँ कथाका विश्रान्ति (चम्पू) काव्य (२०३९) कृतिले नेपाली साहित्यको प्रगतिवादी साहित्यकारका रूपमा उनलाई उभ्याउन सक्ने देखिन आउँछ । ग्रामीण जनजीवनको कटु यथार्थलाई यस काव्यको विषयवस्तु बनाएर पोखरेलले समाजमा रहेको सामन्तवादी सोच, शोषण, दमन र अत्याचारबाट मुक्त समाजको कल्पना प्रस्तुत कृतिमा गरेका छन् । उक्त कृतिमा धने नामक पात्र शोषित भई मुग्लान छिर्न बाध्य भई अभावग्रस्त जन-जीवनको चित्रण भएको पाइन्छ ।

४.२.२ विष्णु सुवेदी : 'ती फूलहरू खै ?' र 'विधवा भाउजूहरूको देश'

विष्णु सुवेदीको प्रथम कृति 'ती फूलहरू खै ?' (२०४८) र 'विधवा भाउजूहरूको देश' दुईवटा कृतिहरू प्रकाशित छन् । ती दुई कृतिहरूमा आशावादी सोच, सुधारवादी धारणा र समाजका विकृति, विसङ्गतिहरूको विरोध गर्दै समाजलाई रूपान्तरण गर्नु

जरुरी देखिएको छ । विसङ्गति, विद्रुपता, पीडा, अशान्ति, हिंसा, हत्या, जातिपाति, छुवाछुत, अन्याय, अत्याचार राजनीतिक कु-संस्कार जस्ता विषयलाई 'विधवा भाउजूहरूको देश' कविता सङ्ग्रहमा समेटिएको पाइन्छ ।

सुवेदी प्रगतिवादी भएर उभिएका छन् । मार्क्सवादबाट प्रभावित बन्दै समाजलाई रूपान्तरण गर्नुपर्दछ भन्ने मान्यता राख्छन् । कवि सामाजिक, साँस्कृतिक मूल्यको विघटन, राष्ट्रियतामा खण्डीकरण, सुशासनमा क्षयीकरण र प्रशासनिक लवस्तऱ्याईमा तीखो व्यङ्ग गरेको देखिन्छ । शोषण, अन्याय, अत्याचारबाट पिल्सिएका जनताको पक्षमा तानाशाह र जारशाह मण्डलेहरूको विरुद्धमा कलम चलाएका कवि सुवेदी प्रगतिशील धारमा सशक्त भएर उभिएको पाइन्छ ।

४.२.४ मधुकृष्ण श्रेष्ठ माधुर्यको 'मैले खोजेको आकाश धर्ती' (२०६१)

मधुकृष्ण श्रेष्ठ माधुर्यको 'मैले खोजेको आकाश धर्ती' कविता सङ्ग्रह र 'बचेखुचेका सभ्यताहरू' शीर्षकका कविता लेखेका छन् । कविले वर्तमान अवस्थाको राजनीतिक विचलन, विसङ्गति, स्वार्थअन्धता, भ्रष्टताप्रति आक्रोश पोख्दै अहिंसा, शान्ति र सद्भावको कामना गरेका छन् । उनी समाज परिवर्तनको पक्षमा अडिग भएर उभिएका छन् । समाज रूपान्तरण गर्दै अग्रगतिमा अगाडि बढ्नुपर्दछ भन्ने सन्देश दिने श्रेष्ठ प्रगतिशील पक्षमा उभिएको पाइन्छ ।

४.३ स्वच्छन्दतावादी प्रगतिवादी धाराका कवि र कबिताहरू

४.३.१ वैकुन्ठ काफ्लेको 'सावित्री शोककाव्य'

वैकुन्ठ काफ्लेको 'सावित्री शोककाव्य' सामाजिक यथार्थ विषयवस्तुलाई आधार मानी लेखिएको छ । कवि काफ्लेले चार महिनाको दुधे बालक र आफूलाई छोडेर मृत्युवरण गरेकी पत्नी वियोगको पीडाले उनीप्रतिको अगाध प्रेमलाई काव्यात्मक उच्चता दिंदै यो कृति तयार पारेका छन् । त्यसैले यस कृतिलाई सामाजिक यथार्थवादी भएर कवि उभिएको हुनाले स्वच्छन्दतावादी प्रगतिवादी धारामा उभिएको पाइन्छ । कवि काफ्लेले जागिरे जीवन, भोग, रोग, शोक, पीडा, विरह, वेदनालाई काव्यात्मक रूप दिई प्रकाशित गरेका छन् ।

४.४ समसामयिक धाराका कवि र कविताहरू

४.४.१ सत्य श्रेष्ठ/अवतार ढकाल 'सङ्गम गजल सङग्रह'

सङ्गम गजल सङग्रहका लेखकद्वय श्रेष्ठ सत्य र अवतार ढकाल हुन् । उक्त सङग्रह स्वच्छन्दतावादी भएर मनका पीडा, धोका, मिलन-विछोड, घात-प्रतिघात, जलन लगायतका विषयवस्तुलाई समेटेर तयार पारिएको पाइन्छ । स्वच्छन्दतावादी भएर देशप्रेम प्रति अडिग छन् द्वय कविहरू । समसामयिक राज्यको द्वन्द्व, हत्या-हिंसा, बिग्रदै गएको

समाज व्यवस्थालाई सुधार्न प्रयास गर्नुपर्ने विभिन्न शब्दावलीमा गजल सङग्रह सफल भएको मानिन्छ ।

४.४.२ राधाकृष्ण चापागाई/श्याम भट्टराई 'मरेको छ जिन्दगी'/'म बाँचेको छु' कविता सङ्ग्रह

राधाकृष्ण चापागाई/श्याम भट्टराईको संयुक्त रूपमा प्रकाशित कविता सङग्रहमा स्वच्छन्दतावादी प्रगतिवादी साहित्यमा अडिग भएर कविता लेखेको पाइन्छ । धेरै ठाउमा प्रेमको चर्चा गरे पनि समाज परिवर्तन हुनुपर्छ भनी सन्देश भेटिन्छ । राज्यका शासकहरू प्रति तीव्र व्यङ्गय समेत भएको उक्त सङ्ग्रहले हामी आफै सुध्रनुपर्छ भनी सन्देश दिएको पाइन्छ ।

समसामयिक विषयवस्तुलाई व्यङ्गयात्मक ढङ्गले व्यक्त गर्दै वर्तमान अवस्थामा भइरहेको अशान्ति, हत्या-हिंसाको अन्त्यका लागि सन्देशमूलक ढंगले कविता सङग्रह प्रस्तुत भएको पाइन्छ ।

४.४.३ कर्मचारी मिलन केन्द्रको 'कविता मिलन' कबिता संग्रह

'कविता मिलन' कविता सङग्रहमा छन्दका कविता थोरै र गद्य कविता धेरै भेटिन्छन् । निजामति सङ्घ भित्रका विकृति, विसङ्गतिको चर्चा गरिएको छ । यस सङग्रहभित्र समसामयिक विषयवस्तुलाई समेटेको पाइन्छ ।

केही कविहरूले स्वच्छन्दतावादी-प्रगतिवादी भएर पनि कविताको सृजना गरेको देखिन्छ । समग्रमा यो कविता मिलन सवै साहित्यिकवादको संगालो जस्तो वन्न पुगेको पाइन्छ । तथापि दोलखाको साहित्यलाई रूपान्तरण गरी अग्रगतिमा अगाडि बढ्न कोसेढुङ्गा सावित भएको छ । देशको हिंसा-हत्या,द्वन्द्वात्मक समाज, पीडाहरू, सामाजिक शोषण, उत्पीडनका व्यथाहरू मिलन भएकोले यस कविता सङग्रहलाई समसामयिक धारामा राख्न सकिन्छ ।

४.४.४ विष्णुहरि नेपालको 'वाह्र वर्षे उमेरैमा' कविता सङ्ग्रह

विष्णुहरि नेपालको बाह्र वर्षे उमेरैमा (२०५९) बाल्यकालका रचनाहरूको सङ्कलन हो । उक्त कविता सङग्रहमा भावनाको गहिराई कल्पनाको उडानलाई समात्न सफल देखिन्छन् । वामपन्थी वा प्रगतिवादी विचारका आस्थावान भएपनि तत्कालीन परिवेशमा वाल्यावस्थामा आफू नजानेरै पञ्चायतको समर्थनमा लेखेको कुरा स्वीकार गरेका छन् । (टीकाराम पोखरेल) साथै किन मैले पञ्चायतलाई समर्थन गर्नुपऱ्यो भन्ने रहस्य खोलेका छन् ।

४.४.५ पुष्करराज बुढाथोकी 'साँउतेली' को 'परेलाको पानी' गीति सङ्ग्रह

पुष्करराज बुढाथोकी 'साँउतेली' को 'परेलाको पानी' गीतिसङग्रह प्रकाशित भएको पाइन्छ । समसामयिक विषयवस्तुमा आधारित भई लेखेको यस सङग्रहमा साँउतेली बेला-

बेलामा निराशावादी भएको भेटिन्छ । माया-प्रेम र रोमाञ्चक अभिव्यक्तिहरूको सङग्रहको रूपमा 'परेलाको पानी' देखिन्छ ।

साँउतेलीका गीतहरू छोटा भएर पनि मीठा, लयात्मक, सरल र सन्देश मुलक छन् । तर सन्देश दिनुभन्दा पनि यथार्थवादी जीवनको अभिव्यक्ति बुढाथोकीका गीतका विशेषता बनेका छन् । धेरै विचार र भावनाहरू सम्प्रेषण गर्न सफल देखिन्छन् साँउतेली ।

### ४.५ धार्मिक कवि र कविताहरू

#### ४.५.१ बैदार भीमलालको 'भीमनारायण'

कवि बैदार भीमलालको 'भीमनारायण' छन्दोवद्ध रूपमा रचना भएको आध्यात्मिक दृष्ट्रिकोणबाट प्रेरित काव्य कृति हो । दोलखामा आध्यात्मिक आदर्शको एकोहोरो वर्णन गरी लेखिएको यो काव्यले दोलखाली काव्य कृतिको फाँटमा उपलब्धिपूर्ण काम भएको मान्न सकिन्छ ।

#### ४.५.२ हरिभक्त न्यौपानेको 'मनमोदक'

हरिभक्त न्यौपानेको 'मनमोदक' कविता तथा गजलहरूको सङग्रहमा जीवनको भोगाइलाई कवितामा उतार्ने प्रयास गरिएको छ । उनको कवितामा जीवनका विसङ्गत पक्षको चित्रण गर्दै अध्यात्मवादी दृष्टिकोणको प्रस्तुत गरिएको पाइन्छ ।

#### ४.५.३ महेश्वर शिवाकोटीको 'श्यामभक्ति तरङ्गिणी'

महेश्वर शिवाकोटीको 'श्यामभक्ति तरङ्गिणी' छन्दोबद्ध गरिएको धार्मिक कृति हो । कालीको भक्तिको मात्र विशेष चर्चा गरिएको भए पनि भक्ति साहित्यको उत्कृष्ट नमुनाको रूपमा हामी पाउँछौं । आध्यात्मिक चिन्तनमा लीन रहने शिवाकोटी हिन्दु आध्यात्मिक धर्म दर्शनमा विश्वास राख्दछन् ।

#### ४.५.४ अमरबहादुर कार्कीको 'आर्तपुकार'

अमरबहादुर कार्कीको 'आर्तपुकार' एकादशी महात्म्य र हरिकीर्तन विषयमा लेखिएको छ । आध्यात्मिक दृष्टिकोणले लेखिएको उक्त कृति लक्ष्मी प्रसाद देवकोटाको प्रेरणाले लेखेको पाइन्छ ।

#### ४.५.५ प्रेमप्रसाद सुवेदीको 'प्रेम दर्पण'

प्रेमप्रसाद सुवेदीको 'प्रेम दर्पण' अध्यात्मवादी दर्शनमा आधारित बनी नीति सन्देशमूलक कृतिको रूपमा उभिएको देखिन्छ । उक्त कृति अध्यात्मवादी धार्मिक दृष्टिकोण र नैतिकतावादी सन्देश दिने पद्यात्मक काव्यकृति हो । अध्यात्मवादी जीवन

दर्शनलाई सरलभाषा र समसामयिक उदाहरणका रूपमा प्रस्तुत गर्नसक्नु सुवेदीको खुवी मानिन्छ ।

# परिच्छेद ५

## कविता सङ्ग्रहहरूको विश्लेषण

### ५.१ प्रेमप्रसाद सुवेदीको 'प्रेम दर्पण' कविता सङ्ग्रहको विश्लेषण

'प्रेम दर्पण' प्रेमप्रसाद सुवेदीद्वारा लिखित वि.सं. २०३० सालमा प्रकाशित काव्यात्मक मूल्य भएको काव्यकृति हो । प्रेमप्रसाद सुवेदीको 'प्रेम दर्पण' कविता सङ्ग्रहको विषयवस्तु अध्यात्मवादी धार्मिक दृष्टिकोण र नैतिकतावादी सन्देश दिने प्रवृत्तिको छ । सुवेदीले आफ्नो विषयवस्तुमा पौराणिक सन्दर्भहरुलाई समेत जोडेका छन् ।

कवि सुवेदीको 'प्रेम दर्पण' अध्यात्मवादी दृष्टिकोण देखा परेको छ । कविले अलौकिक ईश्वरीय शक्तिमा विश्वास गरेका छन् । कृष्ण भगवानको स्तृतिगान गाउँदै ब्रह्मज्ञानको कुरा गरेका छन् । ईश्वरबाट मात्रै संसारको मुक्ति हुन सक्दछ भन्ने भावना कवि सुवेदीमा पाइन्छ । कविले धर्मलाई बलियो बनाउने साथै अध्यात्वादी चिन्तनको विकास गर्ने मूल उद्देश्य राखेका छन् ।

कवि सुवेदीले कवितामा लयात्मक भाषाको प्रयोग गरेका छन् । यस प्रेम दर्पणमा पद्यात्मक भाषाको प्रयोग भए पनि कतै-कतै गद्यात्मक भाषाको पनि प्रयोग गरिएको छ । यस कविता सङ्ग्रहमा संस्कृतको प्रभाव परेको देखिन्छ । कवि सुवेदीले आफ्ना कविताहरुमा कविताको शीर्षक आदि, मध्य र अन्त्य भागमा पाइने संरचनागत संयोजनालाई मिलाएको देखिन्छ । कविताको अध्ययन गर्दा बिम्ब, प्रतीक, उपमा, अलङ्कार योजनालाई कविले ध्यान दिएका छन् ।

कतिपय ठाउँमा समसामयिक सन्दर्भहरू पनि छन् । नैतिक सन्देशमूलक कहानीको माध्यमबाट यसलाई नैतिक मूल्य र मान्यताको कसीमा अगाडि बढाउने प्रयत्न देखिन्छ । कतिपय ठाउँमा स्थानीयताको समेत स्पर्श पाइन्छ । यस सङ्ग्रहका कवितामा आफ्नौ गाउँघरका घटनाहरूको वर्णन गर्दै रोचक सन्देश प्रवाह गर्न खोजे झै प्रतीत हुन्छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्रमा पुष्पाञ्जली अर्पण गर्दै श्री ५ वीरेन्द्रलाई पृथ्वीमा ईश्वरको अवतारका रूपमा चित्रण गरेका छन् । उपदेश खण्डमा उनी फेरि कृष्णभक्तिमा मन लगाउन आव्हान गर्दछन् । उनी संसारमा ईश्वर अवश्य छ भन्ने वकालत गर्दछन् भने कसैले कसैको रिस नगर्नू भन्दछन् । उनले धनलाई क्षणिक आनन्दको मात्र साधन भएकोले सच्चा धन र पुण्य कमाउनु हो भन्ने सन्देश दिएका छन् । अहिंसा नै सबैभन्दा ठूलो धर्म हो र हिंसा महापाप हो भन्दै सुवेदीले अहिंसावादीको पक्षमा वकालत गरेका छन् । 'प्रेम दर्पण' प्रेमप्रसाद सुवेदीद्वारा रचित अध्यात्मिक जीवनदर्शनवादी काव्यात्मक कृति हो । यसको मुख्य उद्देश्य नै नीति सन्देश दिनु र मानव जातिलाई सत्मार्गमा डोऱ्याउनु रहेको देखिन्छ । खासगरी कृष्णभक्तिमा आधारित प्रस्तुत काव्यकृतिमा केही संस्कृतका श्लोकहरू पनि परेका छन् । संस्कृतसमेत अध्ययन गरेका विद्वान् प्रेमप्रसाद सुवेदी राम्रो काव्य रचना गर्न सक्ने कवित्वशक्ति भएका व्यक्ति देखिन्छन् ।

अध्यात्मवादी जीवनदर्शनलाई सरल भाषा र समसामयिक उदाहरणमा प्रस्तुत गर्न सक्नु सुवेदीको खुबी मान्न सकिन्छ । वि.सं. २०३० को समयमा दोलखाको सन्दर्भमा हेर्दा त्यसबेला यो पुस्तक प्रकाशित गर्न सक्नुले आफैंमा महत्व राख्दछ ।

## ५.२ मधुकृष्ण श्रेष्ठ माधुर्यको 'मैले खोजेको आकाश धर्ती' कविता सङ्ग्रहको विश्लेषण

दोलखाको अभयपुरमा जन्मेका श्रेष्ठको कविता सङ्ग्रह 'मैले खोजेको आकाश धर्ती' (२०६१) प्रकाशित भएको पाइन्छ । यसको प्रकाशनको जिम्मा नेपाली शिक्षा परिषदले लिएको थियो । नेपाली साहित्यका हस्तीहरू डा. ताना शर्मा, प्रा.डा. अभि सुवेदीको भूमिका राखी कृतिको सटिक विश्लेषण गरिएको पाइन्छ । ३३ वटा कविता ७२ पृष्ठमा समेटिएर प्रकाशित कृतिमा शीर्षक अनुसारका प्रतीकात्मक चित्र कोर्न सफल देखिन्छन् । कवि मधुकृष्ण श्रेष्ठले आफ्ना जीवनका अनुभव, भोगाईहरुलाई कविताको विषयवस्तु बनाएका छन् । जीवन भोगाईमा देखा परेका समस्या, विकृति, विसङ्गतिलगायत, भ्रष्टताप्रति तिखो व्यङ्ग्यसमेत गर्न पछि परेका छैनन् ।

कवि श्रेष्ठका प्रायः कविताहरु गद्यमा लेखेको पाइन्छ । कविताको मूल उद्देश्य वर्तमान अवस्थामा देशमा राजनीतिक विकृतिहरु देखा पर्न थालेको, विकृति-विसङ्गतिहरु बढ्न थालेको, मान्छेहरु स्वार्थ अन्धताबाट मुक्त हुन नसकेकोले त्यस्ता प्रवृत्तिका व्यक्तिहरुलाई सन्देश दिने खालको कविता लेखेका छन् ।

कवि श्रेष्ठको कवितामा अहिंसा, शान्ति र सद्भावनाका स्वरहरु प्रसस्त मात्रामा भेटिन्छन् । कवितालाई रोमाञ्चक बनाउन कविले आफूले भोगेका भोगाइलाई कल्पनाको माध्यमबाट उतार्न सक्नु कविको कलात्मकता हो । समसामयिक विषयवस्तुलाई समेत समेटेर कविता लेख्न सक्नु कविको उच्चक्षमता हो । कवि समाज परिवर्तनका पक्षमा उभिएका छन् । वर्तमान अवस्थामा रहेको समाजलाई रुपान्तरण गर्नुपर्दछ भनी प्रगतिशिल पक्षमा उभिएको पाइन्छ । नेपाली जनजीवनका आरोह-अवरोहहरूमा आफूले भोगेको समयप्रति तीखो व्यङ्ग्य प्रहार गर्छन् ।

कवि श्रेष्ठका 'बचेखुचेका सभ्यताहरू' शीर्षकमा विशुद्ध कविता मात्र नभएर कथा कविताको रूपमा रहेको भेटिन्छ । कविले वर्तमान अवस्थामा देखिएको राजनीतिक विकृति, विसङ्गति, स्वार्थअन्धता, भ्रष्टताप्रति तीव्र आक्रोश पोख्दै अहिंसा, शान्ति र सद्भावनाको कामना गरेका छन् । अतः कवि श्रेष्ठले आफ्नो कवितामार्फत आफूले देखेको र भोगेको समय र अनुभवको अभिव्यञ्जना गरेको देखिन आउँछ ।

साहित्य जीवनको सूक्ष्म प्रतिविम्ब हो । यसलाई यथार्थको धरातलमा टल्काउँदै जीवनउपयोगी बनाउन सक्नु लेखनकला हो र लेखकको दायित्व पनि हो भन्ने साहित्यिक मान्यता राख्ने कवि श्रेष्ठ 'महेन्द्र विद्या भूषण 'क' श्रेणीको पदक २०५९ बाट विभूषित छन् ।

## ५.४ विष्णु सुवेदीको 'ती फूलहरु खै' कविता सङ्ग्रहको विश्लेषण

कवि विष्णु सुवेदीको 'ती फूलहरु खै' कविता सङ्ग्रहको विषयवस्तु ग्रामीण समाजका कथाव्यथाहरुलाई बनाइएको छ । समाजमा भएका विकृति, विसङ्गति, मर्म, पीडा, सामाजिक घटनाहरुलाई आफ्ना कवितामार्फत व्यक्त गर्न सफल भएका छन् कवि सुवेदी । सुवेदीका कविताको मूल उद्देश्य सर्वहारा वर्गको मुक्तिका खातिर वर्तमान निरङ्कुश सत्ताकाविरुद्ध नारा लगाउनु पर्दछ । अनिमात्र वस्ती-वस्तीमा जनताहरुलाई व्यूझाउन सकिन्छ भन्ने रहेको छ ।

कवि सुवेदीले ती फूलहरु खै कविता सङ्ग्रहमा कविताहरु गद्यशैलीमा लेखेका छन् । प्रसस्त मात्रामा विम्ब, प्रतीक र अलङ्कार प्रयोग गरी वर्तमान सत्तामाथि व्यङ्ग्य प्रहार गरेको पाइन्छ । कवितामा सरल, सहज भाषाको प्रयोग गरेका छन् जसका कारणले जनताले बुझ्न सकून् भन्ने राय समेत कविको रहेको छ । कविका जीवन भोगाइबाट आएका विभिन्न समस्या, चुनौतीहरुलाई समेत समेटेर लयात्मक ढङ्गले कविता लेख्न सफल भएका छन् ।

'ती फूलहरू खै ?' विष्णु सुवेदीद्वारा विभिन्न समयमा रचित कविताहरूको सङ्ग्रह हो । प्रगतिवादी दृष्टिकोण राखेर रचित उनका रचनाहरू यसमा सङ्कलित छन् । यस सङ्ग्रहको काव्यात्मक उचाइ पनि त्यत्तिकै छ ।

कवि सुवेदीको प्रथम कृति 'ती फूलहरू खै ?' (२०४८) नामक कविता सङ्ग्रह २९ पृष्ठमा १६ वटा कविता समाविष्ट भई प्रकाशित भएको देखिन्छ । यस सङ्ग्रहका कविताले तत्कालीन समय बोकेको छ, मर्म र पीडाहरूलाई अनुभव गरेको छ, अनि विसङ्गतिपूर्ण समाजका घटनाहरूको भण्डाफोर गरेको देखिन्छ ।

'ती फूलहरू खै ?' को भूमिकामा कवि रमेश खड्काले मर्मान्तक र कलात्मक कविताहरू लेख्न सफल हुनुभएको छ भनी टिप्पणी गर्नुभएको छ । 'तेन्जिङ अब हिमाल चढ्दैन' कवितामा मानवता कुँदिएको, पराक्रम लुछिएको कुरालाई विशेष केन्द्रित गरिएको देखिन्छ । 'लेख्न बाँकी नै छन् ती कथाहरू' जस्ता कवितामा गोरे, च्यामे र कालीको कथा लेख्न बाँकी छ, वर्ग सङ्घर्षको हतियार उठाउन बाँकी नै छ भनी सर्वहाराको मुक्तिको लागि सत्ताका विरुद्ध नारा लगाउनु पर्दछ भन्दै जोडदार स्वरहरू उराल्दछन् ।

'वस्ती ब्यूँझाउनेहरू' कवितामा बस्ती, गाउँका निमुखाहरूलाई ब्यूझाउनु पर्दछ भनी युद्धका गीतहरू गाउनुपर्दछ, एक हात टालो र एक छाक चामलको विवशतामा रुमलिनुपर्ने गीतहरू गाउनुपर्छ भनी कवितालाई मसिनो ढङ्गले सरल, सरस शैलीमा अभिव्यक्त गरेका छन् । गायक जनताको बन्नुपर्छ, गीत शोषित-पीडित जनताका गाउनुपर्छ भन्दै समाज परिवर्तनका लागि आशावादी देखिन्छन् ।

'ती फूलहरू खै ?'कवितामा यौवन, रूप र संगत मात्र दिएनन्, विश्वासले भरिएको भावना र छोडे विजय र मुक्तिको कामना भनी फूलले मलाई मुस्कान, युद्ध र मुक्तिको पाठ पढाएको छ भनी आफ्नो भावनात्मक अभिव्यक्ति दिन सफल देखिन्छन् कवि सुवेदी ।

*म ती फूलहरु खेजिरहेछु*
*चक्रपथ, टुकुचा, धरहरा र पार्क डुलिरहेछु*
*जुन फूलको प्रयासले मुक्ति पलायो, तिनै फूल खोजिरहेछु*
*प्राज्ञ, लेखक, शासक र प्रहरीसँग सोधिरहेछु*
*ती जोशिला फूलहरु खै ? ती सहिद फूल खै ?*

'एक दृष्टि : हामीहरूको मृत्यु' कवितामा हामी भोग, रोग र शोकले ग्रसित छौँ । हामी जिउँदै निथ्रिसकेका छौँ । अनि सक्किसकेका छौँ, त्यसैले हामी अतालिन्छौँ भन्दै हामी नेपालीहरूले चाहेजस्तो मृत्यु वेहोर्ने पाएनौँ भनी चिन्तित देखिन्छन् ।

*हाम्रो मृत्यु अप्रेशनमा होस्*
*सन्तोष र इच्छामा होस्*
*हामी जे गरिरहेछौं मृत्यु पर्खेर*
*हामी जे भनिरहेछौं मृत्यु देखेर ।*

कवि सुवेदीका शब्दहरू जनजिब्रोमा छन् । सरल, सहज र मिठासपूर्ण छन् । ग्रामीण जन-जीवनलाई छुने खालका छन् । शोषण, अन्याय, अत्याचारबाट पिल्सिएका जनताको पक्षमा तानाशाह र जारशाह मण्डलेहरूको विरुद्धमा कलम चलाएका कवि सुवेदी माक्सवादी विश्वदृष्टिकोणबाट प्रभावित बनेका देखिन्छन् । पहाडहरू किन मौन छन् भन्ने कवितासँगै गाउँ, वस्तीका पिल्सिएका जनताहरूका कथा-व्यथालाई कसैले बुझ्न सकेन, जान्न सकेन भन्ने अभिव्यक्ति दिएका छन् । यसरी कवि सुवेदीले 'ती फूलहरू खै ?' कविता सङ्ग्रह पहिलो प्रयास भए पनि लोकप्रियता कमाउन सफल भएका देखिन्छन् ।

५.४.२ 'विधवा भाउजूहरूको देश' (२०६३)

विष्णु सुवेदीको दोस्रो काव्यकृति 'विधवा भाउजूहरूको देश' (२०६२) प्रकाशित भएको छ । यस कविता सङ्ग्रहमा परिपक्व सोच, साहित्यिक चेत र भाषिक सरलता पाइन्छ । देशमा चलिरहेको द्वन्द्वलाई समेत समेटेर मुलुकका त्रासदीपूर्ण घटनाहरूलाई विषयवस्तुका रूपमा प्रमुखता पाएको देखिन्छ । ग्रामीण समाजको अभावग्रस्त जीवन, पीडा, समाजको सामन्ती संरचना, ढोंगी प्रवृत्तिका साथै महिला तथा दलितहरूको पीडा र व्यथाहरूको यथार्थपूर्ण चित्रण उनका कविताहरूमा भेटिन्छ । विसङ्गति, विद्रुपता, पीडा, अशान्ति, हिंसा-हत्या, जातिपाति, छुवाछुत, अन्याय-अत्याचार, राजनीतिक कु-संस्कार जस्ता विषयलाई कवितामा कवि विष्णु सुवेदीले समेटेको पाइन्छ ।

कवि विष्णु सुबेदीको यस सङ्ग्रहमा देशमा चलिरहेको द्वन्द्वको बारेमा व्याख्या विश्लेषण गरि कविता लेखेका छन् । यस कविता सङ्ग्रहमा जीवन र जगतका यथार्थपरक अभिव्यक्तिलाई प्रस्ट पार्ने कोशिस गरि भौतिकबादी विचारलाई अगाडि सारेको पाइन्छ । कवि द्वन्द्वको चरम अवस्थामा समाजको रुपान्तरण गर्दै स्थायी शान्तिको पक्षमा लाग्न सबै

पक्षलाई आग्रह गरेका छन् । सुबेदीका कविताका मुल उद्देश्य समाज परिवर्तनको पक्षमा लाग्न सबै पाठकलाई अनुरोध गरेका छन् । समाजमा भएका परम्परावादी सामाजिक प्रवृत्ति र यथास्थितिबादी सोचाइबाट मुक्त बनी गतिशिल बन्न समेत आग्रह गरेका छन् ।

समग्रमा भन्नुपर्दा यस सङ्ग्रहमा कविताको प्रस्तुति चमत्कारपूर्ण छैन । बाह्य प्रस्तुतिको कोणबाट हेर्दा परम्परागत शैलीमा नै लेखिएका देखिन्छन् कविता । कविले उपख्यानात्मक शैली अंगालेका छन् । प्रस्तुतिमाभन्दा अन्तर्वस्तुमा यी कविताको महत्व झल्कन्छ । यसैले सुवेदीका कविता लामा भएर पनि पट्यारलाग्दा भने छैनन । यिनले मर्मस्पर्शी कुरा मात्र नगरी कवित्वको गुणलाई पनि आफूले आत्मसात गरेका छन् । यी कविताले वर्तमान नेपाललाई राम्रोसँग टिपेको देखिन्छ । एउटा युवकको अभिव्यक्ति भएर पनि यो सङ्ग्रह युवासुलभ प्रेमजन्य भावनाभित्र कैद भएको छैन । देश र जनताप्रति स्वयंलाई गैरजिम्मेवार नठान्ने र देशको बेदना बिर्सेर व्यक्तिगत संसारमा नरमाउने युवकका अभिव्यक्ति हुन् । यी कविताहरू जसले जिम्मेवार हुन नसकेको नेतृत्व वर्गको क्रियाकलापलाई चुनौती दिएका छन् । साहित्यकार सुधा त्रिपाठीले सङ्ग्रहको भूमिकामा भाउजूहरू विधवा नहुन्, दाजुहरू विधुर नबनून्, केटाकेटीहरू टुहुरा नबनून्, वृद्धहरूले सन्तान गुमाउनु नपरोस् भनी कविलाई सफलता आफैं ती पौरखी हात चुम्न आइपुग्ने छ भनी कामना व्यक्त गर्नुभएको छ ।

कवि सुबेदीले प्रायः कविताहरु गद्य शैलीमा लेखेका छन् । कवि स्वयमले गद्य कवितामा लयात्मकता दिएका छन् । यस सङ्ग्रहमा कविले एउटा सर्वहाराहरुको मुक्ति भएको देश हेर्न चाह्यन्छन् । उनी कल्पना गर्छन्, निम्न वर्गीय व्यक्तिहरुले पनि शासनसत्ताको हकदार बन्न सकुन् । सुबेदीका कवितामा प्रगतिबादी अभिलक्षण पनि प्रसस्त प्रकट भएका छन् । कम्युनिष्ट पार्टीका नेताहरुले नै वर्गीय पक्षधरताको मर्म विर्सदै गएको परिस्थितिमा आफ्नो कविता मार्फत कविले पुनर्ताजगी गर्नु निश्चय नै प्रशंसनीय कार्य हो यसका अतिरिक्त कवितामा निम्न जातिय र नारीजातिय पक्षधरता पनि अटाएको पाइन्छ । आमूल परिवर्तनको चाहाना र समाजवादी एवम् साम्यवादी स्वप्न पनि केही कवितामा प्रकट भएका छन् । सुवेदीका कविताहरुमा विम्व, उपमा, प्रतीक, अलङ्कार योजना जस्ता कलागत पक्ष बलियो रहेको छ । कविताको शीर्षक आदि, मध्य र अन्त्य भागमा पाइने संरचनागत संयोजनलाई कविले उत्कृष्टताकासाथ मिलाएका छन् ।

देशको वर्तमान पीडालाई सुवेदीले नजिकबाट निहालिरहेका छन् - कवितामार्फत । कविको कलम तिखारिरहेका छन् । वर्तमानको पीडा भोग्दै समयसँग पौडेजोरी खेलिरहेका छौं हामी । हाम्रा सामु चेलीहरू विधवा बनिरहेका छन् । जुन-कुनै बहानामा पनि युवा शक्ति विदेशिन बाध्य छ । यिनै वर्तमानका चोटहरूको कथा व्यथाहरूको सङ्ग्रह नै विधवा भाउजूहरूको देश हो ।

मान्छे मार्ने उद्योग फस्टाएको बेला यहाँ कुनै पनि व्यक्ति सुरक्षित छैनन् । जो जहाँ मरे पनि नेपाली आमाको छाती दुख्ने कुरामा उनी दृढ छन्, युद्ध त्यागेर स्थायी शान्तिमा लाग्ने साथै त्यसमा पहल गर्ने अनि नागरिक समाज नै अगाडि बढ्नुपर्छ भन्ने कुरामा

अडिग छन्, विष्णु सुवेदी । नेपाली आम महिलाहरूको दुःखद् विषयलाई टाठाबाठाहरूले मागी खाने भाँडो बनाउनेहरूदेखि क्रुद्ध छन् कवि ।

प्रजातान्त्रिक नेताहरूले आफ्नो विश्वास गुमाएर दुःखद् स्थिति ल्याएको कुरा पनि प्रस्ट्याउन चाहन्छन् उनी । यसैगरी गाउँ, वस्तीहरू त्रसित छन् । मलाई सधैं चिथर्न आउने नङ्ग्राहरूको चित्रकारिता पनि छ, यी कवितामा । मेरा सबै सपनाका ऐठनहरू र विपनाका त्रासहरू, विभत्सताहरू सबै आएका छन् - यी कविताहरूको बुई चढेर भन्दै सुधा त्रिपाठीले समीक्षा गर्नुभएको छ ।

कविता आमाहरूले बुझ्ने हुनुपर्दछ, कविता गाउँ, वस्तीका निमुखाले बुझ्ने हुनुपर्दछ । कविता सरलता साथै बोलीचालीको भाषा बन्नुपर्दछ भन्ने धारणा कविले व्यक्त गरेका छन् । अर्को कविता सरल, सहज र ग्रामीण समाजमा पीडितहरूको पक्षपोषण गरी लेखिएको छ । सरल भाषामा बाहेक उनका मनका भावनाहरूलाई देशमा भएका भइरहेका गतिविधिहरूलाई सहजरूपमा प्रस्तुत गर्न सफल बनेका छन् कवि । उनको यो सरल भावनाले सबै नेपाली भाउजू-दिदीभाइहरूको मन छुन सफल रहने छ भन्ने विश्वास हामी सबै पाठकहरूमा जागेको छ ।

प्रजातन्त्र, सहिद र सपना कविता मार्फत सहिदलाई एकादेशको वीर पात्रका रूपमा हेरिएकोमा कवि आक्रोसित छन् । 'यसपालीको रोपाईं' कवितामार्फत देशको द्वन्द्वको चित्रण गरेका छन् कविले । अधिकांश कविताहरू देशको पीडाबाट टाढा रहन सकेका छैनन् । 'विधवा भाउजूहरूको देश'को मियो द्वन्द्व नै हो । त्यही विषयवस्तुमाथि कविको उन्नत शिल्प केन्द्रित छ । कविको हेराईमा भीरदेखि समुद्रको तिरसम्म संगति बाँकी छैन । मानव मूल्य मान्यता र मानवता ह्रास हुँदै गएको छ।

'काली घर्तिनीको बयान' मा समाजको एउटा कारुणिक व्यथा ठिङ्ग उभिएको देखिन्छ । 'आखिर मै आमा दुख्छु' कवितामार्फत कवि तटस्थ रहेर आमा माथिको प्रहारमा सचेत रहनुपर्ने आग्रह गर्न पुग्छन् ।

***चोट जता लागे पनि,***
***घाउ जता दुःखे पनि***
***आखिर मै आमा दुख्छु ।***

कविले यस कवितामा कसैलाई लाखापाखा लगाएका छैनन् र कसैलाई ठाडो सत्तोसराप पनि गरेको देखिदैंन । यसैले कवि सुवेदीको कविता विचारमा प्रबलता, चिन्तनको सघनता, ज्ञानको प्रचुरता र शैलीगत, विशिष्टताले गर्दा विशिष्ट बनेको देखिन्छ । कवि सामाजिक, साँस्कृतिक मूल्यको विघटन, राष्ट्रियतामा खण्डीकरण, सुशासनमा क्षयीकरण र प्रशासनिक लबस्तऱ्याईंमा ठाडो प्रहार गर्दै अगाडि बढेको पाइन्छ।

द्वन्द्वकै प्रतिबिम्ब झल्काउने अर्को कविता हो 'मानबहादुर !' आज देश बल्नुमा, जल्नुमा र देशको भार थाम्ने व्यक्तिहरू ढल्नुमा मानबहादुरहरूलाई देशले बेलैमा चिन्न सकेको भए यो स्थिति ब्यहोर्नु पर्दैनथ्यो र मानबहादुरहरूले पनि विद्रोहको शङ्ख फुक्दै

आफैले रोपेको खबरदारीमा आगो झोस्न जाँदैनथ्यो । तर यति हुँदाहुँदै पनि विद्रोहमा संलग्न मानबहादुरलाई सम्झाईबुझाई गर्न कवि सुवेदी तयार छन् ।

*दुःख नमान मानबहादुर*
*यतिखेर तिम्रो दुःखभन्दा*
*देशको दुःख ठूलो छ ।*
*यदुवंशी युद्धको अन्त्यका लागि,*
*कम्तिमा आमा त जोगाऔं,*
*आमा नै नरहे हामी को नेपाली ?*
*के नेपाली ?*

'यस कविता सङ्ग्रहमा साहित्यकार सुधा त्रिपाठीको भूमिकाले पनि सङ्ग्रहको उचाइ बढाएको छ । कविले भूमिका लेखिदिन गरेको आग्रहलाई त्रिपाठीले एउटा भाइले दिदीसँग अंशको दावी गरेको सम्झदै ऐतिहासिक दिन मान्नुले पनि सङ्ग्रह उत्कृष्ट भएको अनुभव हुन्छ ।' जम्मा ३३ वटा कविता सङ्ग्रहित उक्त सङ्ग्रहका प्रत्येक कविताहरू दुई पृष्ठ लामो भएकोले सङ्ग्रहमा ७९ पृष्ठ छन् ।

कवि सुवेदी परम्परावादी सामाजिक प्रवृत्ति र यथास्थितिवादी सोचाइंप्रति यिनी सहमत देखिदैनन्, कवि विष्णु यो समाज जेजस्तो छ, त्यस्तै रूपमा यसलाई स्वीकान चाहँदैनन् । यहाँका अँध्याराहरू उज्यालासँग साटिनुपर्छ, वेथितिहरू थितिमा बदलिनुपर्दछ, अप्ठ्याराहरू सजिलो बन्नुपर्दछ, अस्मिताहीन सम्झौता नासिनु पर्दछ भन्ने आवाजलाई उनले आफ्ना कविताको आधार बनाएको देखिन्छ । नेपालको वर्तमान सामाजिक संरचनामा जो उपेक्षित छ त्यसलाई कविले महत्व दिएको देखिन्छ । सामाजिक महत्व नपाएका तर शोषित भने हुनुको पीडाभित्र रन्थनिएका कथित निम्न जातीय र निम्न वर्गीय जनताको पीडालाई 'लिखे दमाइको एउटा पत्र विष्टका नाउँमा' र 'काली घर्तिनीको बयान', 'हाकिम साहेब' शीर्षकका कवितामा समावेश गरिएको छ । यी कवितामा एकातिर तिनको पीडा बोलेको छ भने अर्कोतिर ती पीडाको अन्त्य हुनुपर्दछ भन्ने आवाज पनि बुलन्द गरिएको छ ।'

## ५.५ चिरञ्जीवी मास्केको 'मान्छे बद्लेको देखें' गीत/गजल सङ्ग्रहको विश्लेषण

'मान्छे बद्लेको देखें' (२०६०) नामक गीत/गजल सङ्ग्रह मास्केको पहिलो प्रकाशित कृति हो । चिरञ्जीवी मास्केको यस गजल सङग्रह भित्र ५० वटा गीत-गजलले मूलतः प्रेम भित्रमा अन्तरद्वन्द्व र पीडाहरुलाई विषयवस्तु बनाउन खोजेको पाइन्छ । उनका केही गजलहरुले राजनैतिक, सामाजिक परिवेशको समेत यथार्थ चित्रण गर्न खोजेको पाइन्छ ।

यस गजल सङ्ग्रहमा मानिसका जीवनमा पीडा, व्यथा, दुःख-सुख, आँसु-हाँसोलाई सहजै स्वीकार गर्नु पर्दछ भनी पाठकहरु मार्फत सन्देश दिनु मूल उद्देश्य रहेको छ ।

कविका मनमा रहेका कल्पनाहरुलाई गजलको माध्यमबाट व्यक्त गरेका छन् । आफ्ना जीवनमा भोगेका भोगाइलाई गजलको माध्यमबाट कविले व्यक्त गरेको पाइन्छ । प्रेमलाई विभिन्न विम्व, प्रतीक, उपमाको प्रयोग गर्दै लेखिएको यस गीत-गजल सङ्ग्रहको शीर्षक सार्थकता समेत पाइन्छ ।

प्रस्तुत कृतिको प्रथम खण्डमा १६ वटा गीतहरू समाविष्ट छन् भने दोस्रो खण्डमा ३४ वटा गजलहरू राखिएका छन् । यस कृतिमा सङ्ग्रहित गीत गजलहरूमा अधिकजसो माया-प्रेम र मिलन विछोडका आन्तरिक भावहरू पोखिएका पाइन्छन् भने केही गीतहरूमा जीवनका आरोह अवरोहलाई व्यक्त गरिएको पाइन्छ । त्यसै गरी गजलहरूमा मायाप्रेमका सुमधुर क्षणहरूका साथै विछोडका पीडा तथा मर्महरूले विशेष स्थान पाएको देखिन्छ । उक्त गजलहरूमध्ये केहीमा 'तखल्लुस' को सही प्रयोगका साथै गजलका नियमहरूको राम्रो प्रयोग पाइन्छ । मास्केले उक्त कृतिमा समेटेका रचनाहरू विभिन्न समयमा आफ्ना मनमा उब्जेका विविध भावनाहरूलाई श्रृङ्खलाविहीन रूपमा प्रस्तुत गरेको देखिन्छ ।

***मरुभूमि वर्षातले भिजे जस्तो लाग्छ***
***हृदयको घाउ मेरो फेरि किन पाक्छ ?***

***हाँसोसँग आँसु साटी जिन्दगी यो बाँच्नै पर्ने***
***पिरतीका दर्दहरू गजलभित्र साँच्नै पर्ने ।***

माया प्रेमका कथाहरूलाई मास्केले सुमधुर गजलमार्फत सन्देश दिन खोजेका छन् । जिन्दगीमा दुःख, सुख, आँसु, हाँसो हुने गर्दछ । यसलाई सहजै स्वीकार गर्नु पर्दछ भनी गजलमा अभिव्यक्ति दिएका छन् ।

### ५.६ भोजराज न्यौपानेको 'आकाशमाथिको देवता' कविता सङ्ग्रहको विश्लेषण

कवि भोजराज न्यौपानेको पुस्तकाकार कृतिका रूपमा आकामाथिको देवता (२०५९) पहिलो प्रकाशित कविता सङ्ग्रह हो । कवि न्यौपानेको प्रस्तुत सङ्ग्रह ७० पृष्ठमा ३६ वटा कविताहरू समावेश भई प्रकाशित भएको देखिन्छ । भोजराज न्यौपानेको 'आकाशमाथिको देवता' कविता सङ्ग्रहको विषयवस्तु जीवनका भोगाइका क्षणहरु, कथाव्यथाहरु, द्वन्द्वको चपेटामा परेको मुलुक, अभाव, असुरक्षा, अस्तव्यस्ततालाई बनाएको पाइन्छ ।

कवि न्यौपानेका कविताको उद्देश्य मुलुक द्वन्द्वको चपेटामा मुछिएको, हत्याहिंसाले गर्दा मानवता त्रस्त भएको, मानवीय संवेदना हराउदै गएकोले समग्र सबै पक्षलाई सजग हुन आग्रह समेत गरेका छन् । कविले प्रायः सबै कविताहरु गद्यशैलीमा लेखेका छन् । कविले कविताहरुमा लयात्मकता प्रदान गरेका छन् । कवितामा उच्च काल्पनिकताले भूमिका निर्वाह गरेको छ । जीवनका भोगाइहरुलाई सरल, मीठास शैलीमा कल्पनाका माध्यामबाट पाठकहरुमा सन्देश दिन खोजेको पाइन्छ ।

'कविता पढ्दै जाँदा मैले दार्शनिक नित्सेलाई सम्झिएँ । सम्भवत ! दार्शनिक नित्सेले पहिलोपटक देवता मरेको घोषणा गरेका थिए । आहा ! देवता अझै जन्मिरहेको छ । त्यसैले देवताको मृत्यु घोषणा बारम्बार भइरहेछ । तर समकालीन नेपाली कविताको परिदृष्य अलि फरक पनि छ भनी सरुभक्तले शुभेच्छा प्रकट गर्दै उल्लेख गरेका छन् ।'

भोजराज न्यौपानेको कवितामा विविधता पाइन्छ कुनै वैयक्तिक कथाव्यथा, कतै सम्पूर्ण विश्वलाई प्रतिविम्बित गर्ने खालका कथा-व्यथा । यो कविता सङ्ग्रहमा सुन्दर विचार, गम्भीर र विम्बात्मक हरफहरू सङ्ग्रहभरि प्रशस्त छन् । कविता यात्राको आरम्भ उत्साहप्रद छ ।

कविले भूमिका मा उल्लेख गरेका छन्, - 'कविता भावनाको कलात्मक अभिव्यक्ति हो । मावनीय संवेदना कविताको उर्जा हो । थाहा छैन, मेरा कविताहरूमा मानवीय संवेदना कति व्यक्त भएका छन् ।' कविता सङ्ग्रहमा जीवन-भोगाई, कथा-व्यथाहरू प्रतिबिम्बित भएका छन् । मेरो देवता, खाली पेटमा माग्न बस्छ, अघाउँदा इज्जत खोज्छ, इज्जत पाउँदा रवाफ खोज्छ भनी देवता वशमा नभई आकाशमै बसेको कुरालाई प्रतिबिम्वित गरिएको छ । मुलुक द्वन्द्वको चपेटामा मुछिएको, हत्या-हिंसाले गर्दा मानवता त्रस्त भएकोले मानवीय संवेदनालाई सम्झेर सशस्त्र क्रान्तिमा होमिएकालाई घर फर्किन आव्हान समेत गरेको देखिन्छन् । यसरी हिंसा-हत्या, पीडा, आतङ्क जस्ता त्रासद मनोदशालाई कविले सरल, सहज, सरस भाषाका माध्यमले प्रस्तुति गरेको आभाष मिल्दछ । 'यस पटकको जन्मदिन' शीर्षकको कवितामा यस पटकको जन्मदिनमा शुभकामना दिनेहरू कोही भएनन् । अभाव, असुरक्षा, अस्तव्यस्तता, जतातत‌ै देशभरि रगतको आहाल छ, लाखौं मानिस भोकभोकै मरिरहेका छन्, घरबारविहीन छन्, यस्तो विकराल परिस्थितिमा म कसरी केक काटौँ, मैनवत्ती बालौँ, त्यसैले मैले मैनवत्ती बाल्दैबालिन भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।

'जंगलबाट फर्क' कवितामा अनिकालले ग्रस्त समाजमा बन्दुक बोकेर पेट भरिन्न, मान्छे मारेर विद्वान् भइन्न, त्यसैले जंगलबाट फर्क छोरा-फर्क भनी आव्हान गरेका छन् ।

*मान्छे मारेर पेट भरिन्न छोरा*
*मान्छे मारेर विद्वान् भइन्न छोरा*
*फर्क !*
*तिमी जङ्गलबाट फर्क !*
*युद्धबाट फर्क !*
*फालिदेऊ बम र बन्दुकहरु*
*परिश्रम गर !*
*मेहनत गर !*
*मेटाइदेऊ रगतका टाटाहरु !*

'जिन्दगी : बोइलर कुखुरा जस्तो' शीर्षक कवितामा मान्छेको जिन्दगीलाई बोइलर कुखुराको जीवनसँग तुलना गरिएको छ । कवितामा निराशावादी चिन्तन छ । जीवनलाई धिकार्दै कतिबेला रेटिनु पर्ने हो, बाँचुञ्जेल त्रासैत्रास छ भन्दै पलायनतातर्फ उन्मुख देखिन्छ ।

*धिक्कार छ,*
*मान्छेको जिन्दगी पनि*
*एउटा बोइलर कुखुराको जस्तो*
*कतिबेला मृत्यु अङ्गाल्नुपर्ने हो*
*कतिबेला रेटिनुपर्ने हो*
*बाँचुञ्जेलपनि त्रासै-त्रास*
*खाँउञ्जेलपनि त्रासै-त्रास*

५.७ कर्मचारी मिलन केन्द्रको 'कविता मिलन' कविता सङ्ग्रहको विश्लेषण

निजामती सेवा दिवस २०६१ को अवसरमा कर्मचारी मिलन केन्द्र दोलखाले मिति २०६१/५/२० मा कविता महोत्सवको आयोजना गरेको थियो । उक्त कविता महोत्सवमा अन्तर कर्मचारी कविता प्रतियोगिता समेत सञ्चालन गरिएको थियो । दोलखाको शिथिल रूपमा रहेको साहित्यिक गतिविधिमा मिलन केन्द्रको प्रयास कोशेढुङ्गा सावित भएको छ । कर्मचारी मिलन केन्द्रको अध्यक्ष चुडामणि भण्डारीका अनुसार साहित्य अनुरागीहरूको गरिमामय उपस्थिति र ४३ जनाभन्दा बढी कवि, कवयित्रीहरूको सहभागिताले गर्दा हाम्रो पहिलो पाइला सफलताको विन्दुमा पुग्न सकेको हो । यस सङ्ग्रहमा स्थानीय चिन्तनदेखि राष्ट्रिय चिन्तनसम्म पाइन्छ । समसामयिक विषयवस्तुमा कविहरू रमेको पाइन्छ साथै धेरै कविताहरूमा शान्तिको खोजी पाइन्छ । यो सङ्ग्रह प्रकाशन हुनुमा केही जस पत्रकार महासङ्घका सभापति एवं कवि चिरञ्जीवी मास्केलाई जान्छ, जसले सङ्ग्रहको रूपमा प्रकाशन गर्ने सुझाव दिनुभयो भनी अध्यक्ष भण्डारी बताउँछन् । यस सङ्ग्रहको सम्पादनको जिम्मा कवि श्यामकुमार भट्टराई र रामकुमार खड्कालाई दिइएकोमा कुशल सम्पादन गरी सङ्ग्रह प्रकाशन भएको छ ।

कविता मिलन कविता सङ्ग्रह दोलखाको भूमिमा प्रकाशन हुनुमा धेरै साहित्यिक स्रस्टाहरुलाई धन्यवाद दिनै पर्दछ । विशेष गरी यस सङ्ग्रहको विषयवस्तु समसामयीक समय र परिस्थितिलाई अंगालेर पीडा, वेदना, त्रास, आक्रोसको मात्रा ज्यादै देखिन्छ । यस 'कविता मिलन' कविता सङ्ग्रहमा निजामति सङ्घ भित्रका विकृति, विसङ्गतिहरुलाई उजागर गर्ने मूल उद्देश्य रहेको पाइन्छ । निजामति सेवा दिवसमा गरिएको कविता महोत्सवले संदेश मुलक कविता प्रकाशनमा सहयोगीको भूमिका निर्वाह गरेको पाइन्छ । यस कविता सङ्ग्रहमा भौतिकबादी दृष्टिकोण भएका कविहरु बढी देखिन्छन् । समय र परिस्थिति अनुकूल कविताहरु लेखिएका छन् । जुन कविताहरुबाट साहित्यका अन्य

पाठकहरुलाई समेत उर्जा थप्ने काम भएको पाइन्छ । कवितामा विम्व, उपमा, प्रतीक, अलङ्कारको प्रशस्तै प्रयोग गरिएको पाइन्छ साथै आदि, मध्य र अन्त्यमा संरचनागत प्रयोग राम्रो गरेको पाइन्छ ।

कविता मिलन दोलखामा रहेका साहित्यकर्मीहरूको सिर्जनात्मक संगालो हो । भनिन्छ, साहित्य समाजको ऐना हो । त्यस्तै छन् यस सङ्ग्रहका कविता । यो कविता सङ्ग्रहभित्र पीडा, वेदना, त्रास, आक्रोस देखिन्छ । द्वन्द्वको चपेटामा परेको हाम्रो मुलुकको वर्तमान अवस्थाको चित्रण छ । देशमा सुशासन नारामा सीमित भएकोले व्यवहारमा उतार्न सन्देश दिइएको छ ।

छन्दका कविता थोरै र गद्य कविता धेरै देखिन्छन् । एक्काइसौं शताब्दीका आवाजहरूलाई समेट्ने प्रयास गरिएको देखिन्छ । बुद्धको मातृभूमिका बासिन्दा हामी हिंसाको विरुद्धमा शान्तिको खोजी गरिरहेका छौं । कोशीका धमिला भंगालाहरू विस्तारै सङ्लिएर जाने आशा एवं विश्वासमा बाँचेका छौँ हामी । हामी सिर्जनाका कोदालीहरू चलाऔँ र पौरखको बाली झुलाउन सिकौँ तब मात्र स्वर्णीम भविष्य फुलाउन सक्छौँ । आस्थाको दियोमा तेल थप्न सक्छौँ । हामी संकटले खुम्चिएका छौँ, गौरवले फैलन सकौँ, यिनै आदेश भनाई उद्गारहरू प्रशस्त भेटिन्छन् ।

कवि चण्डेश्वर आचार्यद्वारा लिखित 'हामी आफ्नै विवेकको उद्घाटन गरौँ' शीर्षकको कवितामा उज्यालो संसार बनाउने अभिलाषामा बिद्युतगृहको उद्घाटन त भयो तर हाम्रा झोपडीहरूमा बल्दै बलेनछन् भन्दै दोलखामा उत्पादन भएको विद्युत नर्वेलाई विक्री भएकोमा दुःखित छन् । एउटा प्रशासक भएको नाताले पनि होला उद्घाटन गर्दा ओछ्यानमा परेकी हाम्री बुढी आमाको अनुहारमा खुशी र सन्तोषको भाव पढ्न सकिने गरी आफ्नै विवेकको उद्घाटन गर्ने कुराको सुरुवात गरौँ भन्दै सन्देशमूलक कविता लेखेका छन् ।

'मरेको छ जिन्दगी' शीर्षक कविताका लेखक राधाकृष्ण चापागाईं हुन् । गद्यमा लेखिएको यो कविता जिन्दगीको परिभाषा हराइसकेको छ, गन्तव्य नासिईसकेको छ भन्दै चिन्ता व्यक्त गरिएको छ । जिन्दगीले कतै काँचुली फेर्ला कि भन्ने आशा व्यक्त गरिएको छ । अर्धकल्चो भई विक्षिप्त अवस्थामा लडिरहेको यो जिन्दगी क्षण-क्षणमा मरिरहेको छ भन्दै उदासिनतातिर उन्मुख देखिन्छ यो कविता । वर्तमान समयलाई तिखो व्यङ्ग्य गर्दै लेखिएको यो कवितामा कोलाहल, छरपष्ट भएको जिन्दगीसँग दाँजेर समाधानको उपाय खोजी गरिएको छ । उक्त कविता निजामती सेवा दिवसमा प्रथम स्थान ओगट्न समेत भएको पाइन्छ । यो कविताका भाषा सरल, सहज, सरस छन् । व्यङ्ग्यात्मक शैली, उपमा र प्रतीकको समेत प्रशस्त प्रयोग पाइन्छ । समाजमा बढ्दै गएको विसङ्गति बोध, छाडापन, जिन्दगीलाई दाँजेर व्यक्त गर्न खोजिएको छ ।

*फेर्ला कि काँचुली जिन्दगीले कतै*
*एउटा आशा समय नपुग्दै तुहिएको जस्तो*
*पिल्स्याउन नपुगेको हो कि ? अर्धकल्चो ?*
*परजीवी भएर लठाङ्ग्रिएको छ, कहाँ-कहाँ*
*परिभाषा खोज्दा-खोज्दै*
*विक्षिप्त भएर लडिरहेको छ किन ?*
*क्षण क्षणमा मरिरहेको छ जिन्दगी ।*

'तिमीलाई म सुम्सुम्याउँछु' शीर्षक कविता मणीकुमार पोखरेलद्वारा लेखिएको हो । यो कविता निजामती सेवा दिवसमा द्वितीय स्थान ओगट्न सफल भएको देखिन्छ । प्रजातन्त्रको मन्त्र जप्ने नेताहरूमाथि तिब्र व्यङ्ग्य गरिएको यो कवितामा महल निर्माण गर्न नेताहरू व्यस्त छन् । त्यसैले प्रजातन्त्र विवस भई डाँको छोडेर रुन थालेको देख्छु भनी अभिव्यक्त गरिएको पाइन्छ । यस कवितामा व्यङ्ग्यात्मकता बढी पाइन्छ । महाभारतका पात्रहरूको उदाहरण दिंदै वर्तमान समाजका शीर्षस्थ नेता तथा व्यक्तित्वहरूलाई रामवाण प्रहार गर्न सफल देखिन्छ कविता ।

'तिम्रो प्रेमको पासो मेरो एकमात्र मृत्यु' शीर्षकका लेखक सुवर्णकुमार खड्काको कविता निजामती सेवा दिवसमा तृतीय स्थान ओगट्न सफल देखिन्छ । वर्तमान राज्यमा भइरहेको द्वन्द्वको कारण शान्तिलाई प्रतीक बनाई कविता रचना गरिएको देखिन्छ । शान्तिलाई खोज्न कवि भेरि र कर्णाली मात्र होइन, रुकुम, रोल्पा, सोलु, दाङ पुगें भन्दै वर्तमान अवस्थालाई मध्यनजर गरी कविताको विषयवस्तु सिर्जना भएको देखिन्छ ।

'निजामती दिवस : सेवक भएर आऊ' शीर्षक कवितामा नारी हस्ताक्षरको रूपमा निरन्तर कलम चलाउने चिनीमैया श्रेष्ठ हुन् । देशमा भइरहेको भ्रष्टाचार, दुराचार, भोलिवाद, नातावाद, कृपावादलाई तीब्र व्यङ्ग्य गर्दै कर्मचारीलाई इमान्दार राष्ट्रसेवक बन्न कविताले सन्देश दिएको देखिन्छ । 'धेरै वर्ष शासक भयौ अव सेवक भएर आऊ' भन्दै राष्ट्रियताको पहरेदारीको रूपमा कविता फुरेको देखिन्छ । गद्यमा लेखिएको उक्त कविता अत्यन्तै मार्मिक र भावविह्वल छ, सरस, मिठास छ, सन्देशमूलक देखिन्छ ।

'खै के लेखौं' शीर्षकको कविता अर्जुन पोखरेलद्वारा लेखिएको हो । यस कवितामा कविले कविता लेख्ने विषय नै अभाव भैसक्यो भन्दै शान्तिको कुरा लेखौं गाउँमा शुन्यता छ, क्रान्तिका कुरा लेखौं जमाना परिवर्तन भएको छ भन्दै समाजका द्वन्द्वको चपेटाका कारण देश रोएको छ भन्ने अभिव्यक्ति दिएका छन् । देशमा भइरहेको विकृति, विसङ्गतिको कारण हरेक ठाउँमा द्वन्द्व, अन्याय, अत्याचार, दुराचारले समाज त्रस्त र नग्न छ भन्दै गद्य कवितामार्फत सन्देश दिन खोजेका छन् ।

'मानवताको रिहाई' शीर्षकको कविता गीता सेढाईद्वारा लेखिएको छ । देशमा सन्त्रास फैलाउन जिम्मेवार राज्य र द्वन्द्वरत पक्ष दुवै हुन् । दुबैले मानवता लुटेका छन् । कुर्सीका लागि हामी सधैं पिछेलग्गु बन्यौ । पीडितका लागि हामीले केही गर्न सकेनौ भन्दै चिन्ता व्यक्त गर्छिन् कवयित्री गीता शिवोकाटी । उनका कवितामा करुण रसको

अभिव्यक्ति भेटिन्छ । शब्द चयन साह्रै गहकिला छन् । राज्यका पिछलग्गु भई हिंड्ने र जङ्गलतर्फ हिंडेका दुबै पक्षलाई मानवताको पाठ पढ्न आग्रह गरिएको छ ।

सम्पादक श्यामकुमार भट्टराईद्वारा लिखित "के तपाईंलाई थाहा छ" शीर्षक कवितामा कर्मचारी भएपछि समीक्षक, प्रशिक्षक, कार्यक्रम सञ्चालक, कवि भएर आफ्नो जिन्दगी गुजार्दै छ, यो समयको बाध्यता हो भन्दै झापादेखिको दोलखा यात्राको प्रसङ्ग जोडेका छन् कविले ।

## ५.८ त्रिलोचन प्रधानको 'नभेटिएको खुशी' कविता सङ्ग्रहको विश्लेषण

त्रिलोचन प्रधानको 'नभेटिएको खुशी' कविता सङ्ग्रह २०६२ सालमा प्रकाशित भएको पाइन्छ । यस कविता सङ्ग्रहलाई लिक्सि डट कम ले प्रकाशनमा सहयोग पुऱ्याएको देखिन्छ । उक्त कविता सङ्ग्रहमा ७७ वटा कविताहरू समेटिएको छ । प्रधानको 'नभेटिएको खुशी' कविता सङ्ग्रह समसामयिक विषयवस्तुलाई अंगालेर लेखेको पाइन्छ । समय परिस्थिति अनुसार आत्मपरक शैलीमा लेख्न मनपराउने प्रधानका कविताहरु विविध विषयवस्तुलाई समेटेर लेखेको पाइन्छ । जीवनका भोगाइलाई मिठासपूर्ण शैलीमा व्यक्त गर्दै मनका भावनाहरुलाई कवितामा व्यक्त गर्छन् ।

प्रधानका कविता गद्य शैलीमा लेखिएको पाइन्छ । समसामयिक विषयवस्तुलाई कविताको माध्यमबाट परिवर्तनको आशा जागेको देखाएको पाइन्छ । अर्को शैलीमा नविनता, प्रयोग, र विषयवस्तुमा विविधता देखिन्छ । यस कविता सङग्रहमा भाषामा सरलता, सरसता र मिठासपूर्ण कविताहरूको सङ्गम भएको पाइन्छ । स्वच्छन्दतावादलाई अंगाल्न मन पराउने कवि प्रधान परिष्कार गरी कविता लेख्नु आवश्यकता ठान्दैनन् ।

## ५.९ राधाकृष्ण चापागाईंको 'मरेको छ जिन्दगी' कविता सङ्ग्रहको विश्लेषण

'मरेको छ जिन्दगी' कविता सङ्ग्रहका लेखक राधाकृष्ण चापागाईं हुन् । धार्दिङ जिल्लामा जन्मेर दोलखा जिल्लामा नेपाल सरकारको प्रशासन सेवामा कार्यरत रहँदा (२०६१) सालमा उक्त कविता सङ्ग्रह प्रकाशित गरिएको पाइन्छ । चापागाईंका कविताहरु प्रायः गद्यशैलीमा लेखिएका छन् । कल्पनालाई पनि कवितामा सशक्त ठाउँ दिइएको पाइन्छ । श्रृङ्गारिकताभित्रको निस्सारतालाई कवितामा व्याख्या गरेका छन् । विसङ्गतिमूलक राजनीतिक व्यङ्ग्य सचेतताको आव्हान गरिएको छ साथै समाज निर्माण गर्न जोड दिइएको छ ।

कवितामा प्रयोग गरिएका आँसुले घोच्नु, जिन्दगी भित्तो बन्नु, जिन्दगीले जिन्दगीलाई निलकाँडाले झैं घोच्नु जस्ता वाक्यांशहरूले कवितामा नविन सोच र बिम्ब विधानको प्रस्तुतिकरण गर्नुका साथै अभिव्यक्तिले सहजकर्तालाई समेत बढवा दिएको पाइन्छन् । लोकगीतका टुक्राटाक्री जस्ता लाग्ने यी सहज वाक्यांशहरूले कवितालाई सरल र शब्दको आडम्बर मुक्त पारिदिएका छन् । लोकजीवनका कविजस्ता लाग्छन् कवि राधाकृष्ण ।

*किन भाँसिंदै छ गन्तव्य*
*पैतालाका डोब बनेर ?*

उदयीमान् कवि राधाकृष्ण चापागाईंले सोधेका प्रश्न हो यो, तर कसलाई सोधेको ? आफैंलाई ? नियतिलाई ? कि पाठकलाई ? मानिस टोलाउँदछ धेरै बेर कहिले कहिँ किन निराशावादी बन्दछ । तर के सोचेर टोलाइयो आफैंलाई पत्तो हुन्न । यस्तो परिस्थितिको राम्रो चित्र खिच्न सफल चापागाईं जिन्दगीको क्षण भंगुरतालाई पनि अत्यन्त सरल र सटिक ढंगले शाब्दिक अभिव्यक्ति दिएका छन् ।

*'जिन्दगीको हरेक उन्माद*
*जिउँने रहरसँगै भाँचिएको छ ।'*

कविले आफूलाई नारीमा रूपान्तरण गरेर पनि जिन्दगीको यथार्थलाई चिन्ने र पर्गेल्ने प्रयास गरेका देखिन्छन् । समर्पणमा रमाउने नारी र उन्मादमा रमाउने पुरुष मनोग्रन्थीलाई केलाउँदै कविले जीवनको सत्यलाई कोच्याउने प्रयास गरेको देखिन्छ ।

*उर्लिएका हरेक छालहरूलाई तिमीले*
*सम्याइरह्यौ समुद्र बनेर,*
*शान्त स्निग्ध र सुमधुर,*

कविले नारित्वको आरती पनि उतारेका छन् । पुरुषको दम्भ टुटेको छ र ऊ सत्यको धेरै नजिक पुगेको छ, कवितामा ।

*मेरो प्रत्येक कोसेलीहरूलाई तिमीले*
*आफैंभित्र समेटी दियौं*
*लगाएर आफैंलाई*
*उज्यालो दिइरह्यौ ।*

कविता धेरै हदसम्म सिकारु शैलीका छन्, परिष्कारको निकै अभाव छ । तैपनि कविको दृष्टिकोणमा व्यापकता भेटिन्छ ।

*रोएको छु भित्रभित्रै विक्षिप्त भई कति-कति*
*पिएको त्यो आँसु पनि घोच्ने रैछ सकेजति ।*

*छेऊ लागे सुख सबै भित्तो पऱ्यो जिन्दगी यो*
*आशा मात्रै साथमा रह्यो निराशा नै भरिरह्यो ।*
*नीलकाँडा झैं घोच्दो रैछ यस्तो जीवन पाएँ ।*

*न, म चिच्याउन सक्छु*
*न, म घिच्याउन सक्छु*
*आफैंलाई रित्याउन मात्र सक्छु .....*

वास्तवमा यो बन्दुकको राजमा एउटा कविले के नै पो गर्न सक्छ र ? कालान्तरमा शब्दले जित्छ, बन्दुकले हार्छ, यो पनि कविलाई चेतना छ ।

*'म छटपटिंदा कोलाहलका जंघारहरूमा*
*धेरैपटक बलात्कृत भएँ"*

*'खबरदार वृद्ध नेतृत्वलाई हुकुम गर्ने हैन*
*घरदैलोमा सहज पुऱ्याउन सुशासन र चैन'*

तर स्थिति ह्रासोन्मुख छ, मुलुक दिग्भ्रमित छ र परिस्थिति क्रमशः नराम्रो हुँदै गएको छ, कठोर नियतिलाई शब्दचित्रमा उतार्दै कवि भन्छन्-

*सिंहदरबारतिर हिंडेको सडक*
*अस्पतालमा भर्ना भएको छ-*
*बालुवाटारले रोक्दैछ कहाँ हिंडेको*
*लालपूर्जा राखेको छु धितोमा*
*विक्रीमा छ रे देशको अस्तित्व ।*

नेतृत्वले बुझ्नुपर्ने हो, अगुवाले महसुस गर्नुपर्ने हो । अव त ड्राइभर स्वयम्ले पनि थाहा पाउनुपर्ने हो कि !

*'के लडाईं लडेभन्नु जित्नु अव केही छैन*
*रित्तिएछ मुटुभित्र बित्यो भन्नु केही छैन'*

यति हुँदाहुँदै पनि कविको आशावादिताको धागो टुटेको छैन । कालो बादलको मुस्लोभित्र पनि उनले चाँदिको घेरा देखेका छन्, झिनै भए पनि परिवर्तनको पक्षमा उभिएको देखिन्छ ।

५.१० श्याम प्रसाद भट्टराईको 'म बाँचेको छु' कविता सङ्ग्रहको विश्लेषण

म बाँचेको छु, कविता सङ्ग्रहका लेखक श्यामकुमार भट्टराई झापा जन्मथलो भए पनि नेपाल न्याय सेवासँग सम्बद्ध हुँदै दोलखाको प्यारो युवा कवि बन्न सफल भएको देखिन्छ । कविता सङ्ग्रहको भूमिकामा भट्टराइले मनभित्र उठेका तरङ्गका केही झिल्का मात्र पोख्न खोजेको छु, साच्चै यी कविता होइनन्, भनेको पाइन्छ ।

श्याम प्रसाद भट्टराईको यस कविता सङ्ग्रहमा वर्तमान राजनीतिक विकृतीको चित्रण गरिएको पाइन्छ । शस्त्र-अस्त्रको अस्वस्थ प्रतिष्पर्धा, साथै विश्व शान्तिको चाहाना यस कविता सङ्ग्रहको मूल उद्देश्य हो । उनका कविताा राष्ट्रप्रेम र स्वदेशप्रेमलाई भुल्न नहुने सन्देश पाठकहरुलाई दिएका छन् । अचेतता, अशान्ति, अशिक्षा, गरिवीको विरुद्धमा विद्रोहको भाव व्यक्त गरेका छन् कविले ।

भट्टराईका कविताहरु गद्यशैलीमा लेखिएका छन् । कल्पना, जीवन भोगाई, समय परिस्थितिलाई मध्य नजर गर्दै कविता लेखिएको पाइन्छ ।

*संवेदना मरेपछि हाँस्न पनि सकिँदैन*
*रुन पनि सकिदैंन*
*संवेदना मरेपछि बाँच्न पनि सकिँदैन*
*संवेदना मरेको मान्छे ? म*
*त्यसैले दोधारमा छु*
*म मरेको छु कि बाँचेको छु ।*

०५८ चैत्र मधुपर्कमा प्रकाशित 'म बाँचेको छु' नामक कवितालाई केलाउँदा संवेदनालाई मूल विषयवस्तु बनाएको भेटिन्छ ।

*हामी मर्नेको पराजय र बाँच्नेको गाथा पढिरहेका छौं ।*
*मर्न त सकुनी हैन कपट मर्नुपर्थ्यो,*
*मर्न त दुर्योधन हैन अहंकार मर्नुपर्थ्यो,*
*मर्न त दुःशासन हैन दुराचार मर्नुपर्थ्यो,*
*हार्न त कौरव हैन सत्तामोह हार्नुपर्थ्यो,*
*उभिएर शिखण्डी युद्ध अर्जुन हारेका छन् ।*

'हामी महाभारत लडिरहेछौं' कवितामा कविले वर्तमान राजनीतिक विकृतिको चित्रण गरेका छन् । कपट, अहंकार, दुराचार, सत्तामोह जस्ता शब्दजालले बुनेर कवितालाई आकर्षक बनाएको देखिन्छ । उक्त कविता २०६१ श्रावण - मधुपर्कमा प्रथम पटक प्रकाशित समेत भएको थियो ।

*कठ्याङ्ग्रिएको मन र भत्किएको उमंग सँगसँगै,*
*अनिश्चित यथार्थताको गोरेटो पहिल्याऔं ,*
*आउ, एउटा अघोषित सम्झौता गरौं ।*

यो कविता २०५८ चैतमा प्रकाशित कविता हो । 'आऊ सम्झौता गरौं' शीर्षकमा कविता लेखिएको छ । शस्त्र-अस्त्रको अस्वस्थ प्रतिष्पर्धा, द्वन्द्वरत समाज, विश्व शान्तिको चाहनालाई मुल विषयवस्तु बनाउन कोसिश गरेको पाइन्छ ।

विद्रोहका शंकाहरू शीर्षक कविता २०४८ साल माघमा लेखिएको हो । उक्त कवितामा फूलको थुङ्गा जस्तो कोमल भावनाको प्रस्तुति गरिएको पाइन्छ, अचेतना, अशान्ति, अशिक्षा, गरीबी विरुद्धमा विद्रोही भाव व्यक्त गरिएको छ ।

*पूर्वपट्टि घाम झुल्क्यो, रापहरू जतातत्तै*
*विद्रोहका शंकाहरू सल्केका छन् जतातत्तै ।*

यसरी कवि श्याम कुमार भट्टराईले आफ्ना कविताहरूमा राष्ट्रियताको पक्षधर बनी प्रगतीवादी शैलीमा कविता लेखेको पाइन्छ । 'बेचिएला मातृभूमि' जस्ता कवितामा राष्ट्रियताको स्वर गुञ्जायमान भएको देख्न सकिन्छ ।

"पिरतीको विऊ कतै" जस्ता शीर्षकमा कविता २०५० कार्तिकमा प्रकाशित भएको पाइन्छ ।

*पिरतीको विऊ कतै सार्न सकिएन ।*
*कति गरौं आशा अझै मार्न सकिएन ।*

५.११. अवतार ढकाल र सत्य श्रेष्ठको 'सङ्गम' गजल सङ्ग्रहको विश्लेषण

'सङ्गम' गजल सङ्ग्रहका लेखकद्वय श्रेष्ठ सत्य र अवतार ढकाल हुन् । बाहिरी पेजमा नै जीवन, मृत्यु, प्रेम, त्याग, मिलन, विछोड, जलन, पीडा, हाँसो, रोदन, मानवता तथा राष्ट्रप्रेमी भावनाहरूको अनन्त सङ्गम भनी लेखिएको पाइन्छ । यस सङ्ग्रहको भूमिकामा 'देश, काल, परिस्थिति, बदलिंदो समाज, आधुनिकीकरणतर्फ उन्मुख दुनियाँ र यसको मानवतामाथिको जटिल प्रहार, जीवन भोगाई, साथै यसको तीता-मीठा अनुभूतिहरू नै हाम्रो गजल सङ्ग्रहभित्र छताछुल्ल पोखिएका हाम्रा मनहरू हुन्' भनी लेखिएको पाइन्छ । लेखकद्वयको प्रथम प्रयास भए पनि गजलले महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । उक्त कृति पुजनीय माताहरू क्रमशः सुकलक्ष्मी श्रेष्ठ, राधा ढकालमा समर्पण गरिएको समेत देखिन्छ ।

यस गजल सङ्ग्रहको विषयवस्तु बद्लिंदो राज्य, समय, परिस्थिति, आधुनिकीकरणतर्फ उन्मुख दुनियाँ, मानवतामाथिको जटिल प्रहार,जीवनभोगाइलाई बनाएको पाइन्छ । सङ्ग्रहमा जीवन-मृत्यु, प्रेम-त्याग, मिलन-विछोड, हाँसो-रोदनलाई ओकल्नु मूल उद्देश्य रहेको पाइन्छ । जीवनका भोगाइहरुलाई कविले शिलशिला मिलाएर लेखेको पाइन्छ । उक्त सङ्ग्रहमा उच्चारणमा क्लिष्टता पाइने र शब्द संयोजनका कारणले लयगत बिचलन पाइन्छ । गजल सङ्ग्रहमा बढी मात्रामा राजनीतिक शब्दको बाहुल्यता पाइन्छ ।

गजलकारहरू तथा समालोचकहरूका परिभाषामा कस्तो हुनुपर्दछ भन्ने कुराबाट विलकुल अनभिज्ञ नभए पनि हामीले गजलजस्तै गजल लेख्ने प्रयास भने अवश्य गरेका छौं भनी भूमिकामा व्याख्या गरिएको देखिन्छ ।

विशेष गरी शास्त्रीय गजलभित्र आफूले कैद नगरेको हुनाले यसभित्र थुप्रै कमी-कमजोरीहरू तथा त्रुटीहरू रहेका छन् भन्ने कुरा द्वय गजलकारहरूले स्वीकार गरेका छन् । श्रेष्ठ सत्यको गजलबाट सुरुमै विदेशमा गई भौंतारिएकाहरूलाई मातृभुमिमा फर्केर चोखो माया प्रीति लगाउन सन्देश दिंदै गजलको उठान गरेको देखिन्छ । यी गजलहरूभित्र भाइ-भाइको झगडाले पारेको प्रभावलाई व्याख्या गर्दै प्रवासीहरूलाई टुटेको फुटेको मनलाई मिलाउनु पर्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ ।

जनआन्दोलनको उभार आइसकेपछि जस्तासुकै तानाशाह पनि झुक्न विवस हुन्छन् भन्ने कुरा प्रष्ट पार्न चाहन्छन् । जनता भनेका ब्रह्मा, विष्णु, महेश्वर हो, जनताले चाहेमा जस्ता सुकै विशाल परिवर्तन पनि गर्न सक्छन् भन्ने कुरा उठान गर्न खोजेको देखिन्छ । समाजमा रहेका असमानता, जातजाति बीचको विभेद, मानवता हराउँदै गएको अन्धविश्वासको पुच्छर बन्दै गएको समाजलाई रूपान्तरण गर्न जरुरी छ भन्दै श्रेष्ठ सत्य आफ्ना भावना ओकल्न चाहन्छन् ।

ढकाल अवतार मानिसका जीवनका धोका, आत्मघात, पीडालाई गजलमार्फत व्यक्त गर्न खोज्छन् । मानिसको जीवनको भोगाईलाई गजलमार्फत ओकल्न खोजेका छन् ।

मानिसको जीवनमा धेरै धोका, पीडा, आत्मघातले जलन भएकोले मनको बहलाई गजलमार्फत व्यक्त गर्न खोजेका छन् । आफ्नो जीवनमा धेरै खोटै-खोट देखापरेको, धनको लोभमा प्रेमिकाले धोका दिएको भन्दै आत्मकथा ओकलेका छन् । उनी गजलमार्फत देशको माटोलाई माया गर्न पनि पछि पर्दैनन् ।

*दुध चुसे, खुन चुसे, चुसे ज्यानै मार्ने चुसेराले ।*
*चुसिएकी आमासँग चुसिएछ देशको माटो ।*

*सम्झिएर सगरमाथा झुकाउँछ अटल शीर ।*
*बौद्ध ज्ञानले उचिएथ्यो पुछिएछ देशको माटो*

यसरी ढकालले प्रेमसँग लुकामारी खेल्नेदेखि लिएर राष्ट्रियताका विषयमा समेत गजलमार्फत व्याख्या विश्लेषण गरेको देखिन्छ ।

# परिच्छेद ६
# उपसंहार

विक्रमको २००० तिरबाट सुरु भएको दोलखाको साहित्य इतिहासले आधा शताब्दीको यात्रा पूरा गरिसकेको छ । यस अवधिमा दोलखा साहित्यमा सम्पादन/अनुवाद समेत गरेर दर्जनभन्दा बढी साहित्यिक कृतिहरू प्रकाशित भइसकेको देखिन्छ ।

कविता विधा नेपाली साहित्यिक फाँटमा भने दोलखामा पनि झांगिएको देखिन्छ । वि.सं. २०२६ सालदेखि वि.सं. २०६३ सालसम्मा कविता काव्यको क्षेत्रमा १५ वटाभन्दा बढी कृतिहरू प्रकाशित भएका देखिन्छन् । यसरी आधा शताब्दी लामो इतिहास बोकेको दोलखाको साहित्यिक गतिविधिलाई हेर्दा दोलखाको साहित्यले राम्रो विकास गरेको देखिन्छ । वि.सं.२०४६ को राजनीतिक परिवर्तन पछाडि कृति सिर्जनामा एक किसिमले बाढी नै आएको देखिन्छ ।

दोलखाको साहित्यको खोंजअनुसन्धान गर्दै जाँदा के देखिन्छ भने दोलखाका अधिकांश साहित्यकारहरू दोलखाको भूमिभन्दा बाहिर रहेर साहित्य सेवामा लागेको देखिन्छ । अरु कतिपय साहित्यकारहरू प्रवासमा रहेर सेवा गरेको पाइन्छ भने अधिकांश साहित्यकारहरू काठमाडौं उपत्यकामा रहेका देखिन्छन् । यो चाहिँ दोलखामा प्राप्त स्रोत र साधनको अभाव हो ।

दोलखामा जन्मिएर जीवनयापनको सिलसिलामा देश एवं विदेशका विभिन्न भू-भागमा पुगेपनि दोलखाका धर्तीपुत्र-पुत्रीहरूले साहित्य साधना गर्न छाडेका छैनन् । यो नै दोलखाले गर्व गर्न लायक सबैभन्दा ठूलो प्राप्ति हो ।

वि.सं. २०५० देखि २०६३ सम्मका एक दशकभन्दा बढी समयमा विभिन्न धारामा कविता सङ्ग्रहहरू प्रकाशित भएको पाइयो । जनयुद्धको उत्कर्षको बेलामा पनि समाज र यथार्थ भूमिलाई नछोडी कविता कोरेका प्रसस्त प्रमाणहरू हामी भेट्न सक्छौं । यो दशकमा राज्य अत्यन्त निरंकुश बनेको हुनाले प्रगतिबादी धारा नै सशक्त रह्यो । मानव अधिकारको तीव्र उल्लंघन, हत्या-हिंसा, आतंक र द्वन्द्वरत दुबै पक्षबाट प्रसस्त भएको पाइयो । यिनै विषयवस्तुलाई केन्द्रविन्दु बनाई कविहरूले कविताको फाँटलाई अगाडि बढाएको पाइन्छ ।

दोलखा जिल्लामा कविताको क्षेत्रमा सुरु-सुरुमा धार्मिक कविताहरु लेखिन थालेको पाइन्छ । वैदार भीमलालले 'भीम नारायण' कविता संग्रहबाट अध्यात्मवादी दर्शनलाई अगाडि बढाएका छन् । त्यस्तै हरिभक्त न्यौपानेको 'मनमोदक' कविता संग्रहमा जीवनका विसंगत पक्षको चित्रण गरी धार्मिक दृष्टिकोणलाई अगाडि बढाएको पाइन्छ । महेश्वर शिवाकोटीको 'श्यामभक्ति तरङ्गिणी', अमरबहादुर कार्कीको 'आर्तपुकार', प्रेमप्रसाद सुवेदीको 'प्रेमदर्पण' ले नैतिकतावादी सन्देश दिनुका साथै धार्मिक दृष्टिकोणलाई बलियो बनाउने काम गरेको पाइन्छ ।

दोलखा जिल्लाको कविताको अध्ययन गर्ने क्रममा स्वच्छन्दतावादी कवि बैकुण्ठ काफ्लेको 'सावित्री शोककाव्य', कवितासबाट सशक्त रुपमा स्वच्छन्दतावादी-प्रगतिवादी धारा उभिएको पाइन्छ ।

अर्को सशक्त धाराको रुपमा स्वच्छन्दतावादी धारा उभिएको छ । जसको नेतृत्व त्रिलोचन प्रधान, चिरञ्जीवी मास्के, भोजराज न्यौपाने, श्रीबाबु कार्की, गीतालक्ष्मी शिवाकोटी, मित्रमणी पोखरेल, केसाङ लामा 'अकेला' ले गर्नुभएको पाइन्छ ।

वि.सं. २०४६ सालको राष्ट्रिय जनआन्दोलनपछि केही समय सुषुप्त अवस्था रहे पनि पुनः ०५० सालपछि प्रगतिवादी धारामा सशक्त रुपमा कविहरु उभिएको पाइन्छ । जसको नेतृत्व गर्ने कविहरुमा विष्णु सुवेदी, मधुकृष्ण श्रेष्ठ 'माधुर्य', देखिन्छन् । त्यस्तै समसामयिक धाराका कविहरुमा सत्य श्रेष्ठ, अवतार ढकाल, विष्णुहरि नेपाल, पुष्करराज बुढाथोकी लगायतका कविहरुका कविता सङ्ग्रहहरु प्रकाशित भएको पाइन्छ ।

दोलखा जिल्लाबाट प्रकाशित कविता सङ्ग्रहहरु र फुटकर कविताहरुको अध्ययन गर्दा गद्य विधा नै अगाडि आएको देखिन्छ ।

फुटकर कविताहरु लेख्ने प्रयास धेरै कविहरुले गरेको पाइन्छ । समसामयिक विषयवस्तुमा आधारित भई फुटकर कविता लेख्ने कविहरुमा जीत कार्की, बिर्ख क्रान्ति, गीता शिवाकोटी, दिनेश के.सी. 'रवि', शेरबहादुर भुजेल, विश्वास भण्डारी, सुवर्ण सेढाईं लगायतका रहेको पाइन्छ । दोलखा जिल्लाबाट प्रकाशित हुने शैलुङ्गको सूर्य, जनरञ्जन, कालिञ्चोक सन्देश साप्ताहिकमा फुटकर कविताहरु प्रसस्त मात्रामा प्रकाशित भएको पाइन्छ साथै आँकुरा, युवाआवाज, प्रलेसद्वारा प्रकाशित भित्ते पत्रिकामा समसामयिक विषयवस्तुमा आधारित भई गद्य कविताहरु प्रकाशित भएको पाइन्छ । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने दोलखा जिल्लाको कविता विधाको अध्ययन गर्दा निरन्तर रुपमा कविहरु लागिपरेमा नेपाली साहित्यमा थप योगदान पुऱ्याउन सकिन्छ साथै अझै पनि दोलखा जिल्लामा साहित्यको अन्य विधामा खोज, अनुसन्धान गर्नुपर्ने जरुरी देखिन्छ ।

## *संक्षिप्त शब्दावली*

त्रि.वि.वि. = त्रिभुवन विश्वविद्यालय

वि.सं. = विक्रम सम्बत्

ने.रा.प्र.प्र. = नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

स्व. = स्वर्गीय

प्रलेस = प्रगतिशील लेखक सङ्घ

दोसास = दोलखा साहित्य संगम

प्रा. = प्राध्यापक

उप प्रा. = उपप्राध्यापक

कि.मि. = किलोमिटर

डा. = डाक्टर

म.वी.वी. = महेन्द्र वीरविक्रम

मा.वि. = माध्यमिक विद्यालय

का.म.न.पा. = काठमाडौं महानगरपालिका

वडा नं. = वडा नम्बर

## *सन्दर्भ, व्यक्ति सूची*

१) जीत कार्की, भी.न.पा. १०, दोलखा

२) गीता शिवाकोटी, सुनखानी, दोलखा

३) शङ्करलाल श्रेष्ठ, भी.न.पा. ६, दोलखा

४) पुष्करनाथ पोखरेल, मालु, दोलखा

५) विष्णु सुवेदी, भी.न.पा. ३, दोलखा

६) चन्द्रबहादुर खड्का, नाम्दु, दोलखा

७) भोजराज न्यौपाने, भी.न.पा. १०, रामकोट, दोलखा

८) चोकबहादुर दाहाल, भी.न.पा. १०, चरिकोट, दोलखा

९) चिरञ्जीवी मास्के, भी.न.पा. १, दोलखा

१०) अवतार ढकाल, भोजपुर

११) सत्य श्रेष्ठ, भी.न.पा. २, दोलखा

१२) रमेश खड्का, सुनखानी, दोलखा

१३) श्रीबाबु कार्की 'उदास', झुले, दोलखा

१४) अमृतबहादुर खड्का 'एबीसी', च्यामा, दोलखा

१५) लोकनाथ अधिकारी, गोरखा

## *सन्दर्भ सामग्री*


१) कार्की श्रीबाबु - 'च्यापिएको मुस्कान' कविता सङ्ग्रह (२०५७), प्रकाशक - श्रीबाबु कार्की, दोलखा

२) खड्का रमेश - 'सृजना' कविता सङ्ग्रह (२०४७), प्रकाशक - रमेश खड्का, दोलखा

३) चापागाईं राधाकृष्ण - 'मरेको छ जिन्दगी' कविता सङ्ग्रह (२०६१), प्रकाशक - विद्या चापागाईं

४) न्यौपाने भोजराज - 'आकाशमाथिको देवता' कविता सङ्ग्रह (२०५९), प्रकाशक -रेडियण्ट रिडर्स एकेडेमी, ललितपुर

५) नेपाल विष्णुहरि - 'बाह्रवर्षे उमेरैमा' कविता सङ्ग्रह (२०५९), प्रकाशक - विष्णुहरि नेपाल

६) भट्टराई घटराज - 'नेपाली साहित्यको रुपरेखा' कविता सङ्ग्रह (२०५५), प्रकाशक - सृष्टि प्रकाशन

७) भट्टराई श्यामकुमार/खड्का रामकुमार (सम्पादक) - 'कविता मिलन' कविता सङ्ग्रह (२०६१), प्रकाशक - कर्मचारी मिलन केन्द्र, दोलखा

८) भट्टराई श्यामकुमार/चापागाई राधाकृष्ण - 'म बाँचेको छु/मरेको छ जिन्दगी' कविता सङ्ग्रह (२०६१) प्रकाशक - सुभाष भट्टराई, काठमाडौं ।

९) श्रेष्ठ सत्य/ढकाल अवतार - 'सङ्गम' गजल सङ्ग्रह (२०६३), प्रकाशक - अनिता श्रेष्ठ, दोलखा

१०) शिवाकोटी गितालक्ष्मी - 'आँखाले संसार नदेखेपनि' कविता सङ्ग्रह (२०६१), प्रकाशक - जिल्ला प्रहरी भलाई कोष, चरिकोट, दोलखा

११) त्रिपाठी सुधा/खड्का रमेश - 'दोलखा दर्पण' (२०५०), प्रकाशक - दोलखा साहित्य समाज,दोलखा

१२) सुवेदी विष्णु - 'ती फूलहरु खै' कविता सङ्ग्रह (२०४८), प्रकाशक - विष्णु घिमिरे, दोलखा

१३) सुवेदी विष्णु - 'विधवा भाउजूहरुको देश' कविता सङ्ग्रह (२०६२), प्रकाशक - विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौं ।